**बर्दिबास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५**

<u>प्रस्तावना</u>: नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बर्दिबास नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम बर्दिबास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन बर्दिबास नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. <u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बर्दिबास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बर्दिबास नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले ..... नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ.) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बर्दिबास नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने</u>**: (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बर्दिबास नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

**<u>अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन,२०७५</u>**

<u>प्रस्तावना</u> : अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले बर्दिवास नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५" रहेको छ।

१ बर्दिबास नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन, २०७८ (संसोधन सहित)

* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अनाथ तथा जोखिमयुक्त बालबालिका” भन्नाले १८ वर्ष उमेर पूरा नभएका दफा १२ बमोजिमका लाभग्राही बालबालिका सम्झनुपर्छ ।

(ख) “अध्यक्ष” भन्नाले गाउँपालिकाञको अध्यक्ष सम्झनुपर्छ ।

(ग) “अभिलेख” भन्नाले दफा २२ बमोजिम तयार गरिएको अभिलेख सम्झनुपर्छ ।

(घ) “कार्यपालिका” भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) “कोष” भन्नाले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न यसै कार्यविधिद्वारा स्थापना हुने अक्षय कोष सम्झनुपर्छ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख भन्ने सम्झनुपर्छ ।

(ज) "वडा कार्यालय" भन्नाले नगरपालिकाको वडा कार्यलय भन्ने सम्झनुपर्छ ।

(झ) “शाखा” भन्नाले सामाजिक सुरक्षा हेर्ने शाखा सम्झनुपर्छ ।

(ञ) “समिति” भन्नाले कार्यपालिकामा गठित सामाजिक विकास समिति सम्झनुपर्छ।

(ट) “सञ्चालक समिति” भन्नाले दफा ६ बमोजिम गठित कोष व्यवस्थापन तथा सञ्चालक समिति सम्झनुपर्छ ।

(ठ) "स्थानीय तह" भन्नाले नगरपालिका भन्ने सम्झनुपर्छ ।

(ड) “स्थानीय स्तर” भन्नाले बर्दिवास नगरपालिकाको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

(ढ) “स्थानीय बाल अधिकार समिति” भन्नाले प्रचलित कानुन बमोजिम स्थानीय स्तरमा बाल अधिकार सम्वर्द्धनको लागि गठित समिति सम्झनुपर्छ ।

३. <u>उद्देश्य</u> : यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ :-



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(क)अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि नगरपालिकामा सामजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न स्थापना हुने वा भएको कोषलाई नियमन गर्ने।

(ख) सञ्चालनमा रहेका अक्षषय कोषवाट प्राप्त आम्दानी समेतको आधारमा सामाजिक सुरक्षा आवश्यक देखिएका अनाथ तथा जोखिम युक्त बालबालिकाको पहिचान गरी उनीहरुलाई नगद प्रवाह गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद(२

## कोष स्थापना तथा सञ्चालन

४. **अनुमति दिने** : (१) नगरपालिका क्षेत्रमा अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति लिन चाहने व्यक्ति वा संस्थाले कार्यपालिका समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति माग गर्ने व्यक्ति वा संस्थालाई कार्यपालिकाले कार्यक्रम तथा सोमा हुने खर्च रकम नगरको वार्षिक बजेटमा उल्लेख हुने र उक्त रकम दफा ५ बमोजिमको कोष मार्फत खर्च हुनेगरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको सहमति वा अनुमति अथवा नेपाल सरकार वा प्रदेश सरकारको नीति अन्तर्गत सञ्चालित हुने अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन भइरहेको हकमा यो ऐनको व्यवस्था लागू हुने छैन ।

५. **कोष स्थापना** : (१) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संघ संस्था तथा अन्य निकायले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रममा खर्च गर्न वा कोषको मूलधनमा योगदान गर्ने गरी रकम दाखिला गर्नको लागि एक अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कोष स्थापना गर्नेछ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) कोषमा स्थानीय तहले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा प्रदान गर्ने गरिबी न्यूनिकरणका लागि विनियोजन गरिएको रकम पनि दाखिल गर्न सकिनेछ ।

(३) नगरपालिका क्षेत्रमा कोषमा दाखिला रकम बाहेक अन्य स्रोतबाट खर्च गर्नेगरी कुनै संस्थालाई अनुमति वा सहमति दिइने छैन ।

६. <u>कोष सञ्चालन व्यवस्था</u> : (१) कोषको सञ्चालनको लागि देहाय बमोजिमको एक कोष व्यवस्थापन तथा सञ्चालक समिति रहनेछ :

(क) नगरकार्यपालिकाबाट मनोनित कार्यपालिकाको एक जना महिला सदस्य -संयोजक

(ख) स्थानीय स्तरमा कार्यरत बालबालिकाहरुसंग सम्बन्धित गैरसरकारी संस्था वा स्थानीय बालसंरक्षण समितिका अध्यक्षहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(ग) स्थानीयस्तरमा सञ्चालित सार्वजनिक वा सामुदायिक माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(घ) स्थानीय स्तरमा सञ्चालित सहकारी संस्थाहरुका अध्यक्षहरु मध्येवाट सामाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(ङ) स्थानीयस्तरमा कार्यरत स्वास्थ्य सस्थासंग सम्बन्धित कर्मचारी वा महिला स्वास्थ्य स्वयंम सेवकहरु मध्येवाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(च) कोषमा योगदान गर्ने दाताहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(छ) स्थानीय बाल क्लवहरू मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि —सदस्य

(ज) सामाजिक विकास शाखाका एकजना कर्मचारी -सदस्य सचिव

तर सामाजिक विकास समिति गठन भईनसकेको अवस्थामा नगर कार्यपालिकाले सदस्य तोक्नु पर्नेछ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) समितिका सदस्यहरूको कार्यावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा कुनै रकम दाखिला गर्दा भएको सम्झौताले सञ्चालक समितिमा कुनै प्रतिनिधित्व गराउनुपर्ने भएमा सो रकमसँग सम्बन्धित खर्चको निर्णय गर्दा सम्झौता बमोजिमको प्रतिनिधित्व गराउन बाधा पर्नेछैन ।

७. **अक्षय कोष खडा गर्ने** : (१) कोषले जम्मा गर्ने गरी प्राप्त हुने रकम मध्ये अक्षयकोषका लागि प्राप्त हुने सबै र अन्य मध्ये पच्चीस प्रतिशत रकम अक्षय कोषको रूपमा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकमको ब्याज वापत प्राप्त हुने रकम बाहेक अक्षय कोषको रूपमा रहेको रकम कुनै पनि कार्यमा खर्च गर्न पाइने छैन ।

८. **शर्त बमोजिम खर्च गर्ने** : कोषमा रकम दाखिला गर्दा कुनै निर्धारित कार्यक्रम वा कुनै कार्यक्रममा निर्धारित प्रक्रियाबाट खर्च गर्ने सहमति बमोजिम दाखिला भएको रकम खर्च गर्दा सञ्चालक समितिको सहमति बमोजिम खर्च गर्नुपर्नेछ ।

९. **कोषको रकम खर्च गर्न नपाइने** :देहाय बमोजिमको कार्यमा कोषको रकम खर्च गर्न पाइनेछैन :-

(क) तालिम, गोष्ठी, भ्रमण वा सो प्रकृतिको अन्य कार्य,

(ख) मसलन्द, छपाइ, पत्रपत्रिका, विज्ञापन वा सो प्रकृतिको अन्य कार्य ।

१०. **कोषमा रकम दाखिल गर्नसक्ने** : (१) नगरपालिकाले अनाथ तथा जोखिममा रहेका बालबालिकाको संरक्षण, सुरक्षा तथा सबलीकरणमा वार्षिक बजेट मार्फत तोकिएको रकम कोषमा दाखिल गरी कोष मार्फत खर्च गर्नसक्नेछ ।

(२) नगरपालिका क्षेत्रमा कार्यक्रमको लागि खर्च हुने सबै प्रकारका रकम कोषमा दाखिला हुने व्यवस्था कार्यपालिकाले मिलाउनेछ ।

## परिच्छेद-३

## कोषको रकम खर्च गर्ने प्रक्रिया

११. **खर्च ब्यवस्थापन** : कोषको रकम देहाय बमोजिमको कार्यक्रमहरूमा खर्च गर्न सकिनेछ :-

(क) लक्षित समूहलाई दिईने नगद अनुदान,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(ख) लक्षित समूहलाई निश्चित अवधिको सहयोगार्थ दिइने आवधिक अनुदान,

(ग) लक्षित समूहलाई आवश्यकता अनुसार विपद समेतमा सहयोग गर्न दिईने विशेष अनुदान,

(घ) कुनै दाताले कुनै बालबालिका लागि तोकेर दिएको सशर्त अनुदान ।

१२. <u>लाभग्राही समूह</u> : दफा ११ बमोजिमको कार्यक्रम देहाय बमोजिमको लाभग्राही बालबालिकाको लागि सञ्चालन गर्नुपर्नेछ :-

(क) आमा बाबु दुबैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका,

(ख) आमा बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,

(ग) आमा बाबु दुबैको मृत्यु भई आफन्तको (परिवारका अन्य सदस्यको) रेखदेखमा रहेका बालबालिका,

(घ) आमा बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्गता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

(ङ) आमा वा बाबु कुनै एकको मृत्यु, बेपत्ता, दोश्रो विवाह गरी टाढा बसेको, बौद्दिक वा इन्द्रीय सम्बन्धी दिर्घकालीन अशक्तता भएका, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका ।

(च) आफ्नो सम्पत्ति नभएको, स्याहार सुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको बालबालिका ।

१३. <u>नगद अनुदानको दर</u> : लाभग्राहीलाई नगद अनुदान दिँदा प्रति महिना कार्यपालिकाले तोकेको रकममा नघट्ने गरी दिनुपर्नेछ ।

१४. <u>सार्वजनिक सूचना गर्नुपर्ने</u> : (१) प्रत्येक वर्ष अनुसूची-१ बमोजिमको ढाँचामा कार्यतालिका सहित सार्वजनिक सूचना गरी लक्षित बालबालिकाको लागि दिइने अनुदानको प्रक्रिया सुरु गर्नु पर्नेछ ।

(२) सूचना प्रकाशन गर्दा वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था बालबालिकासँग काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका कार्यालयहरुमा सूचना टाँस्नु पर्नेछ ।

१५. <u>आवेदन गर्नुपर्ने</u> : (१) आवेदन आह्वानको लागि सार्वजनिक सुचना प्रकाशित गर्नुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा र आवेदन फारम वितरण गर्दा नगरपालिकामा कार्यक्षेत्र रहेका सङ्घ संस्था, बाल अधिकार समिति, बाल समूहको सहयोग लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गरेको पन्ध्र दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको आवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :-

(क) बालबालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) अभिभावक हुनेहरुले अभिभावकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) बाबु/आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अभिभावक पूर्ण अपाङ्गता भएमा अपाङ्गता कार्डको प्रतिलिपि,

(ङ) बाबुआमा बेपत्ता भएको, मानसिक रोगी भएको सन्दर्भमा प्रमाण खुल्ने कागजात ।

१६. <u>लाभग्राहीलाई दिइने रकमको निर्धारण, लाभग्राहीको संख्या निर्धारण, छनौटको लागि प्राथमिकता र छनौटको प्रक्रिया</u> : (१) लाभग्राहीलाई वितरण गर्ने अनुदान रकम देहाय बमोजिम निर्धारण गर्नुपर्नेछ :-

(क) अघिल्लो वर्षको लेखा विवरणमा खुलेको कोषको रकमवाट प्राप्त व्याज, कुनै दाता वा निकायवाट लक्षित बालबालिकालाई वितरण गर्न भनी दिइएको रकम जोडेर लाभग्राहीलाई वितरण गर्ने जम्मा अनुदान रकमको तय गर्ने,

(ख) खण्ड (क) अनुसार रकम गणना गर्दा यस अघिको वर्षमा सम्झौता भएका लाभग्राहीलाई दिनु पर्ने रकम घटाई वितरण गर्ने रकमको तय गर्ने,

(ग) कुनै दातावाट निर्धारित दर बमोजिम निश्चित अवधिकोलागि अनुदान दिने गरी रकम प्राप्त भएमा त्यस्ता लाभग्राहीको लागि प्राप्त रकम छुट्टै विशेष अनुदान उपशीर्षकमा रकम उल्लेख गर्ने,

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(घ) तर खण्ड (ग) बमोजिम रकम प्राप्त गर्दा दफा १३ बमोजिमको दरमा कम्तीमा एक वर्षभन्दा कम समयको लागि रकम स्वीकार गर्न पाईने छैन । यस दफामा तोकिएभन्दा कम रकम अक्षय कोषमा भने जम्मा गर्न सकिने ।

(२) लाभग्राहीको सङ्ख्या निर्धारण देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) दफा १३ मा तोकिएको दरलाई बाह्र महिनाले गुणन गरेर दफा १६.१ (ख)बाट प्राप्त रकमलाई भाग गरी लाभग्राहीको सङ्ख्या निर्धारण गर्न पर्ने।

(ख) तर दफा १६.१ को लागि लाभग्राहीको लागि दाताबाट अनुदान रकम प्राप्त भएकालाई छुट्टै उपशीर्षकमा राखी लाभग्राहीको सङ्ख्या एकिन गर्ने ।

(३) लाभग्राहीको छनौटको प्राथमिकिता देहाय बमोजिम हुनेछ :-

| | आवेदकको प्रकार | प्राथमिकीकरण | थप प्राथमिकीकरण |
|---|---|---|---|
| १ | आमाबाबु दुवै गुमाई अरुको शरणमा रहेका बालबालिका | पहिलो | एकै प्रकारका आवेदकहरू मध्येबाट छनौट गर्नु परेमा निम्नानुसार बालबालिकालाई प्रथमिकीकरण गर्नु पर्नेछ :- (क) हाल बाल श्रमिकको रूपमा काम गरिरहेका बालबालिका (ख) विद्यालय बाहिर रहेका बालबालिका (ग) आफ्नो सम्पति नभएकाबालबालिका |
| २ | आमाबाबु दुवै गुमाई आफै घरमूली भएका बालबालिका | दोस्रो | |
| ३ | आमाबाबु दुवै गुमाई आफन्तको रेखदेखमा रहेका बालबालिका | तेस्रो | |
| ४ | आमाबाबु दुवै मानसिक रोगी, वेपत्ता, पूर्ण अपाङ्गता भई उचित संरक्षण पाउन नसकेका बालबालिका | चौथो | |
| ५ | आमाबाबुमध्ये कुनै एकको मृत्यु, बेपत्ता, दोस्रो विवाह गरी छुट्टै बसेको, मानसिक रोगी, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका | पाँचौं | |

(४) उपदफा (३) बमोजिमको प्राथमिकीकरण गरी छनौट भएका बालबालिकाहरुको नामावली नगरपालिकाले सार्वजनिक सूचनाद्वारा जानकारी गराउनु पर्नेछ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(५) छनौट सम्बन्धी जानकारी सम्बन्धित बालबालिका, उनीहरुका अभिभावक र अध्ययन गरिरहेको विद्यालयलाई पत्र मार्फत वा अन्य सञ्चार माध्यमद्वारा गरिनेछ ।

१७. **सम्झौता गरी परिचयपत्र दिनु पर्ने** : (१) दफा १६ बमोजिम छनौट भएका बालबालिकाहरुलाई सहयोग प्रदान गर्नु अघि उनीहरुका बाबु आमा वा अभिभावक वा स्वयंम बालबालिकासँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) सम्झौताको समयमा छनौट भएका बालबालिका, उनीहरुको बाबु आमा वा अभिभावकलाई यसबाट पर्ने असर तथा प्रभावका बारेमा जानकारी एवम् परामर्श गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सम्झौता गरिएका आमा बुवा वा अभिभावक वा स्वयंम बालबालिकालाई अनुसूची-४ बमोजिमको ढाँचामा परिचय पत्र दिनु पर्नेछ ।

## परिच्छेद ४

## अनुदान रकमको वितरण, रोक्का तथा उपयोग

१८. **रकम वितरण र उपयोग:** (१) अनुदान रकम चौमासिक रुपमा वितरण गर्नु पर्नेछ ।

(२) अनुदान रकम बालबालिकाको अभिभावकलाई दिनु पर्नेछ । यदि बालबालिका आफैं घरमूली भएको अवस्थामा भने सम्बन्धित बालबालिकालाई नै दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको रकमको वितरण गर्दा सबै सरोकारबालाहरुलाई समेटेर कुनै समारोह भएको अवसर पारेर भत्ता वितरण गर्न सकिनेछ वा नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गर्न बाधा पर्ने छैन ।

(४) अनुदान रकमको उपयोग लाभान्वित वर्गका अभिभावकले बालबालिकाको हितमा (जस्तै शिक्षा, ,स्वास्थ्य, खाना, कपडा, आदि) प्रयोग गर्नुपर्नेछ ।

१९. **लगत कट्टा हुने अवस्थाहरू** : देहायको अवस्थामा लाभग्राहीहरूको नाम नगरपालिकाको अभिलेखबाट कट्टा गरिनेछ :-

(क) निज बसाइँ सरी गएमा,

(ख) निजले अन्य व्यक्ति वा संघ संस्थाबाट यस कार्यक्रमबाट भन्दा बढी सहयोग प्राप्त गरेमा,

(ग) निजले उच्च माध्यमिक तह पूरा गरेमा वा अठार वर्ष पूरा भएमा,

९ बर्दिबास नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन, २०७८ (संसोधन सहित)

* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(घ) निजको बाल विवाह भएमा,

(ङ) निजको मृत्यु भएमा ।

(च) स्वयम नाबालकले आफूले पाउने अनुदान रकम नलिने भनि स्व घोषणा गरेमा ।

## परिच्छेद ५

## अनुगमन, लेखा प्रतिवेदन तथा अभिलेखिकरण

२०. अनुगमन तथा प्रतिवेदन : (१) कार्यक्रमको वार्षिक प्रतिवेदन जेष्ठ महिनामा तयार गरी कार्यपालिकाको सामाजिक विकास हेर्ने समितिमा पेस गर्नु पर्नेछ।

(२) प्रतिवेदनको ढाँचा समितिले तोकिदिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम कार्यान्वयन हुने कार्यक्रमको अनुगमन समितिले गर्नेछ ।

(४) अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि यस ऐन बमोजिमको कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्न सामाजिक शाखा वा कुनै समितिको सदस्यको संयोजकत्वमा अनुगमन टोली बनाई प्रतिवेदन तयार गराउन बाधा पर्नेछैन ।

(५) समितिले स्थलगत अध्ययन गरी उद्देश्य अनुरुप काम भए नभएको हेरी नभएको पाएमा अनुदान रकम रोक्का गर्न निर्देशन दिन सक्नेछ ।

(६) अनुगमन गर्दा सञ्चालक समितिले गरेका काम कार्वाही समेत हेरी प्रक्रिया पूरा भए नभए प्रतिवेदन तयार गरी सञ्चालक समितिलाई सुधारको लागि निर्देशन दिन सक्नेछ ।

२१. लेखा सम्बन्धी व्यवस्था : (१) अक्षय कोषको रकम नेपाल राष्ट्र बैंकबाट “क, ख, वा ग” श्रेणीको इजाजत प्राप्त मध्ये अधिकतम व्याजदर तथा अन्य सुविधा उपलब्ध गराउने बैंकमा मुद्दती खाता खोली रकम जम्मा गरिनेछ ।

(२) कोषबाट प्राप्त व्याज तथा कोषमा नजाने तर लाभग्राहीलाई अनुदानको लागिदिइने भनी प्राप्त रकम सङ्कलनका लागि सोही बैंकमा छुट्टै चल्ती र बचत खाता खोलिनेछ ।

(३) दुवै खाताको खाता सञ्चालन सञ्चालक समितिको सयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

२२. **लाभग्राहीहरुको मूल अभिलेख** : लाभग्राहीहरूको मूल अभिलेख अनुसूची -५ बमोजिमको ढाँचामा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

२३. **गुनासो दर्ता गर्न सक्ने** : (१) अनुदानको लागि छनौट भएका बालबालिकाले रकमको वितरण वा अन्य प्रकृया उपर चित्त नबुझेमा निर्णय भएको मितिले पैंतीस दिनभित्र कार्यपालिकाको सामाजिक सुरक्षा हेर्ने शाखामा गुनासो दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा समामाजिक विकास शाखाले सो उपर आवश्यक जाँचबुझ गरी निर्णयको लागि समितिको बैठकमा पेस गर्नु पर्दछ ।

२४. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने** : कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसूची - १

### (दफा १४ को उपदफा (१) सगँ सम्बन्धित)

**अनुदान बितरण तालिकाको ढाँचा**

| चरण | महिना | गर्न पर्ने कार्य | कैफियत |
|---|---|---|---|
| प्रक्रिया सुरु | असोज | रकम, संख्या र अन्तिम नतिजा जानकारी गराउने मिति तय | |
| सूचना प्रकाशन | कार्तिक | सबै वडाकार्यालय तथा विद्यालयमा समेत | सबैजनाले थाहा पाउने गरी सूचना प्रवाह हुनुपर्ने । |
| आवेदन सङ्कलन | मङ्सिर मसान्त सम्म | सबैलाई सहज हुने गरी सङ्कलन गर्ने । | बडा कार्यालयसँग समन्वय गरी वडा स्तरवाट सङ्कलन गर्ने व्यवस्था गर्नुपर्ने । यसका लागि स्थानीय स्तरमा गठित बाल सरक्षण समितिको सहयोग लिन सकिनेछ । |
| छनौट | पुस मसान्त | आवेदनको मूल्याङ्कन तथा छनौट | |
| गुनासो सुनुवाई | फाल्गुन पहिलो हप्ता | सूची प्रकाशन गरी ७ दिन सम्ममा कसैको केही गुनासो भए राख्न अनुरोध गर्दै सूचना प्रकाशन | |
| सम्झौता | फागुन महिना भित्र | सम्झौतामा कहिले सम्म कसरी कुन महिना दिइने आदि खुलाउनुपर्ने । | |
| कार्यान्वयन | सम्झौता अवधिसम्म | | |



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

अनुसूची -२

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

**अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम आवेदन फारमको ढाँचा**

१. बालबालिकाको विवरणः

नाम थर.......................................लिङ्ग ...........उमेर ......

गाउँपालिका//नगरपालिका..........................................वडा नं.....

जिल्ला ...........   प्रदेश ..............................

विद्यालय .......................................................कक्षा ...........

स्वास्थ्य अवस्था ............................................................................................

जन्म दर्ता  भएको/नभएको :

२. बुवाको विवरण

(१) बुवाको नाम, थर ............................................................

(२) बुवा नभएको भए सोको कारण : (क) मृत्यु भएको   (ख) बेपत्ता  (ग) अर्को विवाह गरी गएको  (घ) अन्य .............

(३) बुवाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी   (ख) पुर्ण अपाङ्ग (ग) अन्य अवस्था ............................

३. आमाको विवरण

(१) आमाको नाम, थर ..................................................

(२) आमा नभएको भए सोको कारण : (क) मृत्यु भएको   (ख) बेपत्ता  (ग) अर्को विवाह गरी गएको  (घ) अन्य .............

(३) आमाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी   (ख) पूर्ण अपाङ्ग (ग) अन्य अवस्था ............................

४. आमा वा बुवा वा अभिभावक अपाङ्ग भएमा अपाङ्गताको परिचय पत्र भएको/नभएको

- ✓ अपाङ्गताको प्रकारः  क  ख  ग  घ

५. अभिभावक/संरक्षकको विवरणः

- ✓ अभिभावक/संरक्षकको नाम, थर ............................................
- ✓ पूरा ठेगाना ..................................................
- ✓ अभिभावक//संरक्षकको नागरिकता प्रमाण पत्र नम्बर  ........................



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

६. पारिवारिक विवरणः

| क्र.सं. | परिवारको सदस्यको नाम | नाता | उमेर | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

बर्दिबास नगरपालिका

## अनुसूची -३
(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

## नगरपालिका र सम्बन्धित अभिभावक वा बालबालिका बीच हुने सम्झौताको ढाँचा



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

स्थानीय सामाजिक सुरक्षा प्राप्त गर्ने बालबालिकाको अभिभावक वा बालबालका स्वयं श्री..........,पहिलो पक्ष र कोष व्यवस्थापन समिति, दोस्रो पक्ष बीचमा श्री...........को हितार्थ उपयोग गर्ने गरी मासिक रु. ........... का दरले ......... सम्म तपसिल तथा अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन ऐन, २०७५ मा उल्लिखित शर्त बन्देज पालना गरेसम्म अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा सम्झौता गर्न दुवै पक्ष सहमत भई यस सम्झौतामा हस्ताक्षर गरी एक एक प्रति लियौ दियौ ।

<u>तपसिल</u>

(क) सम्बन्धित अभिभावकले पालना गर्नुपर्ने शर्त

१. बालबालिकालाई निरन्तर विद्यालय पठाउने ।
२. प्राप्त सहयोगको रकम बालबालिकाको हितको लागि खर्च गर्ने ।
३. बिरामी भएर वा अन्य कारणबाट बालबालिका विद्यालय जान नसकेमा सम्बन्धित विद्यालय र नगरपालिकालाई लिखित जानकारी दिने ।
४. बालबालिकालाई जोखिमपूर्ण काममा नलगाउने ।
५. अनुगमन समितिलाई सहयोग गर्ने र दिएका सुझाव कार्यान्वयन गर्ने ।
६. बालबालिकाको स्थितिमा कुनै परिवर्तन आए त्यसको जानकारी समितिलाई दिने ।
७. छोरा र छोरीमा भेदभाव नगर्ने ।

(ख) सम्बन्धित समितिले पालना गर्नुपर्ने शर्तहरु

१. यस सम्झौतामा उल्लेखित रकम सम्झौता अवधि भरि वा शर्तको पालना भएसम्म चौमासिक उपलब्ध गराउने,
२. यस कार्यविधि भित्र रही समितिले दिएको सुझाव कार्यान्वयन गर्ने,
३. अनुगमनको क्रममा निर्देशिका अनुसार प्रदान गरी आएको सहयोग रकम रोक्का वा स्थगन गर्नुपर्ने कुनै पनि आधार भेटिएमा सुनुवाईको उचित मौका
अभिभावक र विद्यालयलाई सूचना दिने,
४. सम्बन्धित अभिभावक र बालबालिकासँग निरन्तर सम्पर्क

सञ्चालक समितिको तर्फबाट

नाम थरः................

दस्तखतः

पदः

संस्थाको छाप :

अभिभावक/बालबालिका स्वयंमका तर्फबाटः

बालबालिकाको नामः

ठेगाना

विद्यालयको नाम

कक्षा

औठा छाप

रण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन, २
ण ऐन, २०७८ को पहिलो संसोधन २०७९

इति सम्वत्..........साल.............महिना........गते.......रोज शुभम् ।

बर्दिबास नगरपालिका

अनुसूची -४

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

**अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि दिइने सामाजिक सुरक्षा कार्यक्रम परिचय पत्रको ढाँचा**

बर्दिवास नगरपालिकाको कार्यालय

महोत्तरी जिल्ला, प्रदेश नं. २

परिचय पत्र नं. : ................................

नाम थर : ............................लिङ्ग : ...........उमेर : ......

ठेगानाः नगरपालिका : ...................................., वडा नं : ............

जिल्ला : .......................... प्रदेश : ........................

विद्यालय : ...................................................... अध्ययन गरिरहेको कक्षा : ...........

अभिभावकको नाम थरः ...........................................

ना. प्र.प. नम्बर : .................

अभिभावकको ठेगाना : नगरपालिकाः ....................वडा नं : ...............

जिल्ला : ........................ प्रदेश : ....................

बैङ्कमा खाता खोलेको भए:

बैङ्कको नाम र खाताको किसिम : ....................

बैङ्क खाताको नम्बर : ....................

रकम पाएको विवरण :

| | |
|---|---|
| बुझिलिनेको:<br>नाम, थर : ..............................<br>दस्तखत : ................................<br>मिति : .............................<br>कूल रकम : .......................... | बुझाउनेको,-<br>नाम, थर : .............................. दस्तखत : ................................<br>मिति : ...................................<br>पद : ..................................... |

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसूची-५

(दफा २२ सँग सम्बन्धित)

**अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम**

**लाभग्राहीहरुको अभिलेख**

बर्दिवास नगरपालिकाको कार्यालय

महोत्तरी  जिल्ला, प्रदेश २

| लाभग्राही नम्वर | लाभग्राहीको नाम थर | अध्ययन गर्ने भए विद्यालय | | अभिभावक/ संरक्षकको नाम थर | अभिभावक/संरक्षको नागरिकता नम्बर | ठेगाना |
|---|---|---|---|---|---|---|
| | | नाम | कक्षा | | | |
| | | | | | | |
| | | | | | | |

# ऐलानी जग्गाको विवरण सङ्कलन  तथा अभिलेखीकरण र व्यवस्थापन सम्बन्धी ऐन, २०८०

नगरसभावाट स्वीकृत मिति : २०८०।०३।१०

प्रस्तावना : बर्दिबास नगरपालिकाका विभिन्न वडाहरुमा सर्भे नापी छुट भई जग्गाधनी प्रमाणपुर्जा नभएका र सामुदायिक वनले रेखांङ्कन गरेको वनको सिमाना भन्दा बाहिर रहेको जग्गामा परापुर्वकालदेखि बसोबास गरेका तथा त्यस्ता जग्गाको हकभोग गरिरहेका घरपरिवार वा व्यक्तिहरु र निजले हकभोग गरिरहेको जग्गा तथा सार्वजनिक जग्गाहरुको विवरण सङ्कलन  गरी त्यसको अभिलेखीकरण गर्न तथा सार्वजनिक जग्गाहरुको संरक्षण गर्न बाञ्छनीय भएकोले बर्दिबास नगर पालिकाको मिति २०८० असार १० गतेको नगरसभाले नेपालको संविधान,२०७४ को धारा २२६, अनुसूची ८ को १३ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को अधिनमा रही यो ऐलानी जग्गाको विवरण सङ्कलन तथा अभिलेखीकरण र व्यवस्थापन सम्बन्धी ऐन, २०८० स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १

## परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम तथा प्रारम्भः**

यो ऐनको नाम " ऐलानी जग्गाको सङ्कलन  तथा अभिलेखीकरण र व्यवस्थापन सम्बन्धी ऐन, २०८०" रहेको छ र यो ऐन नगरसभाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

ख) “नगरपालिका” भन्नाले बर्दिबास नगरपालिकालाई जनाउँछ ।

ग) “सभा” भन्नाले बर्दिबास नगरपालिकाको नगरसभालाई जनाउँछ ।

घ) “कार्यपालिका” भन्नाले बर्दिबास नगरपालिकाको नगरकार्यपालिकालाई जनाउँछ ।

ङ) “ऐलानी जग्गा” जग्गाधनी प्रमाणपुर्जा नभई सर्भे नापी छुट भएको र सामुदायिक वनले रेखाङ्कन गरेको वनको सिमाना भन्दा बाहिर रहेको जग्गालाई जनाउँदछ र यस शब्दले त्यस्तो जग्गामा परापुर्वकालदेखि कुनै व्यक्ति वा घरपरिवारले बसोबास गरेको तथा हकभोग गरिरहेको जग्गालाई समेत जनाउँदछ ।

च) “प्रमुख” भन्नाले नगरकार्यपालिकाको प्रमुखलाई जनाउँछ ।

छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

ज) कार्यपालिका सदस्य भन्नाले नगर कार्यपालिका वैठकका सदस्यहरुलाई जनाउँछ ।

झ) “निजी क्षेत्र” भन्नाले स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यावसायिक व्यक्ति वा संगठित समूहलाई जनाउँछ ।

ञ) “सरोकारवाला” भन्नाले नगर कार्यपालिकाको निर्णयले प्रत्यक्ष रुपमा प्रभाव पार्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

ट) “कार्यालय” भन्नाले बर्दिबास नगरकार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

ठ) “निर्देशक समिति” भन्नाले ऐलानी जग्गाहरुको लगत सङ्कलन  र अभिलेखीकरणको कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र सोको सन्दर्भमा देखिएका समस्याहरु समाधान गर्नको लागि यस ऐनको दफा (८) बमोजिम गठित समितिलाई जनाउँछ ।

ड) “विवरण सङ्कलन  टोली” भन्नाले ऐलानी जग्गाहरुको लगत सङ्कलन  गर्नको लागि यस कार्यविधिको दफा (३) बमोजिम गठित टोलीलाई जनाउँछ ।

## परिच्छेद - २

## ऐलानी र सार्वजनिक जग्गाहरुको लगत सङ्कलन  र अभिलेखीकरण

**३. ऐलानी र सार्वजनिक जग्गाहरुको लगत सङ्कलन  :**

(१) नगरकार्यपालिकाको कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको सबै ऐलानी जग्गा तथा उक्त जग्गा हाल उपभोग गरी रहेका व्यक्ति/संस्थाहरुको लगत अनुसूची - १ बमोजिम ढाँचामा सङ्कलन  गरी सोको अभिलेख राख्नेछ ।

(२) उपदफा १ बमोजिमको लगत सङ्कलन को लागि देहाय बमोजिमको विवरण सङ्कलन  टोली खटाउने छ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

क) नगरप्रमुखले तोकेको कार्यपालिका सदस्य - संयोजक

ख) वडा अध्यक्ष वा निजले तोकेको सम्बन्धित वडाको १ जना वडा सदस्य - सदस्य

ग) कार्यालयले तोकेको अमिन (प्राविधिक)- १ जना

घ) सामुदायिक वन वा वन कार्यालयले तोकेको सामुदायिक वन समूह वा कार्यालयको प्रतिनिधि-१ जना ङ) सम्बन्धित नापी तथा मालपोत कार्यालयको प्रतिनिधि-२ जना (उपलब्ध भए सम्म २ नत्र १ जना)

च) तथ्याङ्क तथा राजश्व सङ्कलक-१ जना

छ) सम्बन्धित वडा सचिव- सदस्य सचिव उक्त विवरण सङ्कलन टोलीमा कार्यालयले आवश्यकताअनुसार सहयोगीका रुपमा नगर प्रहरी र कार्यालय सहयोगी पनि खटाउनेछ ।

(३) उपदफा २ बमोजिमको विवरण सङ्कलन टोलीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :- (क) नगरकार्यापालिकाको कार्यालयले खटाएको स्थानमा गई तोकिए बमोजिम ऐलानी जग्गाको लगत सङ्कलन गर्ने ।

(ख) सर्भे नापी छुट भई जग्गाधनी प्रमाणपुर्जा नभएका र सामुदायिक वनले रेखाङ्कन गरेको वनको सिमाना भन्दा बाहिर रहेको जग्गामा परापुर्वकालदेखि कुनै व्यक्ति वा घरपरिवारले बसोबास र भोगचलन गरेको भए मात्र त्यस्तो जग्गाको लगत सङ्कलन गर्ने ।

(ग) ऐलानी जग्गाको लगत सङ्कलन गर्दा जग्गाको चार किल्ला (चौहद्धी), क्षेत्रफल र किसिम समेत स्पष्ट खुल्ने गरी लगत सङ्कलन गर्ने ।

(घ) लगत सङ्कलन को समयमा स्थानीय सर्जमिन मुचुल्का तयार गरी मुचुल्काको आधारमा लगत तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(ङ) कुनै व्यक्ति वा संस्थाबाट उपयोग नभई रहेको ऐलानी जग्गा रहेको भए सो को पनि छुट्टै लगत तयार गरी कार्यापालिकामा पेश गर्ने ।

(च) ऐलानी जग्गा उपभोग गरिहेका व्यक्तिहरु मध्ये भुमिहिनहरु पनि भएमा अनुसूची ४ बमोजिम त्यस्ता भुमिहीनहरुको पनि विवरण सङ्कलन गर्ने ।

(छ) त्यस्ता क्षेत्रमा सार्वजनिक जग्गा भएमा सो को पनि छुट्टै विवरण तयार गराउनु पर्नेछ ।

(ज) ऐलानी जग्गाको विवरण सङ्कलन र अभिलेखीकरण सम्बन्धी तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(४) नागरकार्यपालिकाको कार्यालयले उपदफा १ बमोजिमको लगत सङ्कलनको लागि उपदफा २ बमोजिमको एक भन्दा बढी टोली समेत खटाउन सक्नेछ । यसरी खटाउदा कार्यपालिकाबाट वडा छनौटको निर्णय गरी खटाउनुपर्नेछ ।

(५) उपदफा २ बमोजिमको विवरण सङ्कलन टोलीका पदाधिकारीहरुको सेवा सुविधा अनुसूची- २ मा तोके बमोजिम हुनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(६) उपदफा २ बमोजिमको विवरण सङ्कलन  टोलीमा खटिने अमिन (प्राविधिक), तथ्याङ्क तथा राजस्व सङ्कलक र सहयोगी कर्मचारी नगरकार्यपालिकाको कार्यालयका कर्मचारीवाट खटाउन नसक्ने भएमा कार्यालयले नियमानुसार सेवा करारमा लिई खटाउन सक्नेछ । यस्तो सेवा करार तोकिएको समय सिमा पुगेपछि वा कार्य सम्पन्न भएपछि स्वतः समाप्त हुनेछ ।

(७) कुनै व्यक्ति वा घरपरिवारले ऐलानी जग्गाको लगत सङ्कलन का क्रममा विवरण सङ्कलन  टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेको कुरा खोली ३५ दिन भित्र ऐनको दफा ८ बमोजिम गठित निर्देशक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

**४. ऐलानी र सार्वजनिक जग्गाहरुको लगत सङ्कलन  प्रक्रिया :**

(१) दफा ३ बमोजिम ऐलानी जग्गा र सार्वजनिक जग्गाहरुको विवरण सङ्कलन को लागि ऐलानी जग्गाको विवरण सङ्कलन  टोली सम्बन्धित स्थलमा नै खटिई स्थलगत रुपमा नै उक्त विवरण सङ्कलन गर्नेछ ।

(२) उपदफा १ बमोजिमको विवरण सङ्कलन  गर्दा ऐलानी र सार्वजनिक जग्गाहरुको चारकिल्ला समेत खोली विवरण सङ्कलन  गर्नुपर्छ ।

(३) उपदफा २ बमोजिम ऐलानी जग्गा र सार्वजनिक जग्गाहरुको विवरण सङ्कलन  गर्दा अनिवार्यरुपमा स्थलगत सर्जमिन मुचुल्का तयार गर्नुपर्नेछ ।

**५. विवरण सङ्कलन  र अभिलेखीकरण गर्दा ऐलानी जग्गा हकभोग गर्नेसँग लिईने दस्तुरः**

(१) दफा ३ बमोजिम विवरण लिई जग्गाको विवरण सङ्कलन  र अभिलेखीकरण वापत नगरपालिकाको कार्यालयको आर्थिक ऐन बमोजिमको दस्तुर लिनेछ । उक्त दस्तुर विवरण सङ्कलन  टोलीसँग खटिने तथ्याङ्क तथा राजश्व सङ्कलनले सम्बन्धित फिल्डमा नै गई नगदी रसिदको एक प्रति दस्तुर तिर्ने व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ। तोकिएको दस्तुर नतिरेमा उक्त घरजग्गा अभिलेखीकरण गरिनेछैन । अभिलेखीकरण भएका जग्गाको भोगाधिकार वापत आर्थिक ऐनमा उल्लेख भए बमोजिम बार्षिक रुपमा दस्तुर लिईने छ ।

**६. दस्तुर नलाग्ने :**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको संघ संस्थाहरुले उपयोग गरेको ऐलानी जग्गाको विवरण सङ्कलन  गर्दा कुनै पनि दस्तुर लाग्ने छैन :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाको भवन र जग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा,

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, समानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

**७. ऐलानी जग्गा हकभोगको प्रमाण तथा सर्जमिन मुचुल्का सम्बन्धी व्यवस्था :**

(१) ऐलानी जग्गाको लगत सङ्कलन  गर्दा उक्त जग्गाको सर्भे नापी छुट भई जग्गाधनी प्रमाणपुर्जा नभएको र सामुदायिक वनले रेखाङ्कन गरेको वनको सिमाना भन्दा बाहिरको जग्गामा परापुर्वकालदेखि कुनै व्यक्ति वा घरपरिवारले बसोबास गरेको तथा हकभोग गरिरहेको कुनै प्रमाण भए सो पेश गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम ऐलानी जग्गाको लगत सङ्कलन  गर्दा स्थानीयबासीहरुको रोहबरमा चार किल्लाका संधियारहरुको उपस्थितिमा अनुसूची -३ बमोजिमको स्थलगत सर्जमिन मुचुल्का तयार गर्नु पर्दछ ।

## परिच्छेद - ३

## निर्देशक समिति र उजुरी सम्बन्धी व्यवस्था

**८. निर्देशक समिति :**

(१) ऐलानी जग्गाहरुको लगत सङ्कलन  र अभिलेखीकरणको कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र सोको सन्दर्भमा देखिएका समस्याहरु सामधान गर्ने कार्यको लागि तपसिल बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| उपप्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| वडा अध्यक्ष (सम्बन्धित वडा) | - सदस्य |
| प्रमुख,प्रशासन योजना तथा अनुगमन शाखा | - सदस्य |
| प्रमुख वा प्रतिनिधि नापी तथा मालपोत कार्यालय | - सदस्य |
| कानुन अधिकृत | - सदस्य |

समितिले आवश्यकता महसुस गरेमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रित सदस्यका रुपमा वैठकमा सहभागी गराउन सक्नेछ ।

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

(क) विवरण सङ्कलन  टोलीले गरेको काम कारबाहीका सम्बन्धमा परेको उजुरीको सम्बन्धमा जाँचबुझ गरी निर्णय गर्ने ।

(ख) ऐलानी जग्गाको विवरण सङ्कलन  तथा अभिलेखीकरण र व्यवस्थापनका सम्बन्धमा अन्य नीतिगत निर्णयहरु गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

(ग) विवरण सङ्कलन टोलीले गरेका काम कारवाहीको आवश्यकता अनुसार अनुगमन गर्ने छ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(घ) ऐलानी तथा सार्वजनिक जग्गाको विवरण सङ्कलन का क्रममा देखिएका समस्याहरुको समाधान गर्ने (ङ) ऐलानी तथा सार्वजनिक जग्गाको विवरण सङ्कलन , अभिलेखीकरण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्यहरुका सम्बन्धमा निर्णय गर्ने ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका संयोजक र सदस्यले बैठक बस्दा प्रतिव्यक्ति प्रतिबैठक बैठकभत्ता रु.१,०००।- पाउनेछ ।

## परिच्छेद - ४

## विविध

**९. परामर्शदाता नियुक्त गर्नसक्ने :** ऐलानी जग्गाको विवरण सङ्कलन , अभिलेखीकरण र व्यवस्थापन गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा नगरपालिकाले समय, लागत र कार्य क्षेत्र तोकी छोटो अवधिका लागि परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्नेछ ।

**१०. कर्मचारीलाई अतिरिक्त समय कार्य गराए बापत सुविधा दिनसक्ने :**

(१) ऐलानी जग्गाको विवरण सङ्कलन , अभिलेखीकरण र व्यवस्थापन गर्ने कामलाई थप छिटो छरितो बनाउन र व्यवस्थित गर्न कार्यालयवाट थप खटिएको कुनै कर्मचारीले उक्त कार्य कार्यालय समयभित्र गर्न नसकेमा मौजुदा कर्मचारीलाई अतिरिक्त समय कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम काम गरेबापत कर्मचारीहरुलाई नगरपालिकाले तोकेको दरले थप सुविधा दिन वा तलवमा थप अतिरिक्त भत्ता दिन सकिनेछ ।

**११. कागजातको गोप्यता :** (१) ऐलानी जग्गाको विवरण सङ्कलनको लागि विभिन्न व्यक्तिहरुबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ ।

(२) उपदफा १ बमोजिमको कागजात तथा अभिलेख नगरपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन तर, कुनै सरकारी निकायबाट सो सम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

**१२. अभिलेखको रुपमा रहने :** टोलीबाट सङ्कलन  गरिएको विवरण कार्यपालिकाबाट छलफल सहित अभिलेखीकरण गर्ने निर्णय भएपछि अभिलेख दस्तावेजको रुपमा रहनेछ ।

**१३. खाता तथा फाराम :** ऐलानी जग्गाको विवरण सङ्कलन  तथा अभिलेखीकरण र व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले आवश्यक खाता तथा फारामको विकास गरी लागू गर्न सक्नेछ ।

**१४. स्वामित्व हस्तान्तरण हुने गरी विक्री गर्न नपाइने :** अभिलेखीकरण भएको ऐलानी जग्गा थप निर्णय भएको अवस्थामा बाहेक स्वामित्व हस्तान्तरण हुने गरी विक्री वितरण गर्न पाइने छैन । तर नगरपालिकाको अग्रीम स्विकृतीको लागि निवेदन दिएको अवस्थामा नगरपालिकाले आवश्यक देखेमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई स्वामित्व हस्तान्तरणको लागि अनुमति दिएको अवस्थामा भोगाधिकार हस्तान्तरण गर्न बाधा पर्ने छैन् ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**१५. अधिकार प्रत्यायोजन** : यो ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६. वजेट व्यवस्था** : यस कामको लागी आवश्यक पर्ने वजेट नगर कार्यपालिकाले उपलब्ध गराउनेछ । **१७. कार्यविधीको व्याख्या** : यो ऐनको अन्तिम व्याख्या कार्यपालिकाले गर्ने छ ।

**१८. ऐन संशोधन** : यो ऐनका प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

**१९. नेपाल सरकार वा प्रदेश सरकारको निर्णय वमोजिम हुने** : यसरी अभिलेखीकरण भएको विवरण सम्बन्धमा नेपाल सरकार वा प्रदेश सरकारवाट कुनै निर्णय भएका सोही अनुसार हुनेछ ।

**२०. यसै ऐन अन्तर्गत भएको मानिने**: यो ऐन लागू हुनु पूर्व बर्दिबास नगरपालिकाले राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरी गरेको जग्गाको नाप नक्सा तथा लगत सङ्कलन  यसै ऐन अन्तर्गत भएको मानिने छ । नगरपालिकाले आवश्यक देखेमा त्यस्तो जग्गामा समेत पुनः नाप नक्सा तथा लगत सङ्कलन  गरी अभिलेख गर्न सक्नेछ ।

**२१. बाधा अड्चन फुकाउ** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस ऐनमा व्यवस्था भएको वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसूची - १

## ऐनको दफा ३ को उपदफा १ सँग सम्बन्धित

## बर्दिबास नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## महोत्तरी

**ऐलानी जग्गा र सो जग्गामा बनेको घरहरुको विवरण सङ्कलन फाराम**

क) जग्गा भोगचलन गर्ने व्यक्तिको नामः-

ख) जग्गा भोगचलन गर्ने व्यक्तिको नेपाली नागरिकता नं. ,

जारी मिति र जिल्लाः-

ग) जग्गा भोगचलन गर्ने व्यक्तिको बाबु वा पतिको नाम थरः-

घ) जग्गा भोगचलन गर्ने व्यक्तिको बाजे वा ससुराको नमथर :

ङ) जग्गामा घर भए/नभएकोः-

च) जग्गामा घर भएको भए घरको विवरणः-

छ) मितिः-

| सि.नं. | जग्गाको संकेत नम्बर | वडा नं. | गाँउ वा टोल | जग्गाको किसिमः सिंचित/ असिंचित | जग्गाको क्षेत्रफल | चार किल्ला ( चौहद्धी) | | | | सहीछाप | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | |
| | | | | | | | | | | | |

तयार गर्ने ………………………

चेक गर्ने …………………………

प्रमाणित गर्ने ……………………

संधियारहरुको हस्ताक्षर :- क)……………………………… ख)………………………………

ग)…………………………………… घ)……………………………………



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसूची -२

## ऐनको दफा ३ को उपदफा ५ सँग सम्बन्धित

१) ऐलानी जग्गाको विवरण सङ्कलन टोलीमा खटिने पदाधिकारीहरुले देहाय बमोजिमको सुविधा पाउनेछन्:

क) संयोजक तथा वुदा नं. ख, ङ र च का सदस्यले प्रति व्यक्ति दैनिक पाँच सय रुपैया ।

ख) अमिनले नगरपालिकासँग गरेको करार सम्झौता बमोजिम । स्थायी कर्मचारी भए दैनिक रु. ५००।- रुपैया ।

ग) सामुदायिक वन तथा वन कार्यालयको प्रतिनिधिले काम गरेको दिनको दैनिक ५००।- रुपैया ।

घ) तथ्याङ्क तथा राजश्व सङ्कलन ले नगरपालिकासँग गरेको करार सम्झौता बमोजिम । स्थायी कर्मचारी भए दैनिक रु. ५००।- रुपैया ।

ङ) सहयोगीको हकमा दैनिक पाँच सय रुपैया ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसूची -३

### ऐनको दफा ७ उपदफा २ सँग सम्बन्धित

लिखित जिल्ला महोत्तरी बर्दिबास नगरपालिका................नं. वडा..........................टोलमा पुर्वमा ................................................. , पश्चिममा ........................................................... उत्तरमा ......................................... र दक्षिणमा ........................................................ ले हकभोग गरीरहेको जग्गाको चारकिल्ला भित्र पर्ने सर्भे नापी छुट भई जग्गाधनी प्रमाणपुर्जा नभएको र वनको रेखाङ्कनभन्दा बाहिर परेको ............. विगाहा .........कठठा ...........धुर (............ वर्ग मिटर) ऐलानी जग्गा .............जिल्ला.............................नगरपालिका स्थायी ठेगाना भएका ................ नाति/नातिनी/बुहारी ..................................छोरा/छोरी/पत्नी .................................... ले विगत ........ वर्षदेखि चर्चि हकभोग गरी आएको व्यहोरा साँचो हो भनी हामी तपसिलमा उल्लेखित स्थानीय व्यक्ति एवं साँधसंधियारहरुले उल्लेखित व्यहोरा पछि सम्म फरक नपर्ने गरी साँछी किनारामा सही छाप गरी बर्दिबास नगरपालिकाबाट खटि आएको ऐलानी जग्गा विवरण सङ्कलन टोली मार्फत बर्दिबास नगरपालिकामा बुझाएका छौं । व्यहोरा साँचो हो झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**तपशील :-**

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... ।

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... ।

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... ।

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... ।

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... ।

**संधियारहरु :-**

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... । (पूर्व)

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... । (पश्चिम)

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... । (उत्तर)

बर्दिबास न.पा. वडा नं.................बस्ने ...................... को छोरा/छोरी/पत्नी वर्ष..... को श्री ........................................................... । (दक्षिण)

**विवरण सङ्कलन टोलीको सदस्यहरु**



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

१)

२)

३)

४)

५)

<u>ऐलानी जग्गा हकभोग गर्ने व्यक्तिहरु</u>

१)

२)

३)

४)

इति सम्बत................ साल .........महिना ............... गते ............रोज शुभम ।

**संलग्न कागजातहरुः-**

१) शुल्क तिरेको रसिद ।

२) जग्गा हकभोग गर्ने व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलीपि

३) पासपोर्ट साईजको फोटो २ प्रति ।

४) अन्य ।

मुचुल्का प्रमाणित गर्ने सम्बन्धित वडको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको हस्ताक्षरः-

वडा कार्यालयको छापः

बर्दिबास नगरपालिका

अनुसूची -४

ऐनको दफा ३ को उपदफा ३ (चं) सँग सम्बन्धित

**भूमिहीनहरुको लगत सङ्कलन फारम**

| सि.नं. | भुमिहीनको नाम/थर | बसोवास गर्दै आएको स्थानको प्रकृति | परिवार सदस्य | रोजगारीको अवस्था | अन्यत्र जग्गा जमिन भए/नभएको | बैंक खाता | अस्थायी घर नं. | नागरिकता लिएको जिल्ला र नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |

(पेश गर्ने) (चेक गर्ने) (प्रमाणित गर्ने)

अमिन वडा सचिव टोली संयोजक

सम्वत् २०८० साल असार १० गते बसेको नगरसभा बैठकले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २० र २१ बमोजिम यो विधेयक पारित गरेकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

...............................

प्रल्हाद कुमार क्षेत्री

नगर सभा अध्यक्ष

मितिः २०८० ।०३ ।२०

**बर्दिबास नगरपालिकाको**

**खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९**



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

**प्रस्तावना:** स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ (४) मा भएको व्यवस्था र धारा २२६ बमोजिम बर्दिबास

नगरपालिकाको ११ औं नगर सभाले यो ऐनको तर्जुमा गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **बर्दिबास** नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता"भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ ।

(च) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) “गुणस्तरीय खानेपानी” भन्नाले स्वास्थ्यमा हानी नपुऱ्याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ ।

(ट) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) “ढल निकास ”भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट सङ्कलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ड) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ढ) “पानीको स्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ण) “फोहोर पानी” भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात् निष्काशन हुने मानव मलमूत्रसहित वा रहितको फोहोर पानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(त) “सरसफाइ सेवा” भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, ठोस फोहोर व्यवस्थापन, घरयासी तथा संस्थागत शौचालय निर्माण, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(थ) “संगठित संस्था” भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(द) “सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(ध) “सेवा प्रदायक” भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वछता सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

(न) “सेवा क्षेत्र” भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी व्यवस्था

३. <u>खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार</u>:(१) यस नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानुन बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत नगरपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

४. **खानेपानीको स्रोतमा अधिकारः** (१) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकतामा दिईनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र अन्य जलस्रोतको उपयोगसँग सम्बन्धित प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(४) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(५) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्धारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(६) नेपाल सरकार वा प्रदेश सरकारले नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी सङ्कलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व नगरपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ ।

५. **पानीको स्रोत तथा मुहानको संरक्षणः** (१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, सम्वर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा वहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागू गर्ने,

(छ) पानीको स्रोत प्रदूषण हुन नदिन खेतीपातीमा रासायनिक मल प्रयोग गर्दा पानीको स्रोतका ख्याल गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि नगरपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

*(स्पष्टीकरण: सम्बन्धित पक्ष भन्नाले लाभान्वित संस्था वा समुदाय, उपभोक्ता समिति, मुहान बिद्यमान रहेको समुदाय, अन्य निकायलाई बुझाउनेछ ।)*

६. **खानेपानी तथा सरसफाइको पहुँच पुगेको मानिने:** (१) देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

(क) धारासम्म पुग्न पार गर्नु पर्ने तेर्स्रो र ठाडो दुरी क्रमशः १५० मिटर र ५० मिटर भन्दा बढी नहुने वा सबै परिवारहरु १५ मिनेट सम्मको आतेजाते दुरी भित्र पानी ल्याउन सक्षम हुनु पर्ने ।

(ख) सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच भएको हुनुपर्ने ।

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई नगरपालिकाले एक घर एक धारा प्रणालीलाई अवलम्बन गर्दै जानेछ र खानेपानी सेवाको सुनिश्चितता गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइका राष्ट्रिय मापदण्डको अधिन रहि नगरपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

७. **सुरक्षित खानेपानी युक्त समुदाय घोषणा:** (१) देहायको समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको

(ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने इ-कोली र आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (इनार, कुवा, खोला, ट्युबवेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी गुणस्तर युक्त पानी उपभोग गर्ने गरेको

(२) सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले मापदण्ड, कार्यबिधि तथा अनुगमन निर्देशिका बनाई कायान्वयन गर्न सक्नेछ ।

८. **शौचालय निर्माण गर्न पर्ने:** (१) नगरपालिकाका सबै घर परिवार, संघ संस्था, व्यवसायीहरुले अनिवार्य शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) नगरका सार्वजनिक स्थलमा शौचालयको निर्माणका गर्ने दायित्व स्थानीय समुदाय र नगरपालिकाको हुनेछ । यस्ता सार्वजनिक स्थलमा शौलालय निर्माण गर्न पूर्व त्यसको सञ्चालन कार्यबिधि तयार गर्न पर्नेछ ।

(३) नगरका सबै बिद्यालयमा देहाय बमोजिम शौचालय सुबिधाको व्यवस्थापन गर्नु पर्नेछ ।

(क) ५० जना बिद्यार्थी बरावर एक शौचालयको उपलब्धता

(ख) छात्र छात्राका लागि अलग शौचालय

(ग) शौचालयमा साबुन पानीको व्यवस्था

(घ) छात्राको शौचालयमा स्यानीटरी प्याड बिसर्जन ट्यांक जडान गरिएको

(३) खुला दिसा मुक्त समुदायको दिगोपनाका लागि नगरपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यन्वयनमा ल्याउन सक्नेछ ।

**परिच्छेद ३**

**संस्थागत संरचना र काम कर्तव्य अधिकार**

९. **नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,

(क) नगरपालिका प्रमुख -अध्यक्ष

(ख) नगरपालिकामा खानेपानी तथा सरसफाइ हेर्ने सदस्य र एक जना महिला सदस्य -सदस्य

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि -सदस्य (नगरभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल भएमा)

(घ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि -सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि -सदस्य

(च) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगरपालिका प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ ।

(४) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति काम कर्तव्य अधिकारः** नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन् ।

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकूल संशोधनका लागि सुझाव पेश गर्ने,

(ग) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय र गरी वास योजनाको कार्यान्वयमा योगदान गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)को प्रभावकारी योजना निर्माण । कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(च) वास क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित नगरपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने,

(छ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**११. वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** (१) नगरपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडा समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन् ।

(३) वडा सचिबले समितिको सदस्य सचिबको रुपमा काम गर्नेछन् ।

(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई/शाखाको व्यवस्थाः** (१) नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने इकाईको रुपमा काम गर्ने गरी एक वास इकाई वा शाखा स्थापना रहनेछ ।

(२) नगरकार्यपालिकाको कार्यालयले एकजना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु रहनेछन्।

**१३. नगरपालिका वास शाखा/इकाईको भूमिका तथा जिम्मेवारीः** नगरपालिका वास शाखा/ इकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, संस्थागत सरसफाई लगायतका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु, स्वयंसेवकहरु, वाल क्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) नगरपालिकाको वास क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, नगरकार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न नगर कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ)	विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धति स्थापना गर्ने,

(ज)	वास क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ञ)	खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धी अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

(ट)	वास व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

**१४.	<u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गर्न सक्ने</u>**: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन भएमा उपभोक्ता संस्थाको विधानसहित उपभोक्ता संस्था दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाई/शाखाको सिफारिसमा प्रमुख प्रशाकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

तर खानेपानीको स्रोतमा पानी प्रयाप्त भएमा (जस्तै खोला, खोल्सा आदि) दर्ता भै सकेको वा पहिलेदेखि नै संचालित खानेपानी योजनालाई  असर नगर्ने गरी  र सहमतिमा नयाँ खानेपानी योजनाको लागि सोही खानेपानीको स्रोत प्रयोग गर्न बाधा पर्ने छैन ।

(६) यो ऐन लागू हुनुपूर्व प्रचलित कानुन  बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समूह/समितिहरु यो ऐन लागू भएपश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन ।

(७) नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१५.	<u>उपभोक्ता संस्थाको कार्यसमिति</u>** :(१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमतिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा दुई कार्यकालमात्र काम गर्न पाउने छ ।

**१६.** **उपभोक्ता संस्थाको विधान :** उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता नहरने आदि)

(घ) अधिवेशन र वार्षिक साधारण सभा तथा अधिवेशन र साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, आर्थिक स्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

**परिच्छेद ४**

**खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था**

**१७.** **खानेपानी प्रणालीहरुको वर्गीकरण:**(१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक खानेपानी प्रणाली

(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

(ग) मुल संरक्षण खानेपानी योजना

(२) नगरपालिकाले सम्भव भएसम्म व्यक्तिगत खानेपानी प्रणालीलाई प्रवर्द्धन गर्नेछ ।

**१८.** **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने** :यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

**१९.** **गुणस्तर मापदण्ड तोक्न सक्ने** :(१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

२०. **खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाः**नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि वास शाखा वा इकाईको मातहतमा रहने गरी प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

२१. **खानेपानी गुणस्तर अनुगमन प्रणालीः**नगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५

## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

२२. **खानेपानी तथा सरसफाइ महसुल निर्धारणः** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. **महसुल तथा शुल्क लिन पाउने :** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे वापत उपभोक्ता संस्थालाई साधारण सभाले निर्धारण गरे बमोजिमका आधारमा र अनुमतिपत्र प्राप्त संस्थालाई आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ ।

(२) उपभोक्ताले खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ ।

२४. **मिनाहा वा छुट दिन सक्नेः** प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

२५. **असुल उपर गर्न सक्ने:** यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानुन बमोजिम असुल उपर गर्न सक्नेछ ।

२६. **खानेपानी सेवाको व्यवस्थापन:** (१) नगरपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा गराउनेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(३) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(४) उपभोक्ता समितिले व्यक्तिगत खानेपानी प्रणाली भएका घर परिवारमा मिटर जडान गरी दफा २३ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ ।

(५) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(७) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले नगरपालिकामा मर्मत सम्भारका लागि अनुरोध गरेमा नगरपालिकाबाट तत्काल प्राबिधिक टोली पठाई आवश्यक कार्य गर्नेछ ।

(८) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धि अन्य कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद ६**

**पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था**

२७. **पूर्वाधारको निर्माण वर्गीकरण:**(१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ ।

(क) ठुला आयोजना: ५०० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गीकरण गरिनेछ ।

(ख) मझौला आयोजना: १०० देखि ५०० घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गीकरण गरिनेछ ।

(ग) साना आयोजना: १०० भन्दा कम घर परिवार लाभान्वीत भएको आयोजनालाई साना आयोजनामा वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका साना आयोजनाहरु निर्माणका लागि नगरपालिका आफै र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि बिस्तृत आयोजना प्रतिवेदन सहित संघ तथा प्रदेश सरकार र बिभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जे सुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

२८. **समुदायको योगदान सम्बन्धी व्यवस्था:** (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको १० प्रतिसत जनश्रमदान गर्नुपर्नेछ ।

(क) गैर स्थानीय निर्माण सामाग्री मोटर नआउने स्थानवाट ढुवानी,

(ख) स्थानीय सामाग्री सङ्कलन तथा ढुवानी

(ग) पाईपलाईन खनाई तथा पुर्ने

(घ) अन्य अदक्ष कामदार सरहको कार्य

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वित घर परिवारलाई श्रमको बिभाजन गरी श्रमदानका लागि परिचालन गर्नु पर्नेछ ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धाहरु, दीर्घरोगीहरु आदि) ले भने श्रमदान गर्न पर्नेछैन ।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारासम्मको पाईपलाईन खनाई, १०० मिटरभन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ ।

२९. **उपभोक्ता संस्थाको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने :** (१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, नगरपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम र कानुन बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

**परिच्छेद ७**

**फोहरमैला व्यवस्थापन**

३०. **फोहरमैला व्यवस्थापन गर्ने दायित्व :**(१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

३१. **फोहरमैला सङ्कलन केन्द्र तोक्ने** :नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. **<u>फोहरमैलाको ढुवानी :</u>**(१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी सम्बन्धी कार्यबिधि नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

।

३३. **<u>फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग</u>**: नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले समन्वय गर्नेछ ।

३४. **<u>फोहरमैला व्यवस्थापन स्थल :</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

**३५. <u>सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने</u>**: (१) नगरपालिकाले प्रचलित कानुन को अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

३६. **<u>दिसाजन्य लेदो तथा अन्य फोहरको व्यवस्थापन</u>** (१) कसैले पनि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र, दिसाजन्य लेदो सहित वा रहितको फोहोर पानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुदैन ।

(२) उपदफा (१) बमोजिमको फोहर बिर्सजनका लागि अवलम्बन गरिने कार्यबिधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३७. **<u>ढल निकास सेवा सञ्चालन</u>**: नगरपालिकाका बजार क्षेत्रमा ढल निकासका लागि नगरपालिकाले स्थानीय समुदायको परामर्शमा उचित प्रबन्ध गर्नेछ ।

**परिच्छेद ७**

**अनुमतिपत्र सम्बन्धी व्यवस्था**



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

३८.	**अनुमतिपत्र लिनुपर्ने :** (१) यस नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम नगर कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्धारा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) यस नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानुन  बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

३९	**अनुमतिपत्र दिनुपर्ने** : (१) दफा ३८ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानुन  बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानुन  बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

४०.	**अनुमतिपत्र प्रदान नगरिने** : (१) यस ऐन वा प्रचलित कानुन  बमोजिम उपभोक्ता संस्थाद्धारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमपित्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

४१ **अनुमतिपत्र खारेज :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खोनपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा नगरपालिकाको कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ :

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा नगरपालिकाको कार्यपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**परिच्छेद ८**

**विविध**

४२. **कसुर र सजाय** :खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइसम्बन्धी संघीय कानुन मा व्यवस्था भए बमोजिम हुनेछ ।

४३. **सूचना अभिलेख प्रणाली**: (१) नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइसम्बन्धी तथ्यांक अध्यावधीका लागि सूचना प्रबिधिको प्रयोग गर्न सक्नेछ ।

(२)खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी तथ्यांक अध्यावधीका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ ।

४४. **योजना निर्माण**: नगरपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्डअनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

४५. **विवरण उपलब्ध गराउने** : (१) नगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा उपलब्ध गराउने छ :

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वित जनसंख्या ।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वित जनसंख्या ।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

४६. **पुरस्कारसम्बन्धी व्यवस्था**: खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४७. **निर्देशन दिन सक्ने** : नगरपालिकाले उपभोक्ता संस्था वा अन्य सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४८. **अधिकार प्रत्यायोजन** : नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

४९. **खानेपानी आयोजना र संरचनाको हस्तान्तण** :(१) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यपारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

५०. **नियम बनाउने सक्ने**: यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

सम्वत् २०७९ साल माघ १८ गते बसेको नगरसभा बैठकले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २० र २१ बमोजिम यो विधेयक पारित गरेकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

………………………………

प्रल्हाद कुमार क्षेत्री

नगर सभा अध्यक्ष

मितिः २०७९ । ११ । ०३

## बर्दिबास नगरपालिकाको आर्थिक कार्यविधि कानुन, २०७४

प्रस्तावना:

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बर्दिबास नगरपालिकाको सञ्चित कोषको सञ्चालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्चगर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न,आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित,व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२३ बमोजिमको बर्दिबास नगरसभाले यो कानुन बनाएको छ ।

४४ बर्दिबास नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन, २०७८ (संसोधन सहित)

* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कानुनको नाम “ बर्दिबास नगरपालिकाको आर्थिक कार्यविधि कानुन, २०७४”रहेको छ ।

(२) यो कानुन सभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानुनमा,-

(क) “असुल उपर गर्नु पर्ने रकम” भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा .नगरलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(ख) “अन्तिम लेखापरीक्षण” भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ ।

(ग) “आन्तरिक लेखापरीक्षण” भन्नाले बर्दिबास नगरपालिकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ ।

(घ) “आर्थिक वर्ष” भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनुपर्छ ।

(ड.) “एक तह माथिको अधिकारी” भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा बर्दिबास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हकमा बर्दिबास नगरपालिकाको प्रमुख र प्रमुखको हकमा नगर कार्यपालिका सम्झनु पर्छ ।

(च) “कारोबार” भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ ।

(छ)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दिबास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) “कार्यालय” भन्नाले बर्दिबास नगर कार्यपालिकाकोकार्यालय सम्झनु पर्दछ । सो शब्दले . बर्दिबास नगरपालिका मातहत रहेको बिषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(झ)“कार्यालय प्रमुख” भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ट) “जिम्मेवार व्यक्ति” भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले बर्दिबास नगरपालिकाको कामको लागि सरकारी नगदी



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

वा जिन्सी लिई वा नलिई सो काम फर्स्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाईजनाउँछ ।

(ठ) "तालुक कार्यालय" भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा बर्दिबास नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कानुन अन्तर्गत बनेका नियमावली,निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ढ) "नगरपालिका" भन्नाले बर्दिबास नगरपालिका सम्झनुपर्छ ।

(ण) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(त) "बजेट सङ्केत " भन्नाले  नेपाल सरकारले स्वीकृत गरेको आर्थिक सङ्केत तथा वर्गीकरणको अधीनमा रही नगरपालिकाको कार्यालय, बिषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना कार्यकक्रम आदिकोकार्य प्रकृति र संगठन समेत छुट्टिने गरी बर्दिबास नगरपालिकाले दिएको सङ्केत लाई जनाउँछ ।

(थ) "बेरुजु" भन्नाले प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ ।

(द) "बैंक" भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बर्दिबास नगरपालिकाले तोकेको कुनै बैंक सम्झनु पर्छ र सो शव्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्नेगरी तोकिएको  बैंकको शाखा समेतलाई जनाउँछ ।

(ध) "मातहत कार्यालय" भन्नाले बर्दिबास नगरपालिका मातहत रहेको वडा कार्यालय वा बिषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई  सम्झनुपर्छ ।

(न) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(प) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन  गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी  र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको बर्दिबास नगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(फ) "वडा कार्यालय" भन्नाले बर्दिबास नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(व) “वडा सचिव” भन्नाले बर्दिबास नगरपालिकाको वडा सचिवलाई सम्झनुपर्छ ।

(भ) “विनियोजन” भन्नाले बर्दिबास नगरपालिका सभाद्वारा विभिन्न कार्यहरुकालागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(म) “वित्तीय विवरण” भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनुपर्छ र सो शव्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा वनाइएको बजेट अनुमान,निकाशा, खर्च,आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(य) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(र) “सञ्चित कोष” भन्नाले बर्दिबास नगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(ल) “सभा” भन्नाले बर्दिबास नगर सभा सम्झनुपर्छ ।

(व) “संपरीक्षण” भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्योट सम्वन्धी कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(श) “कार्यपालिका” भन्नाले बर्दिबास नगरकार्यपालिका सम्झनुपर्छ ।

(ष) “सार्वजनिक जवाफदेहीको पद” भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानुनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ ।

(स) “बिषयगत शाखा” भन्नाले बर्दिबास नगरपालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## सञ्चित कोष सञ्चालन सम्वन्धी व्यवस्था

३. सञ्चित कोषको सञ्चालनः (१)सञ्चित कोषमा देहायका रकमहरु रहनेछन्ः–

(क)नगर सभाबाट स्वीकृत कानुन बमोजिम लगाईएको कर तथा गैरकर वापत असुल भएको राजस्व रकम ।

(ख)नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँडवापत प्राप्त रकम ।

(ग)नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान,सशर्त अनुदान,समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।

(घ) नगरपालिकाले लिएको आन्तरिक ऋणवापतको रकम ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ड) अन्य प्रचलित कानुन बमोजिम नगरपालिका नाममा प्राप्त भएको अन्य आय वापतको रकम ।

(२)उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नगरपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानुनर अन्य प्रचलित कानुनको अधीनमा रहीसञ्चित कोषको सञ्चालन नगरपालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ ।

४.सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः (१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय,महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

५. बजेट तथा कार्यक्रम तर्जुमा गर्नेः(१) आगामी आर्थिक वर्षमा नगरले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यक्रमको लागि संविधानको धारा २३० वमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमागर्ने प्रयोजनकालागि उपलव्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पर्नेछ ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार १५ गतेभित्र सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा स्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ ।

(६) नगरपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको खाका तयार गर्नुपर्नेछ ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. बजेट निकासाः (१) सभाबाट बजेट स्वीकृत भएको७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतले मातहत कार्यालय प्रमुखलाई दिनुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिए बमोजिम बैकमार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्नेछ ।

तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसाव मिलान बाहेकको अन्य भुक्तानी सम्वन्धी काम हुनेछैन ।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।

(४) रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गर्नुपर्नेछ ।

(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानुनबमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्नेर कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(६) यस कानुन र प्रचलित अन्य कानुन बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेः दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यक्ता अनुसार नगरपालिकाले पूर्ण वा आंशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८. खर्च गर्ने कार्यविधि : .नगरपालिकाकोकार्य तथा आयोजना सञ्चालन गर्ने,धरौटी, दस्तुर,सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्यौट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिनाहा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९. रकमान्तर तथा श्रोतान्तरः (१) ..नगरपालिकाकोस्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमाबचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी नगर कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ ।

तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन ।

(२)उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार नगर कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) नगरपालिकाको विनियोजन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार सभाको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०. बजेट फिर्ता हुनेः स्वीकृत बार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्तमा सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## परिच्छेद-४

## कारोबारको लेखा

११. कारोबारको लेखा :(१) विनियोजन,धरौटी एवं राजश्व तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमा आधारित लेखा प्रणाली अनुसार राखिनेछ ।

तर महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ ।

(२)उप नियम (१) बमोजिमको लेखा राख्नकालागि आवश्यक लेखा ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) नगरपालिकाले अनुदान, सहायता,लगानी,विनियोजन,राजश्व तथा धरौटीका अतिरिक्त अन्य सवै प्रकारका कारोवार र खर्चको लेखा नगरपालिकाले तयार गरी राख्नुपर्नेछ ।

(४)लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन,राजस्व,धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी नगरकार्यपालिका, नगरसभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

१२. जिम्मेवार व्यक्ति जवाफदेही हुने : (१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्टदेखिने गरी प्रचलित कानुनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरीगराई राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानुनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्नेर मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउनेउत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) वमोजिम लेखा तयार गर`नगरेको वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानुनद्वारा निर्धारित प्रक्रिया पूरा नगरीकारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसकोजवाफदेही वहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले लेखा सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा लेखा उत्तरदायी अधिकृतले तोकिएको म्याद भित्र त्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ ।

तर मनासिव कारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिन आएमा लेखा उत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रूपैयाँ र त्यस पछि पनि दोहोरिन आएमा पटकै पिच्छे एक हजार रूपैयाँ जरिवाना गरी प्रचलितकानुन बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्रनिर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ र सोही



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाँजरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो कानुन तथा यस कानुन अन्तरगत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेकोदेखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालयले कलमै पिच्छे दुई सय रूपैयाँ जरिवाना गर्न सक्नेछ ।एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्यदोहोरिन आएमा कलमै पिच्छे पाँच सय रूपैयाँ जरिवाना गरी प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ ।

(७) यो कानुन वा यस कानुनअन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको,लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१३. राजस्व दाखिला र राजस्व लेखाः(१) प्रचलित कानुन बमोजिम .नगरपालिकालाईप्राप्त हुने राजस्व तथा अन्य आय रकमहरुकार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिमसंचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नु पर्नेछ ।

(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१४. नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्ने : (१) जिम्मेवार व्यक्तिले आफ्नोजिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सीमालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तहमाथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भैआएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकै पटक वा दुई पटक गरीबढीमा पैंतालीस दिनसम्मको म्याद थपिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवारव्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पाँच सय रूपैयाँ वा बिगोको दशप्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(४) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा दाखिला नगरेको देखिन आएमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले दश दिनसम्म ढीलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्न लगाउने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ ।

१५. आर्थिक प्रतिवेदन पेश गर्ने :(१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी,वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी नगरकार्यपालिका,

नगरसभा,महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएकोकार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

(३) नगरपालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्वन गरेको आर्थिक सङ्केत तथा वर्गीकरण अनुरुपको हुनेछ ।

(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेखअद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. हानी नोक्सानी असुल उपर गरिने : यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-५

## आन्तरिक नियन्त्रण, लेखा परीक्षण तथा बेरुजु असुल फछ्र्यौट

१७. आन्तरिक नियन्त्रण प्रणाली:(१) नगरपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागू गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण कार्ययोजना लागू गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त,नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

१८. आन्तरिक लेखापरीक्षण:(१) नगरकार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही नगरपालिकाको आन्तरिक लेखापरिक्षण शाखा वा तोकिएको अधिकृतबाट हुनेछ ।

(२) नगरपालिकाको आन्तरिक लेखापरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) नगरपालिकाकोआन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वाजिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानी नोक्सानी भएको रकमअसुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

१९. स्पष्टीकरण नदिने उपर कारबाही : (१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरणतोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भईमनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नुपर्नेछ।

२०. बेरुजु अूसल फछ्र्यौट नियमित र लगत कायम गर्ने : (१) महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको वेरुजु अूसल उपर गर्नु पर्ने तथा तिर्नु वुझाउनु पर्ने भनी ठहऱ्याईएको रकमको लगत कार्यालयले अध्यावधिक गरी गराई राख्नुपर्नेछ।

(२)लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको वेरुजु रकम जिम्मेवार व्यक्तिबाट अूसल उपर गर्नुपर्नेछ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजुसम्बन्धमा कार्यपालिकाको अनुमतिलेसभामा उपस्थित भई आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फर्छौट सम्वन्धीकाम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(४) वेरुजु अूसल फर्छौट,नियमित र लगत कायम गर्ने सम्वन्धमा सभामा छलफल भई प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिम सम्वन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(५) बेरुजु फछ्र्यौट सम्वन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

बर्दिबास नगरपालिका


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## परिच्छेद-६

## बरबुझारथ, लिलाम बिक्री तथा मिनाहा सम्बन्धी व्यवस्था

२१. बरबुझारथ : (१) नगरपालिकाका निर्वाचित प्रतिनिधिले आफू जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको प्रमाण लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामो अवधिमा काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारीकागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्रलिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति वहालवाला कर्मचारी भए प्रचलित कानुन बमोजिम निजको तलब भत्ता रोक्का राखी रबहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण,उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरी बरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनै धनमाल नोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानुन बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२२. नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने :(१)कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वाअन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानुन बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नु गराउनु पर्नेछ ।

(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत,संरक्षण,वरवुझारथ र जवाफदेही सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. लिलाम बिक्री तथा मिनाहा दिने :(१) यस कानुन तथा यसअन्तर्गत बनेको नियम बमोजिम जिन्सीनिरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेखभएको मालसामानहरू प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलामबिक्री गर्न सकिनेछ ।

(२)यस कानुनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योकानुनअन्तर्गतउठ्न नसकेको बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबूबाहिरको परिस्थितिले गर्दा तथा सुखाजर्ती भई वा खिएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐन बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा कार्यपालिकाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई मिनाहा दिन सकिनेछ ।

## परिच्छेद-७



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## विविध

२४. काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी : लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवार व्यक्ति लगायत नगदी वा जिन्सी सम्वन्धी काम गर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२)उपदफा (१)वमोजिम तोकिएको काम,कर्तव्य, अधिकार तथा जिम्मेवारी अनुसार सम्वन्धित व्यक्तिले जवाफदेहीता वहन गर्नुपर्नेछ ।

२५. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने : यस कानुन र अन्य प्रचलित कानुन बमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु सम्वन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

२६. आर्थिक प्रशासनको सञ्चालनः (१) .नगरपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्वन्धी व्यवस्था तोकिए वमोजिमहुनेछ ।

(२) उपदफा (१) वमोजिमको व्यवस्था नभए सम्मका लागि यो कानुन र यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

२७. संघीय र प्रदेश आर्थिक कार्यविधि कानुनलाई आधार मान्नुपर्ने : नगरपालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानुन बनाउँदा संघीय र प्रदेश आर्थिक कार्यविधि कानुनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनुपर्नेछ ।

२८. विद्युतीय प्रविधिको प्रयोग गर्न सक्नेः(१) यस कानुनबमोजिम आर्थिक कारोवारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ ।

(२)उपदफा (१) बमोजिमको आवश्यक प्रणाली.नगरपालिका आंफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) वमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको सिद्धान्त एवं वित्तीय ढाँचाको एकरुपताका लागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

२९. लेखापरीक्षण सहजीकरण समितिः (१) नगरपालिकाबाट सम्पादन गरिने कार्यहरुमाआन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाई समयमै तयार गर्न तथा विश्वसनीय बनाउन,बेरुजु फर्छौट गर्न गराउन .नगरकार्यपालिकाले आफू मध्येबाट तोकेको सदस्यको अध्यक्षतामा नगरपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको अधिकृत र प्राविधिक अधिकृत समेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. अधिकार प्रत्यायोजनः यो कानुन वा यस अन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकार मध्ये तोकिए बमोजिमका अधिकार वाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्नेगरी प्रत्यायोजन गर्न सकिनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

३१.नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकार: यस कानुनको उद्देश्य कार्यान्वयन गर्न .नगरकार्यपालिकाले आवश्यक नियमहरु,निर्देशिका,कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।

## बर्दिवास नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७५

**प्रस्तावनाः** न्यायिक समितिले प्रचलित कानुन बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानुनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखीरहनको लागि प्रचलनमा रहेको संघीय कानुनमा भएदेखि बाहेक थप कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) बमोजिम बर्दिवास नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम बर्दिवास नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७५ रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "उजुरी" भन्नाले समिति समक्ष परेको उजुरीबाट शुरु भएको प्रचलित कानुन बमोजिम समितिले कारवाही र किनारा गर्ने उजुरी सम्झनुपर्छ ।

(ख) "खाम्ने" भन्नाले तोकीएको सम्पत्तिको मूल्यांकन गरिदा भ्याउने हदलाई सम्झनु पर्दछ ।

(ग) "चलन चलाईदिने" भन्नाले निर्णय पश्चात हक अधिकार प्राप्त भएको व्यक्तिलाई कुनै वस्तु वा सम्पत्ति भोग गर्न दिने कार्यलाई सम्झनुपर्दछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(घ) "जमानत" भन्नाले कुनै व्यक्ति वा सम्पत्तिलाई न्यायिक समितिले चाहेको वखतमा उपस्थित वा हाजिर गराउन लिएको जिम्मा वा उत्तरदायित्वलाई सम्झनुपर्दछ ।

(ङ) "तामेली" भन्नाले न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरुमा सम्वन्धित पक्षलाई वुझाईने म्याद, सुचना, आदेश, पूर्जी वा जानकारी पत्र रितपूर्वक वुझाउने कार्यलाई सम्झनुपर्छ ।

(च) "तायदात" भन्नाले सम्पत्तिको विवरण वा गन्ती गरेको संख्या जनिने व्यहोरा वा सम्पत्तिको फाँटवारी वा लगतलाई सम्झनुपर्दछ ।

(छ) "तोकीएको" वा "तोकीए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकीए बमोजिम सम्झनुपर्छ ।

(ज) "दरपीठ" भन्नाले न्यायिक समिति समक्ष पेश हुन आएका कुनै कागजपत्रको सम्बन्धमा रित नपुगे वा कानुनले दर्ता नहुने वा नलाग्ने भएमा त्यसको पछाडि पट्टि सोको कारण र अवस्था जनाइ अधिकारप्राप्त अधिकारीले लेखिदिने निर्देशन वा व्यहोरालाई सम्झनुपर्दछ ।

(झ) "नामेसी" भन्नाले कुनै व्यक्तिको नाम,थर र वतन समेतको विस्तृत विवरण खुलाइएको व्यहोरालाई सम्झनुपर्दछ ।

(ञ) "नालिश" भन्नाले कुनै विवादको विषयमा दफा ८ बमोजिम दिएको उजुरी, निवेदन वा फिराद सम्झनुपर्छ

(ट) "निर्णय किताब" भन्नाले समितिले उजुरीमा गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको उजुरीमा निर्णय गरेको व्यहोरा र त्यसको आधार तथा कारणको संक्षिप्त उल्लेख भएको किताब सम्झनुपर्छ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(ठ) "पन्चकृति मोल" भन्नाले पञ्च भलाद्मीले सम्पत्तिको स्थलगत तथा स्थानीय अवलोकन मू ल्यांकन गरी विक्री वितरण हुनसक्ने उचित ठहराएर निश्चित गरेको मुल्यलाई सम्झनुपर्दछ ।

(ड) "पेसी" भन्नाले न्यायिक समिति समक्ष निर्णयार्थ पेश हुने विवादहरुमा पक्षहरुलाई उपस्थित गराइ सुनुवाइ गर्ने कामलाई सम्झनुपर्दछ ।

(ढ) "प्रतिवादी" भन्नाले वादीले जसका उपर उजुरी दर्ता गर्दछ सो व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ण) "वकपत्र" भन्नाले विवाद सम्बन्धमा जानकार भई साक्षीको रुपमा व्यक्त गरेका कुरा लेखिने वा लेखिएको कागजलाई सम्झनुपर्छ ।

(त) "बन्द ईजलास" भन्नाले न्यायिक समिति अन्तर्गत निरुपण हुने विवादहरु मध्ये गोप्य प्रकृतिको विवाद भएको र सम्वद्ध पक्षहरुविच गोपनियता कायम गर्न आवश्यक देखिएमा सम्वद्ध पक्षहरु मात्र सहभागी हुनेगरी प्रवन्ध गरीएको सुनुवाई कक्षलाई सम्झनुपर्छ ।

(थ) "वादी" भन्नाले कसैउपर समिति समक्ष उजुरी दर्ता गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(द) "मूल्तवी" भन्नाले न्यायिक समिति अन्तर्गत विचाराधीन मुद्धा अन्य अड्डा अदालतमा समेत विचाराधीन भईरहेको अवस्थामा न्यायिक समितिले निर्णय गर्दा अन्य विचाराधीन मुद्धामा प्रभावित हुने देखिएमा प्रभाव पार्ने मुद्धाको फैसला नभएसम्म प्रभावित हुने मुद्दा स्थगित गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ध) "लगापात" भन्नाले घरजग्गा र त्यससँग अन्तर निहित टहरा, बोट विरुवा, खुल्ला जमिन र त्यसमा रहेका सबैखाले संरचना वा



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

चर्चेको जग्गा, छेउछाउ, सेरोफेरो र सम्पूर्ण अवयवलाई सम्झनुपर्दछ ।

(न) "सदरस्याहा" भन्नाले धरौटीमा रहेको रकमको लगत कट्टा गरी आम्दानीमा बाँध्ने कार्यलाई सम्झनुपर्छ ।

(प) "सभा" भन्नाले नगरसभा सम्झनुपर्छ ।

(फ) "समिति" भन्नाले न्यायिक समिति सम्झनुपर्छ र सो शब्दले स्थानीय ऐनको दफा ४८ को उपदफा (६) बमोजिमको समितिलाई समेत जनाउनेछ ।

(ब) "साल वसाली" भन्नाले हरेक वर्षको लागि छुट्टा छुट्टै हुने गरी प्रतिवर्षको निमित्त स्थायी रुपमा तय गरिएको शर्त सम्झनुपर्छ ।

(भ) "स्थानीय ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन,२०७४" सम्झनुपर्छ ।

(म) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

## परिच्छेद-२
## न्यायिक समितिको अधिकार क्षेत्र

३. **उजुरीमा निर्णय सम्बन्धी कामः** समितिमा दर्ता भएका उजुरी वा उजुरीको निर्णय गर्ने वा दर्ता भएको नालिश वा उजुरीको कुनै व्यहोराले लगत कट्टा गर्ने अधिकार समितिलाई मात्र हुनेछ ।

४. **निर्णय सम्बन्धी बाहेक अन्य कामः** (१) दफा ३ मा उल्लेख भएको वा प्रचलित कानुनले समिति वा समितिको सदस्यले नै गर्ने भन्ने व्यवस्था गरेको वा कार्यको प्रकृतिले समिति वा समितिको सदस्यले नै गर्नुपर्ने स्पष्ट भैरहेकोदेखि बाहेकको अन्य कार्यहरू यस ऐनमा तोकीएको कर्मचारी र त्यसरी नतोकीएकोमा समितिले निर्णय गरी तोकेको वा अधिकार प्रदान गरेको कर्मचारीले गर्नुपर्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) तोकीएको शाखा प्रमुख वा तोकीएका अन्य कर्मचारीले यस ऐन र प्रचलित कानुन बमोजिम तोकीएको काम गर्दा समितिको संयोजक वा समितिले तोकेको सदस्यको प्रत्यक्ष निर्देशन, रेखदेख र नियन्त्रणमा रही गर्नुपर्नेछ ।

५. **यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्नेः** समितिले उजुरी वा उजुरीको कारवाही र किनारा गर्दा प्रचलित र सम्बन्धित संघीय कानुनमा स्पष्ट उल्लेख भएदेखि बाहेक यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्नेछ ।

६. **समितिले हेर्नेः** समितिलाई देहाय बमोजिमको उजुरीहरूमा कारवाही र किनारा गर्ने अधिकार रहनेछः

(क) स्थानीय ऐनको दफा ४७ अन्तर्गतको उजुरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि नगरपालिकामा प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानुन बमोजिम निरूपण हुने गरी सिर्जित उजुरी, तथा

(घ) प्रचलित कानुनले नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरू ।

७. **समितिको क्षेत्राधिकारः** समितिले दफा ६ अन्तर्गतकामध्ये देहाय बमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारवाही किनारा गर्नेछः

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र बसोबास गरीरहेको,

(ख) प्रचलित कानुन र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

(ग) नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरीएको,

(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र रहिरहेको, तथा



बर्दिबास नगरपालिका

(ङ) कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना नगरपालिकाको भैगोलिक क्षेत्र भित्र घटेको ।

## परिच्छेद- ३

## उजुरी तथा प्रतिवाद दर्ता

८. **विवाद दर्ता गर्नेः** (१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोजिम हकदैया पुगेको व्यक्तिले समितिको तोकीएको शाखा समक्ष उजुरी दर्ता गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिंदा यस ऐन तथा प्रचलित कानुन बमोजिम खुलाउनुपर्ने कुरा सबै खुलाई तथा पुर्याउनुपर्ने प्रक्रिया सबै पूरा गरी अनुसूची-१ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

(३) उपदफा (२) मा लेखिए देखिबाहेक उजुरीमा देहाय बमोजिमको व्यहोरासमेत खुलाउनुपर्नेछः

(क) वादीको नाम, थर, वतन र निजको बाबु र आमा, तथा थाहा भएसम्म बाजे र बज्यैको नाम;

(ख) प्रतिवादीको नाम, थर र थाहा भएसम्म निजको बाबु र आमाको नाम, थर र स्थान पत्ता लाग्नेगरी स्पष्ट खुलेको वतन;

(ग) नगरपालिकाको नाम सहित समितिको नाम;

(घ) उजुरी गर्नुपरेको व्यहोरा र सम्पूर्ण विवरण;

(ङ) नगरपालिकाले तोके अनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा;

(च) समितिको क्षेत्राधिकार भित्रको उजुरी रहेको व्यहोरा र सम्बन्धित कानुन;

(छ) वादीले दावी गरेको विषय र सोसँग सम्बन्धित प्रमाणहरू;

(ज) हदम्याद लाग्ने भएमा हदम्याद रहेको तथा हकदैया पुगेको सम्बन्धी व्यहोरा;

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(झ) कुनै सम्पत्तिसँग सम्बन्धित विषय भएकोमा सो सम्पत्ति चल भए रहेको स्थान, अवस्था तथा अचल भए चारकिल्ला सहितको सबै विवरण ।

(४) प्रचलित कानुनमा कुनै विशेष प्रक्रिया वा ढाँचा वा अन्य केहि उल्लेख भएको रहेछ भने सन्दर्भमा आवश्यक विवरणसमेत खुलेको हुनुपर्नेछ ।

(५) कुनै किसिमको क्षतिपूर्ति भराउनुपर्ने अथवा बण्डा लगाउनुपर्ने अवस्थाको उजुरीको हकमा क्षतिपूर्ति वा बण्डा वा चलनको लागि सम्बन्धित अचल सम्पत्तिको विवरण खुलेको हुनुपर्नेछ ।

९. **विवाद दर्ता गरी निस्सा दिनेः** (१) उजुरी प्रशासकले दफा ८ बमोजिम प्राप्त उजुरी दर्ता गरी वादीलाई तारेख तोकी अनुसूची-२ बमोजिमको ढाँचामा विवाद दर्ताको निस्सा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तारेख दिनु पर्ने अवस्थामा तारेख तोक्दा अनुसूची-३ बमोजिमको ढाँचामा तारेख भर्पाई खडा गरी सम्बन्धित पक्षको दस्तखत गराई मिसिल सामेल राख्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम तारेख भर्पाईमा तोकीएको तारेख तथा उक्त मितिमा हुने कार्य समेत उल्लेख गरी सम्बन्धित पक्षलाई अनुसूची-४ बमोजिमको ढाँचामा तारेख पर्चा दिनुपर्नेछ ।

१०. **उजुरी दरपीठ गर्नेः** (१) उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा प्रक्रिया नपुगेको देखिए पूरा गर्नुपर्ने देहायको प्रक्रिया पूरा गरी अथवा खुलाउनुपर्ने देहायको व्यहोरा खुलाइ ल्याउनु भन्ने व्यहोरा लेखि पाँच दिनको समय तोकी तथा विवाद दर्ता गर्न नमिल्ने भए सो को कारण सहितको व्यहोरा जनाई दरपीठ गरेमा वादीलाई उजुरी फिर्ता दिनुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिम प्रक्रिया नपुगेको भनी दरपीठ गरी फिर्ता गरेको उजुरीमा दरपीठमा उल्लेख भए बमोजिमको प्रक्रिया पूरा गरी पाच दिनभित्र ल्याएमा दर्ता गरिदिनुपर्छ ।

(३) उपदफा (१) बमोजिमको दरपीठ आदेशउपर चित्त नबुझ्ने पक्षले सो आदेश भएको मितिले तिन दिन भित्र उक्त आदेशको विरूद्धमा समितिसमक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको निवेदन व्यहोरा मनासिब देखिए समितिले उपदफा (१) बमोजिमको दरपीठ बदर गरी विवाद दर्ता गर्न आदेश दिनसक्नेछ ।

(५) उपदफा (४) बमोजिम आदेश भएमा उजुरी प्रशासकले त्यस्तो विवाद दर्ता गरी अरू प्रक्रिया पूरा गर्नुपर्नेछ ।

११. **दर्ता गर्न नहुनेः** उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा देहाय बमोजिमको व्यहोरा ठिक भएनभएको जाँच गरी दर्ता गर्न नमिल्ने देखिएमा दफा १० बमोजिमको प्रक्रिया पूरा गरी दरपीठ गर्नुपर्नेछः

(क) प्रचलित कानुनमा हदम्याद तोकीएकोमा हदम्याद वा म्याद भित्र उजुरी परे नपरेको;

(ख) प्रचलित कानुन बमोजिम समितिको क्षेत्राधिकार भित्रको उजुरी रहे नरहेको;

(ग) कानुन बमोजिम लाग्ने दस्तुर दाखिल भए नभएको;

(घ) कुनै सम्पत्ति वा अधिकारसँग सम्बन्धित विषयमा विवाद निरूपण गर्नुपर्ने विषय उजुरीमा समावेश रहेकोमा त्यस्तो सम्पत्ति वा अधिकार विषयमा उजुरी गर्न वादीको हक स्थापित भएको प्रमाण आवश्यक पर्नेमा सो प्रमाण रहे नरहेको;

(ङ) उक्त विषयमा उजुरी गर्ने हकदैया वादीलाई रहे नरहेको;

(च) लिखतमा पुरागर्नुपर्ने अन्य रित पुगे नपुगेको; तथा


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

**१२. दोहोरो दर्ता गर्न नहुनेः** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम समिति वा अन्य कुनै अदालत वा निकायमा कुनै पक्षले उजुरी गरी समिति वा उक्त अदालत वा निकायबाट उजुरीमा उल्लेख भएको विषयमा प्रमाण बुझि वा नबुझि विवाद निरोपण भैसकेको विषय रहेको छ भने सो उजुरीमा रहेका पक्ष विपक्षको बीचमा सोही विषयमा समितिले उजुरी दर्ता गर्न र कारवाही गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्न नमिल्ने उजुरी भुलवश दर्ता भएकोमा सो व्यहोरा जानकारी भएपछि उजुरी जुनसुकै अवस्थामा रहेको भए पनि समितिले उजुरी खारेज गर्नुपर्नेछ ।

**१३. उजुरीसाथ लिखत प्रमाणको सक्कल पेश गर्नुपर्नेः** उजुरीसाथ पेश गर्नु पर्ने प्रत्येक लिखत प्रमाणको सक्कल र कम्तिमा एक प्रति नक्कल उजुरीसाथै पेश गर्नुपर्नेछ र उजुरी प्रशासकले त्यस्तो लिखतमा कुनै कैफियत जनाउनुपर्ने भए सो जनाइ सो प्रमाण सम्बन्धित मिसिलमा राख्नेछ ।

**१४. उजुरी तथा प्रतिवाद दर्ता दस्तुरः**

१. न्यायिक समितिमा दर्ता गर्न ल्याएको फिराद पत्र, प्रत्युत्तर र अन्य निवेदन पत्रको हकमा देहाय बमोजिमको दस्तुर लाग्नेछ ।

क) फिराद पत्र दस्तुर रु. २५०।-

ख) प्रत्युत्तर पत्र दस्तुर रु. २००।-

ग) अन्य निवेदन दस्तुर रु. १०।-

घ) कानुन बमोजिमा विगो वा मूल्य खोलिएको मुद्दामा सयकडा एकका दरले शुल्क वा दस्तुर लाग्नेछ ।

२. कसैले उपदफा (१) बमोजिमको दस्तुर दाखिला नगरेमा न्यायिक समितिले निजले दिएको कुनै पनि लिखित उपर कुनै कारबाही गर्ने छैन ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित व्यक्तिको आर्थिक अवस्था अत्यन्त कमजोर भई शुल्क बुझाउन असमर्थ भएको कुरा विश्वास गर्ने मनासिव कारण भएमा न्यायिक समितिले कारण सहितको पर्चा खडा गरी लाग्ने दस्तुर वा शुल्क रु ५० (पचास रुपयाँ) लिने गरी फिराद पत्र, प्रत्युत्तर पत्र वा निवेदन दर्ता गर्ने आदेश दिन सक्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

१५. **प्रतिवाद पेश गर्नुपर्नेः** (१) प्रतिवादीले दफा २० बमोजिम म्याद वा सूचना प्राप्त भएपछि म्याद वा सूचनामा तोकीएको समयावधि भित्र उजुरी प्रशासक समक्ष आफै वा वारेस मार्फत लिखित प्रतिवाद दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद पेश गर्दा प्रतिवादीले भएको प्रमाण तथा कागजातका प्रतिलिपि साथै संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) प्रतिवादीले लिखित ब्यहोरा दिँदा अनुसूची-५ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

१६. **प्रतिवाद जाँच गर्नेः** (१) उजुरी प्रशासकले दफा १५ बमोजिम पेश भएको प्रतिवाद जाँच गरी कानुन बमोजिमको रित पुगेको तथा म्याद भित्र पेश भएको देखिए दर्ता गरी समिति समक्ष पेश हुने गरी मिसिल सामेल गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद दर्ता हुने भएमा उजुरी प्रशासकले प्रतिवादीलाई वादी मिलानको तारेख तोक्नुपर्नेछ ।

१७. **लिखतमा पुरा गर्नुपर्ने सामान्य रितः** (१) प्रचलित कानुन तथा यस ऐनमा अन्यत्र लेखिए देखि बाहेक समिति समक्ष दर्ता गर्न ल्याएका उजुरी तथा प्रतिवादमा देहाय बमोजिमको रित समेत पूरा गर्नुपर्नेछः

(क) एफोर साइज को नेपाली कागजमा बायाँतर्फ पाँच सेन्टिमिटर, पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टिमिटर र त्यसपछिको पृष्ठमा पाँच सेन्टिमिटर छोडेको तथा प्रत्येक पृष्ठमा बत्तिस हरफमा नबढाई कागजको एकातर्फ मात्र लेखिएको;

(ख) लिखत दर्ता गर्न ल्याउने प्रत्येक व्यक्तिले लिखतको प्रत्येक पृष्ठको शीर पुछारमा छोटकरी दस्तखत गरी अन्तिम पृष्ठको अन्त्यमा लेखात्मक तथा ल्याप्चे सहिछाप गरेको;

(ग) कुनै कानुन व्यवसायीले लिखत तयार गरेको भए निजले पहिलो पृष्ठको बायाँ तर्फ निजको कानुन व्यवसायी दर्ता प्रमाणपत्र नंबर, नाम र कानुन व्यवसायीको किसिम खुलाई दस्तखत गरेको; तथा



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(घ) लिखतको अन्तिम प्रकरणमा यस लिखतमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भन्ने उल्लेख गरी सो मुनि लिखत दर्ता गर्न ल्याएको वर्ष, महिना र गते तथा वार खुलाई लिखत दर्ता गर्न ल्याउने व्यक्तिले दस्तखत गरेको, ।

तर ब्यहोरा पुर्याइ पेश भएको लिखत लिनलाइ यो उपदफाले बाधा पारेको मानिने छैन ।

(२) लिखतमा विषयहरू क्रमबद्द रूपमा प्रकरण प्रकरण छुट्याई संयमित र मर्यादित भाषामा लेखिएको हुनुपर्नेछ ।

(३) लिखतमा पेटबोलिमा परेको स्थानको पहिचान हुने स्पष्ट विवरण र व्यक्तिको नाम, थर , ठेगाना तथा अन्य विवरण स्पष्ट खुलेको हुनुपर्नेछ ।

(४) लिखत दर्ता गर्न ल्याउने वा समितिमा कुनै कागज गर्न आउनेले निजको नाम, थर र वतन खुलेको नागरिकता वा अन्य कुनै प्रमाण पेश गर्नुपर्छ ।

१८. **नक्कल पेश गर्नुपर्नेः** उजुरी वा प्रतिवाद दर्ता गर्न ल्याउनेले विपक्षीको लागि उजुरी तथा प्रतिवादको नक्कल तथा संलग्न लिखत प्रमाणहरूको नक्कल साथै पेश गर्नुपर्छ ।

१९. **उजुरी वा प्रतिवाद संशोधनः** (१) लिखत दर्ता गर्न ल्याउने पक्षले समितिमा दर्ता भइसकेको लिखतमा लेखाइ वा टाइप वा मुद्रणको सामान्य त्रुटी सच्याउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा माग बमोजिम सच्याउँदा दावी तथा प्रतिवादमा गरीएको माग वा दावीमा मुलभूत पक्षमा फरक नपर्ने र निकै सामान्य प्रकारको संशोधन माग गरेको देखेमा उजुरी प्रशासकले सो बमोजिम सच्याउन दिन सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(३) उपदफा (२) बमोजिम संशोधन भएमा  सो को जानकारी उजुरीको अर्को पक्षलाई दिनुपर्नेछ ।

## परिच्छेद-४

## म्याद तामेली तथा तारेख

२०. **म्याद सूचना तामेल गर्नेः** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम विवाद दर्ता भएपछि बढिमा दुई दिन भित्र प्रतिवादीका नाममा प्रचलित कानुनमा म्याद तोकीएको भए सोही बमोजिम र नतोकीएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्दा दफा ९ बमोजिमको उजुरी तथा उक्त उजुरी साथ पेश भएको प्रमाण कागजको प्रतिलिपि समेत संलग्न गरी पठाउनुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढि प्रतिवादीलाई म्याद दिनुपर्दा प्रमाण कागजको नक्कल कुनै एकजना मुल प्रतिवादीलाई पठाई बाँकिको म्यादमा प्रमाण कागजको नक्कल फलानाको म्याद साथ पठाइएको छ भन्ने व्यहोरा लेखी पठाउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले बढिमा तिन दिन भित्र तामेल गरी तामेलीको व्यहोरा खुलाई समितिमा पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम म्याद तामेल हुन नसकेमा देहाय बमोजिमको विद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गर्नुपर्नेछः

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै फ्याक्स वा ईमेल वा अन्य कुनै अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट;

(ख) प्रतिवादीले म्याद तामेली भएको जानकारी पाउन सक्ने मनासिब आधार छ भन्ने देखिएमा समितिको निर्णयबाट कुनै स्थानीय दैनिक



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

पत्रिकामा सूचना प्रकाशन गरेर वा स्थानीय एफ.एम. रेडियो वा स्थानीय टेलिभिजनबाट सूचना प्रसारण गरेर; वा

(ग) अन्य कुनै सरकारी निकायबाट म्याद तामेल गराउँदा म्याद तामेल हुन सक्ने मनासिब कारण देखिएमा समितिको आदेशबाट त्यस्तो सरकारी निकाय मार्फत ।

(६) यस ऐन बमोजिम म्याद जारी गर्नुपर्दा अनुसूची-६ बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ ।

२१. **रोहवरमा राख्नुपर्नेः** यस ऐन बमोजिम वडा कार्यालयमार्फत तामेल गरिएको म्यादमा सम्बन्धित वडाको अध्यक्ष वा सदस्य तथा कम्तिमा दुईजना स्थानीय भलादमी रोहवरमा राख्नुपर्नेछ ।

२२. **रीत बेरीत जाँच गर्नेः** (१) उजुरी प्रशासकले म्याद तामेलीको प्रतिवेदन प्राप्त भएपछि रीतपूर्वकको तामेल भएको छ वा छैन जाँच गरी आवश्यक भए सम्बन्धित वडा सचिवको प्रतिवेदन समेत लिई रीतपूर्वकको देखिए मिसिल सामेल राखि तथा बेरीतको देखिए बदर गरी पुनः म्याद तामेल गर्न लगाई तामेली प्रति मिसिल सामेल राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा सम्बन्धित कर्मचारीले बदनियत राखि कार्य गरेको देखिए उजुरी प्रशासकले सो व्यहोरा खुलाई समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको व्यहोरा उपयुक्त देखिए समितिले सम्बन्धित कर्मचारी उपर कारवाहीको लागि कार्यपालिका समक्ष लेखि पठाउनसक्नेछ ।

२३. **तारेखमा राख्नूपर्नेः** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम विवाद दर्ता गरेपछि उजुरीकर्तालाई र दफा १६ बमोजिम प्रतिवाद दर्ता गरेपछि प्रतिवादीलाई तारेख तोकी तारेखमा राख्नुपर्छ ।

(२) उजुरीका पक्षहरूलाई तारेख तोक्दा तारेख तोकीएको दिन गरिने कामको व्यहोरा तारेख भर्पाई तथा तारेख पर्चामा खुलाई उजुरीका सबै पक्षलाई


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

एकै मिलानको मिति तथा समय उल्लेख गरी एकै मिलानको तारेख तोक्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम तारेख तोकीएको समयमा कुनै पक्ष हाजिर नभए पनि तोकीएको कार्य सम्पन्न गरी अर्को तारेख तोक्नुपर्ने भएमा हाजिर भएको पक्षलाई तारेख तोकी समयमा हाजिर नभई पछि हाजिर हुने पक्षलाई अघि हाजिर भई तारेख लाने पक्षसँग एकै मिलान हुनेगरी तारेख तोक्नुपर्छ ।

(४) यस दफा बमोजिम तोकीएको तारेखमा उपस्थित भएका पक्षहरूलाई साथै राखि समितिले उजुरीको कारबाही गर्नुपर्छ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकीएको तारेखमा कुनै पक्ष उपस्थित नभए पनि समितिले विवादको विषयमा कारबाही गर्न बाधा पर्नेछैन ।

२४. **समितिको निर्णय बमोजिम हुनेः** समितिले म्याद तामेली सम्बन्धमा प्रचलित कानुन तथा यस ऐनमा लेखिए देखि बाहेकको विषयमा आवश्यक प्रक्रिया निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-५

## सुनवाई तथा प्रमाण बुझ्ने सम्बन्धमा

२५. **प्रारम्भिक सुनवाईः** (१) मेलमिलापबाट विवाद निरुपण हुन नसकी समितिमा आएका विवाद प्रतिवाद दर्ता वा बयान वा सो सरहको कुनै कार्य भएपछि सुनवाईको लागि पेश भएको विवादमा उपलब्ध प्रमाणका आधारमा तत्काल निर्णय गर्न सकिने भएमा समितिले विवाद पेश भएको पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।

(२) समिति समक्ष पेश भएको विवादमा उपदफा (१) बमोजिम तत्काल निर्णय गर्न सकिने नदेखिएमा समितिले देहाय बमोजिमको आदेश गर्न सक्नेछः-

(क) विवादमा मुख नमिलेको कुरामा यकीन गर्न प्रमाण बुझ्ने वा अन्य कुनै कार्य गर्ने;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ख) विवादमा बुझ्नुपर्ने प्रमाण यकिन गरी पक्षबाट पेश गर्न लगाउने वा सम्बन्धित निकायबाट माग गर्ने आदेश गर्ने;

(ग) मेलमिलापका सम्बन्धमा विवादका पक्षहरूसँग छलफल गर्ने; तथा

(घ) विवादका पक्ष उपस्थित भएमा सुनुवाइको लागि तारेख तथा पेसीको समय तालिका निर्धारण गर्ने ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलापको लागि पठाउने आदेश गर्नुपर्नेछ ।

२६. **प्रमाण दाखिल गर्नेः** वादी वा प्रतिवादीले कुनै नयाँ प्रमाण पेश गर्न अनुमति माग गरी निवेदन पेश गरेमा उजुरी प्रशासकले सोही दिन लिन सक्नेछ ।

२७. **लिखत जाँच गर्नेः** (१) समितिले उजुरीमा पेश भएको कुनै लिखतको सत्यता परीक्षण गर्न रेखा वा हस्ताक्षर विशेषज्ञलाई जाँच गराउन जरूरी देखेमा सो लिखतलाई असत्य भन्ने पक्षबाट परीक्षण दस्तुर दाखिल गर्न लगाई रेखा वा हस्ताक्षर विशेषज्ञबाट लिखत जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा मनासिब माफिकको समय तोकी आदेश गर्नुपर्नेछ र समयभित्र जाँच सम्पन्न हुनको लागि यथासम्भव व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा लिखत असत्य ठहरिएमा लिखत सत्य रहेको भन्ने पक्षबाट लागेको दस्तुर असुल गरी उपदफा (१) बमोजिम दस्तुर दाखिल गर्ने पक्षलाई भराईदिनुपर्छ ।

२८. **साक्षी बुझ्नेः** (१) समितिबाट साक्षी बुझ्ने आदेश गर्दा साक्षी बुझ्ने दिन तोकी आदेश गर्नुपर्नेछ । साक्षी राख्दा बढीमा ५ जना राख्नु पर्ने ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि उजुरी प्रशासकले उजुरीको पक्षलाई आदेशमा उल्लेख भएको मितिमा साक्षी बुझ्ने तारेख तोक्नुपर्नेछ ।

(३) साक्षी बुझ्ने तारेख तोकीएको दिनमा आफ्नो साक्षी समिति समक्ष उपस्थित गराउनु सम्बन्धित पक्षको दायित्व हुनेछ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

२९. **समितिको तर्फबाट बकपत्र गराउनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नाबालक वा अशक्त वा वृद्दवृद्दा पक्ष रहेको उजुरीमा साक्षी बकपत्रको लागि तोकीएको तारेखको दिन उपस्थित नभएको वा उपस्थित नगराइएको साक्षीलाई समितिले म्याद तोकी समितिको तर्फबाट झिकाई बकपत्र गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साक्षी झिकाउँदा बकपत्र हुने तारेख तोकी म्याद जारी गर्नुपर्नेछ र उजुरीका पक्षहरूलाई समेत सोही मिलानको तारेख तोक्नुपर्नेछ ।

३०. **साक्षी बकपत्र गराउनेः** (१) उजुरी प्रशासकले साक्षी बकपत्रको लागि तोकीएको दिन पक्षहरूसँग निजहरूले उपस्थित गराउन ल्याएका साक्षीको नामावली लिई समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) साक्षी बकपत्रको लागि तोकीएको तारेखको दिन उजुरीका सबै पक्षले साक्षी उपस्थित गराउन ल्याएको भए कार्यालय खुल्नासाथ तथा कुनै पक्षले साक्षी उपस्थित गराउन नल्याएको भए दिनको बाह्र बजेपछि समितिले उपलब्ध भए सम्मका साक्षीको बकपत्र गराउनुपर्नेछ ।

३१. **बन्देज गर्न सक्नेः** (१) साक्षीको बकपत्र गराउँदा उजुरीको विषयवस्तु भन्दा फरक प्रकारको तथा साक्षी वा उजुरीको पक्षलाई अपमानित गर्ने वा झिझ्याउने वा अनुचित प्रकारको प्रश्न सोधिएमा समितिले त्यस्तो प्रश्न सोध्नबाट पक्षलाई बन्देज गर्न सक्नेछ ।

(२) नाबालक वा वृद्द वा असक्त वा बिरामीले साक्षी बक्नुपर्ने भई त्यस्तो उजुरीमा कुनै पक्षको उपस्थिति वा अन्य कुनै मनासिब कारणले साक्षीलाई बकपत्र गर्न अनुचित दबाव परेको वा पर्ने प्रबल सम्भावना रहेको छ भन्ने समितिलाई लागेमा समितिले त्यस्तो पक्षको प्रत्यक्ष उपस्थितिलाई बन्देज गरी निजले साक्षीले नदेख्ने गरी मात्र उपस्थित हुन आदेश गर्न सक्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(३) उपदफा (२) बमोजिम आदेश गरेमा साक्षीले नदेख्ने गरी पक्ष उपस्थित हुने व्यवस्था मिलाउने दायित्व समितिको हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम गर्दा समितिले उजुरीसँग सम्बन्धित आवश्यक प्रश्न तयार गरी समितिको तर्फबाट बकपत्र गराउन सक्नेछ ।

३२. **पेसी सूची प्रकाशन गर्नुपर्नेः** (१) उजुरी प्रशासकले प्रत्येक हप्ता शुक्रवार अगामी हप्ताको लागि पेसी तोकीएको विवादहरूको साप्ताहिक पेसी सूची तथा तोकीएको दिन उक्त दिनको लागि पेसी तोकीएका विवादहरूको पेसी सूची प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची संयोजकले र निजको अनुपस्थितिमा निजले जिम्मेवारी तोकेको समितिको सदस्यले प्रमाणित गर्नुपर्नेछ ।

३३ **दैनिक पेसी सूचीः** (१) उजुरी प्रशासकले दफा ३२ बमोजिमको साप्ताहिक पेसी सूचीमा चढेका विवाद हरूको तोकीएको दिनको पेसी सूची तयार गरी एक प्रति सूचना पाटीमा टाँस्न लगाउनुपर्नेछ तथा एक प्रति समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा विवादहरू उल्लेख गर्दा विवाद दर्ताको आधारमा देहायको क्रममा तयार गरी प्रकाशन गराउनुपर्नेछः-

(क) नाबालक पक्ष भएको विवाद;

(ख) शारीरिक असक्तता वा अपाङ्गता भएको व्यक्ति पक्ष भएको विवाद;

(ग) सत्तरी वर्ष उमेर पूरा भएको वृद्द वा वृद्दा पक्ष भएको विवाद; तथा

(घ) विवाद दर्ताको क्रमानुसार पहिले दर्ता भएको विवाद ।

(३) उपदफा (२) बमोजिम पेसी सूची तयार गर्दा मुल्तवीबाट जागेका तथा सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट पुनः इन्साफको लागि प्राप्त भई दर्ता भएको विवादको हकमा शुरूमा समितिमा दर्ता भएको मितिलाई नै दर्ता मिति मानि क्रम निर्धारण गर्नुपर्नेछ ।

(४) उपदफा (१) वा (२) मा रहेको क्रमानुसार नै समितिले विवादको सुनवाई र कारवाही तथा किनारा गर्नुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

३४. **उजुरी प्रशासकको जिम्मेवारी हुनेः** पेसी सूचीमा चढेका विवादहरू कार्यालय खुलेको एक घण्टा भित्र समिति समक्ष सुनवाईको लागि पेश गर्ने तथा उक्त दिनको तोकीएको कार्य सकिए पछि समितिबाट फिर्ता बुझिलिई सुरक्षित राख्ने जिम्मेवारी उजुरी प्रशासकको हुनेछ ।

३५. **प्रमाण सुनाउन सक्नेः** समितिले दफा २५ बमोजिम तोकीएको तारेखको दिन उपस्थित सबै पक्षलाई अर्को पक्षले पेश गरेको प्रमाण एवम् कागजात देखाई पढि बाँची सुनाई सो बारेमा अर्को पक्षको कुनै कथन रहेको भए लिखित बयान गराई मिसिल सामेल गराउन सक्नेछ ।

३६. **विवादको सुनवाई गर्नेः** (१) समितिले दुवै पक्षको कुरा सुनी निजहरूको विवादको सुनवाई तथा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुनवाई तथा निर्णय गर्दा पक्षहरूको रोहवरमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम विवादको सुनवाई गर्दा इजलास कायम गरी सुनवाई गर्न मनासिव देखिएमा सोही अनुसार गर्न सक्नेछ ।

तर दुबै पक्षको भनाइ तथा जिकिर सुन्नलाई उपदफा ३ अनुसारको इजलास कायम गर्न बाधा हुने छैन ।

३७. **बन्द इजलासको गठन गर्नसक्ने** (१) समितिले महिला तथा बालबालिका समावेश रहेको तथा आवश्यक देखेको अन्य विवादको सुनवाईको लागि बन्द इजलास कायम गरी सुनवाई गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा विवादका पक्ष तथा अन्य सरोकारवाला बाहेक अन्य व्यक्तिलाई इजलासमा प्रवेश गर्न नपाउने गरी बन्द इजलासको गठन गर्नुपर्नेछ ।

(३) बन्द इजलासबाट हेरिने विवादको काम कारवाही, पीडितको नाम थर ठेगाना लगायतका विषय गोप्य राखुपर्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

३८. **बन्द इजलास सम्बन्धी अन्य व्यवस्थाः** (१) बन्द इजलासबाट हेरिएका विवादहरूको कागजातको प्रतिलिपि वादी, प्रतिवादी र निजको हितमा असर परेको कुनै सरोकारवाला बाहेक अरू कसैलाई उपलब्ध गराउनुहुँदैन ।

(२) उपदफा (१) बमोजिमको विवादको तथ्य खुलाई कुनै समाचार कुनै पत्रपत्रिकामा संप्रेषण हुन दिनु हुँदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले पक्षको गोपनियता तथा हितमा प्रतिकुल प्रभाव नपर्ने गरी समाचार संप्रेषण गर्न भने कुनै बाधा पर्नेछैन ।

३९. **थप प्रमाण बुझ्नेः** विवादको सुनवाईको क्रममा विवादको कुनै पक्षको अनुरोधमा वा विवाद सुनवाईको क्रममा समिति आफैले थप प्रमाण बुझ्नुपर्ने देखेमा उजुरीका पक्षहरूलाई थप प्रमाण पेश गर्न पेश गर्ने तारेख तोकी आदेश गर्न सक्नेछ ।

४०. **स्वार्थ बाझिएको विवाद हेर्न नहुनेः** समितिको सदस्यले देहायका विवादको कारवाही र किनारामा संलग्न हुनुहुँदैनः-

(क) आफ्नो वा नजिकको नातेदारको हक हित वा सरोकार रहेको विवाद;

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले अपुताली पर्दा कानुन बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकता क्रममा रहेको व्यक्ति, मामा, माइजु, सानीआमा, ठूलीआमा, सानोबाबु, ठूलोबाबु, पति वा पत्नी तर्फका सासू, ससुरा, फूपु, फूपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाईं, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाईं, भाञ्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको एकासगोलमा रहेको परिवारको सदस्य सम्झनुपर्छ ।

(ख) निजले अन्य कुनै हैसियतमा गरेको कुनै कार्य वा निज संलग्न रहेको कुनै विषय समावेश रहेको कुनै विवाद;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ग) कुनै विषयमा निजले विवाद चल्ने वा नचल्ने विषयको छलफलमा सहभागि भई कुनैराय दिएको भए सो विषय समावेश रहेको विवाद; वा

(घ) अन्य कुनै कारणले आधारभूत रूपमा निज र निजको एकाघरसंगोलका परिवारका सदस्यको कुनै स्वार्थ बाझिएको विवाद ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएमा जुन सदस्यको त्यस्तो अवस्था पर्छ उक्त सदस्यले विवाद हेर्न नहुने कारण खुलाई आदेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) को प्रतिकुल हुने गरी कुनै सदस्यले कुनै विवादको कारबाही र किनारामा सहभागि हुन लागेमा विवादको कुनै पक्षले आवश्यक प्रमाण सहित विवादको कारबाही किनारा नगर्न निवेदन दिन सक्नेछ र सो सम्बन्धमा काम कारबाही स्थानीय ऐनको दफा ४८(५) अनुसार हुनेछ ।

(४) उपदफा (३) अनुसार विवाद निरुपण हुन नसक्ने अवस्थामा स्थानीय ऐनको दफा ४८(६) र (७) को ब्यबस्था अनुसारको सभाले तोकेको समितिले काम कारबाही र किनारामा गर्नेछ ।

(५) उपदफा (४) बमोजिम गर्दा सभाले विवादका पक्षहरूलाई सोही उपदफा बमोजिम गठित समितिबाट विवादको कारबाही किनारा हुने कुराको जानकारी गराई उक्त समिति समक्ष उपस्थित हुन पठाउनुपर्नेछ ।

## परिच्छेद-६

## निर्णय र अन्य आदेश

४१. **निर्णय गर्नुपर्नेः** (१) समितिले सुनवाईको लागि पेश भएको विवाद हेर्दा कुनै प्रमाण बुझ्नुपर्ने बाँकि नरहि विवाद किनारा गर्ने अवस्था रहेको देखिएमा सोही पेसीमा विवादमा निर्णय गर्नुपर्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिम निर्णय गरेपछि निर्णयको व्यहोरा निर्णय किताबमा लेखि समितिमा उपस्थित सदस्यहरू सबैले दस्तखत गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको निर्णयको दफा ४२ र अन्य प्रचलित कानुन बमोजिम खुलाउनुपर्ने विवरण खुलेको पूर्ण पाठ निर्णय भएको मितिले बढिमा सात दिन भित्र तयार गरी मिसिल सामेल राख्नुपर्छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समयाभाव अथवा अन्य कुनै मनासिब कारणले गर्दा सोही दिन विवाद निर्णय गर्न नसक्ने भएमा आगामि हप्ताको कुनै दिनको लागि अर्को पेसी तारेख तोक्नुपर्नेछ ।

४२. **खुलाउनुपर्नेः** (१) समितिले दफा ४१ बमोजिम गरेको निर्णयको पूर्णपाठमा यस दफा बमोजिमका कुराहरू खुलाई अनुसूची-७ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्णपाठ तयार गर्दा वादी तथा प्रतिवादीको जिकिर, निर्णय गर्नुपर्ने देखिएको विषय, दुवै पक्षबाट पेश भएको प्रमाणका कुराहरू समेतको विषय खुलाउनुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भएदेखिबाहेक पूर्णपाठमा देहायका कुराहरू समेत खुलाउनुपर्नेछः-

(क) तथ्यको ब्यहोरा;

(ख) विवादको कुनै पक्षले कानुन व्यवसायी राखेको भएमा निजले पेश गरेको बहस नोट तथा बहसमा उठाइएका मुल विषयहरु;

(ग) निर्णय गर्नको लागि आधार लिइएको प्रमाणका साथै दुवै पक्षबाट पेश भएको प्रमाण तथा त्यसको विश्लेषण;

(घ) निर्णय कार्यान्वयन गर्नको लागि गर्नुपर्ने विषयहरूको सिलसिलेवार उल्लेखन सहितको तपसिल खण्ड; तथा

(ङ) निर्णय उपर पुनरावेदन लाग्ने भएमा पुनरावेदन लाग्ने जिल्ला अदालतको नाम र के कति दिनभित्र पुनरावेदन गर्नुपर्ने हो सो समेत ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(४) उपदफा २ तथा ३ मा उल्लेख भएदेखि बाहेक देहायका कुराहरु समेत निर्णयमा खुलाउन सक्नेछः-

(क) साक्षी वा सर्जमिनको बकपत्रको सारांश;

(ख) कुनै नजीरको व्याख्या वा अवलम्बन गरेको भए सो नजीरको विवरण र विवादमा उक्त नजीरको सिद्दान्त के कुन आधारमा लागु भएको हो अथवा लागु नभएको हो भन्ने कारण सहितको विश्लेषण;

(ग) निर्णयबाट कसैलाई कुनै कुरा दिनु भराउनु पर्ने भएको भए कसलाई के कति भराई दिनुपर्ने हो सोको विवरण; तथा

(घ) विवादको क्रममा कुनै मालसामान वा प्रमाणको रुपमा केहि वस्तु समिति समक्ष पेश भएको भए सो मालसामान वा वस्तुको हकमा के गर्ने हो भन्ने विषय ।

४३. **प्रारम्भिक सुनवाईमा निर्णय हुनसक्नेः** (१) समितिले पहिलो सुनवाईको लागि पेश भएको अवस्थामा नै विवादमा थप प्रमाण बुझिरहनुपर्ने अवस्था नरहेको देखेमा अथवा हदम्याद वा हकदैया वा समितिको क्षेत्राधिकार नरहेको कारणले विवाद निर्णय गर्न नमिल्ने देखेमा पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय क्षेत्राधिकारको अभाव रहेको कारणले भएको अवस्थामा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा स्थानीय तह वा अन्य निकायमा उजुरी गर्न जानु भनि सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ ।

४४. **निर्णय संशोधनः** (१) समिति समक्ष विवादको पक्ष वा कुनै सरोकारवालाले विवादको निर्णयमा भएको कुनै लेखाईको त्रुटी संशोधन गरी पाउन जिकिर लिई निर्णयको जानकारी भएको पैंतिस दिन भित्र निवेदन दिन सक्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिमको निवेदन परी समितिले हेर्दा सामान्य त्रुटी भएको र संशोधनबाट निर्णयको मूल आशयमा कुनै हेरफेर नहुने देखेमा छुट्टै पर्चा खडा गरी निवेदन बमोजिम निर्णय संशोधन गर्ने आदेश दिनसक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश मूल निर्णयको अभिन्न अङ्गको रुपमा लिइनेछ ।

४५. **निर्णयमा हेरफेर गर्न नहुनेः** (१) समितिका सदस्य अथवा अरु कसैले पनि समितिका सदस्यहरुको दस्तखत भैसकेपछि निर्णयमा कुनै प्रकारको थपघट वा केरमेट गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिम को कसुर गर्ने कर्मचारीलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनुपर्नेछ ।

४६. **निर्णय भएपछि गर्नुपर्ने कारवाही**: (१) उजुरी प्रशासकले समितिबाट निर्णय भएपश्चात निर्णय किताबमा समितिका सदस्यहरु सबैको दस्तखत भएको यकिन गरी निर्णय किताब र मिसिल जिम्मा लिनुपर्छ ।

(२) यस ऐन बमोजिम निर्णयको पूर्णपाठ तयार भएपछि सबै सदस्यको दस्तखत भैसकेपछि उजुरी प्रशासकले निर्णयको कार्यान्यवय गर्नका लागि तत्काल गर्नुपर्ने केहि कार्य भए सो सम्पन्न गरी मिसिल अभिलेखको लागि पठानुपर्छ ।

४७. **निर्णय गर्नपर्ने अवधिः** (१) समितिले प्रतिवाद दाखिल भएको वा बयान गर्नुपर्नेमा प्रतिवादीको बयान भएको मितिले तथा प्रतिवाद दाखिल नभएको वा बयान नभएकोमा सो हुनुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र विवादको अन्तिम निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि गणना गर्दा मेलमिलापको लागि पठाईएको विवादको हकमा मेलमिलापको प्रक्रियामा लागेको समय कटाई अवधि गणना गर्नुपर्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवादमा बुझ्नुपर्ने प्रमाण तथा पूरा गर्नुपर्ने प्रक्रिया बाँकि नरही विवाद निर्णय गर्न अङ्ग पुगिसकेको भए सो पुगेको पन्ध्र दिनभित्र अन्तिम निर्णय गर्नुपर्नेछ ।

४८. **अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिनेः**

स्थानीय ऐनको दफा ४९ को उपदफा ८ को खण्ड (क) देखि (ङ) सम्म उल्लिखित विषयमा तत्काल अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिनेछ । यस्तो आदेश जारी गर्दा निवेदकले पेश गरेको कागजात, निजको अवस्था र वस्तुगत परिस्थितिको प्रारम्भिक छानविन गरी तत्काल आदेश नगरे निवेदकलाई पर्न सक्ने नकारात्मक प्रभावको मूल्याङ्कन गर्नु पर्दछ । न्यायिक समितिले जारी गर्ने अन्तरिम संरक्षणात्मक आदेश अनुसूची ८ मा उल्लेख गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७

## समितिको सचिवालय

४९. **समितिको सचिवालयः** (१)समितिको कार्यसम्पादनलाई सहजिकरणा गर्न एक सचिवालय रहने छ

(२) उपदफा (१) वमोजिमको सचिवालयमा कार्यपालिकाले आवश्यता अनुसार उजुरी प्रशासक, अभिलेख प्रशासक तथा अन्य कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ । सचिवालयको कार्यसम्पादनलाई व्यवस्थित गर्न सचिवालय अन्तर्गत उजुरी शाखा/ फाँट तथा अभिलेख शाखा /फाँट रहन सक्नेछ ।

५०. **उजुरी प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएदेखि बाहेक उजुरी प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पेश भएका उजुरी, प्रतिवाद र अन्य लिखतहरु जाँच गरी रीत पुगेको भए कानुन बमोजिम लाग्ने दस्तुर लिई दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(ख) विवादमा प्रमाणको लागि पेश भएका नक्कल कागजलाई सक्कलसँग भिडाई ठिक देखिएमा प्रमाणित गर्ने र मिसिल सामेल राख्ने तथा सक्कलमा केहि कैफियत देखिएमा सो जनाई सम्बन्धित पक्षको सहिछाप गराई राख्ने;

(ग) पेश भएका लिखत साथ संलग्न हुनुपर्ने प्रमाण तथा अन्य कागजात छ वा छैन भए ठीक छ वा छैन जाँच्ने;

(घ) समितिको आदेशले झिकाउनुपर्ने प्रतिवादी, साक्षी वा अन्य व्यक्तिको नाममा म्याद जारी गर्ने;

(ङ) विवादका पक्षलाई तारेख वा पेसी तारेख तोक्ने;

(च) समिति समक्ष पेश हुनुपर्ने निवेदन दर्ता गरी आदेशको लागि समिति समक्ष पेश गर्ने;

(छ) कानुन बमोजिम वारेस लिने तथा गुज्रेको तारेख थाम्ने निवेदन लिई आवश्यक कारवाही गर्ने;

(ज) समितिबाट भएको आदेश कार्यान्वयन गर्ने गराउने;

(झ) समितिमा पेश वा प्राप्त भएका कागजपत्र बुझ्ने, भर्पाई गर्ने लगायतका कार्यहरु गर्ने;

(ञ) आवश्यकतानुसार समितिको तर्फबाट पत्राचार गर्ने;

(ट) समितिको आदेशले तामेल गर्नुपर्ने म्याद तामेल गर्नेगराउने, तामेल भएको म्यादको तामेली जाँची रीतपूर्वकको नभए पुनः जारी गर्ने तथा अन्य अदालत वा निकायबाट प्राप्त भएको नगरपालिकाले तामेल गरिदिनुपर्ने म्याद तामेल गर्ने गराउने;

(ठ) निर्णय किताब र उजुरीको मिसिल जिम्मा लिने;

(ड) समितिमा दर्ता भएका विवाद तथा निवेदन लगायतका कागजातको अभिलेख तयार गर्ने र मासिक वा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने निकाय समक्ष प्रतिवेदन तयार गरी संयोजकबाट प्रमाणित गराई सम्बन्धित निकायमा पठाउने;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ढ) आफ्नो जिम्मा रहेका उजुरीका मिसिलमा रहेका कागजातको रीतपूर्वक नक्कल दिने;

(ण) जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी निर्णय भएका विवादमा पुनरावेदन म्याद जारी गरी तामेल गर्ने गराउने;

(त) अदालत वा अन्य कुनै निकायमा विवादको मिसिल वा कुनै कागजात पठाउनुपर्ने भएमा समितिलाई जानकारी गराई मिसिल वा कागजात पठाउने तथा फिर्ता प्राप्त भएपछि कानुन बमोजिम सुरक्षित राख्ने व्यवस्था मिलाउने;

(थ) निर्णय किताब जिम्मा लिने; तथा

(द) पेश भएका निवेदन लगायतका कागजातमा समितिबाट आदेश हुनुपर्ने वा निकासा लिनुपर्नेमा समिति समक्ष पेश गर्ने ।

**५१. अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भए बाहेक अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निर्णय कार्यान्वयन सम्बन्धीः

(२) निर्णय बमोजिम चलन चलाउनुपर्ने, कुनै कुरा दिलाईभराई दिनुपर्ने लगायतका निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरु गर्ने तथा निर्णय कार्यान्वयनको अभिलेख राखी कानुन बमोजिम विवरण पठाउनुपर्ने निकायहरुमा विवरण पठाउने;

(३) निर्णय कार्यान्वयनको क्रममा निवेदन दिएका पक्षहरुको वारेस लिने, सकार गराउने, गुज्रेको तारेख थमाउने लगायतका कार्यहरु गर्ने;

(४) समितिको आदेशले रोक्का भएको वा अरु कुनै अदालत वा निकायबाट रोक्का भै आएको जायजेथा अन्य अड्डा अदालतमा दाखिल चलान गर्नुपर्ने भए सो गर्ने;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(५) निर्णय बमोजिम लिलाम गर्ने लगायतका अन्य कुनै काम गर्नुपर्ने भए सो समेत गर्ने; तथा

(६) लेखिएदेखि बाहेकको कुनै कार्य निर्णय कार्यान्वयनको क्रममा गर्नुपर्ने भएमा समिति समक्ष पेश गरी आदेश बमोजिम गर्ने ।

(ख) अभिलेख संरक्षण सम्बन्धीः

(१) अभिलेख शाखाको रेखदेख गरी निर्णय भएका मिसिल सुरक्षित राख्ने र कानुन बमोजिम सडाउनुपर्ने कागजहरु सडाउने;

(२) निर्णय भएका मिसिलहरुमा कागजात जाँच गरी दुरुस्त रहेनरहेको हेर्ने र मिसिल कानुन बमोजिम गरी दुरुस्त अवस्थामा राख्ने;

(३) कानुन बमोजिम सडाउने कागजको विवरण तयार गरी सो विवरण सुरक्षित रहने व्यवस्था गर्ने;

(४) अभिलेख शाखामा प्राप्त भएको मिसिलहरुको सालबसाली अभिलेख राख्ने र आवश्यकतानुसार विवरण तयार गर्ने; तथा

(५) कुनै अदालत वा निकायबाट अभिलेखमा रहेको मिसिल वा कुनै कागजात माग भै आएमा रीतपूर्वक पठाउने र फिर्ता प्राप्त भएपछि रीतपूर्वक गरी सुरक्षित राख्ने ।

५२. **उजुरी प्रशासक वा अभिलेख प्रशासकको आदेश उपरको निवेदनः** (१) यस ऐन बमोजिम उजुरी प्रशासक वा अभिलेख प्रशासकले गरेको आदेश वा कारवाही उपर चित्त नबुझ्ने पक्षले सो आदेश वा कारवाही भएको पाँच दिनभित्र समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर सुनुवाई गरी निवेदन पेश भएको बढिमा सात दिन भित्र निवेदन उपरको कारबाही टुङ्ग्याउनुपर्नेछ ।



बर्दिबास नगरपालिका

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदन उपर आदेश वा निर्णय गर्नुपूर्व केहि बुझ्नुपर्ने भए सो बुझेर मात्र निर्णय वा आदेश गर्नुपर्नेछ ।

## परिच्छेद-८

## मेलमिलाप सम्बन्धी व्यवस्था

५३. **मिलापत्र गराउनेः** (१) समितिले प्रचलित कानुन बमोजिम मिलापत्र हुन सक्ने जुनसुकै उजुरीमा मिलापत्र गराउन सक्नेछ ।

(२) विवादका पक्षहरूले मिलापत्रको लागि अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिएमा समितिले उजुरीमा मिलापत्र गराउन उपयुक्त देखेमा मिलापत्र गराइदिनेछ ।

(३) उपदफा (२) बमोजिम पक्षहरूले दिएको निवेदनको व्यहोरा समितिले दुवै पक्षलाई सुनाई त्यसको परिणाम सम्झाई पक्षहरूको मिलापत्र गर्ने सम्बन्धमा सहमति रहेनरहेको सोध्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सुनाउँदा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा समितिले पक्षहरूको निवेदनमा उल्लेख भएको व्यहोरा बमोजिमको मिलापत्र तीन प्रति तयार गराउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मिलापत्रको व्यहोरा पक्षहरूलाई पढीबाँची सुनाई मिलापत्र गर्न मञ्जुर भएमा पक्षहरूको सहिछाप गराई समितिका सदस्यहरूले मिलापत्र कागज अनुसूची-१० बमोजिमको ढाँचामा प्रमाणित गरी एक प्रति समितिले अभिलेखको लागि मिसिलमा राख्नुपर्नेछ तथा एक-एक प्रति वादी तथा प्रतिवादीलाई दिनुपर्नेछ ।

५४. **मेलमिलाप गराउन सक्नेः** (१) समितिले प्रचलित कानुन बमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा पक्षहरूबीच मेलमिलाप गराउन सक्नेछ ।

(२) पक्षहरूले जुनसुकै तहमा विचाराधीन रहेको प्रचलित कानुनले मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादमा विवादका पक्षले संयुक्त रूपमा समिति समक्ष निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम निवेदन दिएकोमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त देखिएमा समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट निरोपण गर्न लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेशपछि मेलमिलाप सम्बन्धी कारबाही प्रारम्भ गरी पक्षहरूबीच मेलमिलाप गराईदिनुपर्नेछ ।

(५) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

**५५. उजुरी निर्णय गर्नेः** (१) समितिले यस ऐन बमोजिम मेलमिलापको माध्यमबाट उजुरीको निरोपण गर्न प्रक्रिया बढाएकोमा मेलमिलापको माध्यमबाट उजुरीको निरोपण हुन नसकेमा पक्षहरूलाई उजुरीको पेसी तारेख तोकी कानुन बमोजिम कारवाही गरी सुनवाई तथा निर्णय गर्ने प्रक्रिया बढाउनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनि सुनाईदिनुपर्नेछ ।

**५६. मेलमिलाप वा मिलापत्र हुन नसक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उजुरीमा मिलापत्र गराउँदा उजुरीको प्रकृति वा मिलापत्रको व्यहोराबाट नेपाल सरकार वादी भई चलेको कुनै विवाद वा सार्वजनिक तथा सरकारी सम्पत्ति वा हितमा असर पर्ने देखिएमा समितिले त्यस्तो विवादमा मिलापत्र गराउनेछैन ।

तर त्यस्तो असर पर्ने व्यहोरा हटाई अन्य व्यहोराबाट मात्र मिलापत्र गर्न चाहेमा भने मिलापत्र गराईदिनुपर्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

५७. **मेलमिलापको लागि प्रोत्साहन गर्नेः** (१) समितिले समिति समक्ष सुनवाईको लागि पेश भएको उजुरीमा मेलमिलाप हुनसक्ने सम्भावना रहेको देखेमा पक्षहरूलाई मेलमिलापको लागि तारेख तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको तारेखको दिन समितिले विवादका पक्ष तथा विपक्ष, उपस्थित भएसम्म पक्षले पत्याई साथै लिइआएका अन्य व्यक्ति समेत उपस्थित गराई मेलमिलापको लागि छलफल गराई पक्षहरूको बीचमा सहमति भएमा सहमति भए बमोजिम मिलापत्र कागज तयार गर्न लगाई मिलापत्र गराईदिनुपर्नेछ ।

(३) उजुरीमा तोकीएको म्यादमा समिति समक्ष उपस्थित नभएको वा उपस्थित भएर पनि तारेख गुजारी विवादमा तारेखमा नरहेको पक्ष अथवा विवादमा पक्ष कायम नभएको भए तापनि विवादको पेटबोलीबाट उजुरीको पक्ष कायम हुने देखिएको व्यक्तिसमेत मेलमिलापको लागि उपस्थित भएमा समितिले मेलमिलाप गराई मिलापत्रको कागज गराई दिनुपर्नेछ ।

५८. **प्रारम्भिक सुनवाई पूर्व मेलमिलापः** (१) उजुरी प्रशासकले प्रारम्भिक सुनवाईको लागि समिति समक्ष उजुरी पेश हुनुपूर्व उजुरीमा मेलमिलाप हुनसक्ने अवस्था देखिएमा वा पक्षहरूले सो व्यहोराको निवेदन लिई आएमा मिलापत्रको व्यहोरा खुलेको कागज तयार गरी समिति समक्ष पेश गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा मिलापत्रमा अन्तिम सहमति नजुटेको भए तापनि पक्षहरू मेलमिलापको लागि प्रक्रियामा जान सहमत भएमा उजुरी प्रशासकले पक्षहरूको निवेदन लिई उजुरीमा मेलमिलापको लागि मेलमिलापकर्तासमक्ष पठाउने आदेशको लागि समिति समक्ष पेश गर्नसक्नेछ ।

५९. **मेलमिलापकर्ताको सूची तयार गर्नेः** (१) समितिले मेलमिलापको कार्य गराउनको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिहरूको विवरण खुलाई सम्भावित मेलमिलापकर्ताको सूची तयार गर्नेछः


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(क) कम्तिमा स्नातक उत्तीर्ण गरेको;

(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको; तथा

(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

(घ) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको

(ङ) २५ बर्ष उमेर पूरा भएको ।

(च) माथी योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिइ हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने ।

(२) मेलमिलापकर्ताको सूची तयार गरेपछि समितिले सूची सभा समक्ष पेश गरी अनुमोदन गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि समितिले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नुपर्नेछ तथा मेलमिलापको लागि पठाउँदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनुपर्नेछ ।

६०. **मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नेः** (१) समितिले दफा ५९ बमोजिम तयार भएको सूची प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ ।

(२) प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलापकर्ताको सूची समितिले सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानुन बमोजिम मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन योग्यता पुगेको व्यक्तिले समिति समक्ष सूचीकृत गरिपाउनको लागि अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनसक्नेछ ।

६१. **मेलमिलापकर्ताको सूचीबाट हटाउनेः** (१) समितिले दफा ६० बमोजिम मेलमिलापकर्ताको सूची अद्यावधिक गर्दा देहायको अवस्थाका मेलमिलापकर्ताको नाम सूचीबाट हटाउनेछः-

(क) निजको मृत्यु भएमा;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ख) निजले आफ्नो नाम सूचीबाट हटाईपाउँ भन्ने निवेदन दिएमा;

(ग) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा;

(घ) निज कुनै संस्थासँग सम्बध्द रहेकोमा सो संस्था खारेज वा विघटन भएमा; र

(ङ) समितिले दफा ६७ को उपदफा (२) बमोजिम निजलाई सूचीबाट हटाउने निर्णय गरेमा ।

(च) बसाँइसराइँ गरेमा ।

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाइएका मेलमिलापकर्ताहरूको नामावली समितिले सार्वजनिक सूचनाको लागि प्रकाशन गर्नुपर्नेछ ।

६२. **मेलमिलापको लागि समयावधि तोक्ने**: (१) समितिले यस ऐन बमोजिम मेलमिलाको लागि मेलमिलापकर्ता पठाउँदा बढिमा तिन महिना सम्मको समय तोकी पठाउनेछ ।

(२) मेलमिलापको लागि पठाउँदा सामान्यतयाः वढिमा तीनजना बाट मेलमिलाप गराउने गरी तोक्नुपर्नेछ ।

६३. **मेलमिलापकर्ताको छनौटः** (१) समितिले मेलमिलाप गराउने कार्यको लागि विवादका पक्षहरूलाई एक जना मेलमिलापकर्ताको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा पक्षहरूबीचमा एकजना मेलमिलापकर्ताको लागि सहमति नभएमा समितिले पक्षहरूको सहमतिमा तिन जना मेलमिलापकर्ताको छनौट गर्नुपर्नेछ ।

(३) पक्षहरूको बीचमा मेलमिलापकर्ताको नाममा सहमति हुन नसकेमा समितिले मेलमिलापकर्ताको सूचीमा रहेका मेलमिलापकर्ताहरू मध्येबाट दुवै पक्षबाट एक-एक जना मेलमिलापकर्ता छनौट गर्न लगाई तेस्रो मेलमिलापकर्ता छनौट गरिदिनुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(४) उजुरीका सबै पक्षको सहमतिमा मेलमिलापकर्ताको सूचीमा नरहेको यस ऐन बमोजिम मेलमिलापकर्ता हुन अयोग्य नभएको कुनै व्यक्ति वा संस्थाबाट मेलमिलाप प्रक्रिया अगाडि बढाउन सहमत भई लिखित निवेदन दिएमा समितिले त्यस्तो व्यक्ति वा संस्थालाई मेलमिलापकर्ता तोकीदिनुपर्नेछ ।

६४. **मेलमिलापकर्ताको परिवर्तनः** (१) समितिले देहायको अवस्था परि पक्षहरूले निवेदन दिएको अवस्थामा मेलमिलापकर्ता परिवर्तन गरिदिनुपर्नेछः-

(क) दफा ६१ बमोजिम मेलमिलापकर्ताको सूचीबाट हटाउने अवस्था भएमा;

(ख) पक्षहरूले पारस्परिक सहमतिमा मेलमिलापकर्ता हेरफेर गर्न मञ्जुर भएमा;

(ग) विवादको कुनै पक्षले मेलमिलापकर्ता प्रति अविश्वास रहेको लिखित जानकारी गराएमा;

(घ) कुनै कारणले मेलमिलापकर्ताले मेलमिलापमा सहभागी भैरहन नसक्ने जनाएमा;

(ङ) विवादको विषयवस्तुमा मेलमिलापकर्ताको कुनै स्वार्थ रहेको मेलमिलापकर्ताले जानकारी गराएमा वा कुनै स्रोतबाट समिति समक्ष जानकारी भएमा; तथा

(च) मेलमिलापकर्ताले मेलमिलापकर्ताको हैसियतले कार्यगर्दा दफा ६६ तथा अन्य प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने आचरण पालन नगरेमा ।

(२) मेलमिलापकर्ता परिवर्तनको कारणले तोकीएको समयमा मेलमिलापको कार्य सम्पन्न हुन नसक्ने भएमा समितिले बढिमा एक महिना सम्मको समय थप गर्न सक्नेछ ।

६५. **मेलमिलापको लागि पठाउँदा गर्ने प्रक्रियाः** (१) समितिले कुनै उजुरी मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउँदा पक्षहरूलाई


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकी देहाय बमोजिमको कागज साथै राखि लेखिपठाउनुपर्नेछः

(क) उजुरीको सारसंक्षेप वा मुख्य मुख्य कागजातको प्रतिलिपि;

(ख) उजुरीको पक्ष वा वारेस भए वारेसको नाम, थर, वतन र उपलब्ध भएसम्म टेलिफोन नम्बर, ईमेल, फ्याक्स तथा अन्य सम्पर्क विवरण; तथा

(ग) मेलमिलाप सम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने स्थान र समय ।

(२) मेलमिलापकर्ताले समिति समक्ष माग गरेमा उजुरीका कागजातहरूको नक्कल उपलब्ध गराउनुपर्नेछ ।

(३) मेलमिलापको लागि तोकीएको समय सम्पन्न भएको सात दिन भित्र उजुरीको पक्षहरू समिति समक्ष उपस्थित हुने गरी तारेख तोक्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलापकर्ताले तोकीएको समय अगावै उजुरी समिति समक्ष फिर्ता पठाउने निर्णय गरेमा सो निर्णयको जानकारी भएको सात दिन भित्र पक्षहरूलाई समिति समक्ष उपस्थित हुनेगरी पठाउनुपर्नेछ ।

६६. **मेलमिलापमा अवलम्बन गर्नुपर्ने प्रक्रियाः** (१) समितिले पक्षहरूको सहमतिमा मेलमिलापको लागि छलफल गर्ने तथा अन्य कार्य गर्ने स्थानको छनौट गरी पक्ष तथा मेलमिलापकर्तालाई सोको जानकारी उपलब्ध गराउनुपर्नेछ ।

तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले अन्य कुनै स्थानको छनौट गर्न बाधा पर्नेछैन ।

(२) पक्षहरूलाई उपदफा (१) बमोजिम मेलमिलापकर्ताले तोकेको स्थानमा तोकीएको समयमा उपस्थित हुने दायित्व रहनेछ ।

(३) उपदफा (२) बमोजिमको दायित्व पक्षहरूले पूरा नगरेमा मेलमिलापकर्ताले मेलमिलापको प्रक्रिया बन्द गरी समितिलाई सोको लिखित जानकारी गराई उजुरीको कागजात फिर्ता पठाउनसक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(४) मेलमिलापको क्रममा मेलमिलापकर्ताले पक्षहरूबीचमा सहजकर्ताको भूमिका गर्नेछ र उक्त भूमिका निर्वाह गर्ने क्रममा निजले पक्षहरू बाहेक देहायका व्यक्तिहरूसँग समेत एकल वा सामूहिक वार्ता गर्न सक्नेछः

(क) विवादको विषयमा जानकारी रहेको उजुरीका पक्षले रोजेको व्यक्ति; तथा

(ख) विवादको विषयवस्तुको बारेमा जानकारी रहेको स्थानीय भद्रभलादमी ।

(५) मेलमिलापकर्ताले पक्षहरूको सहमतिमा पक्षहरूसँग देहाय बमोजिम वार्ता गर्नसक्नेछः

(क) पक्षहरूसँग एकल एकान्तवार्ता; तथा

(ख) टेलिफोन वार्ता, भिडीयो कन्फ्रेन्स वा सञ्चारको अन्य माध्यमबाट वार्तालाप ।

(६) प्रचलित कानुन तथा यस ऐनको मान्यता विपरीत नहुनेगरी पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले मेलमिलापको कार्यविधि निर्धारण गर्नसक्नेछ ।

६७. **मेलमिलापकर्ताको आचरणः** (१) मेलमिलापकर्ताले देहाय बमोजिमको आचरण पालन गर्नुपर्नेछः-

(क) मेलमिलाप सम्बन्धी कारवाही निष्पक्ष ढङ्गले सम्पादन गर्नुपर्ने;

(ख) कुनै पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह नराख्ने वा राखेको देखिने कुनै आचरण वा व्यवहार नगर्ने;

(ग) कुनै पक्षलाई डर, त्रास, झुक्यान वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुने;

(घ) विवाद कायम रहेको अवस्थामा विवादको कुनै पक्षसँग आर्थिक कारोबारमा सँलग्न नहुने;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ङ) मेलमिलाप सम्बन्धमा बनेको प्रचलित कानुन तथा अन्य स्थापित मान्यता विपरीत आचरण गर्न नहुने;

(च) मेलमिलापको क्रममा पक्षहरुसँग सम्मानजनक, सदभावपूर्ण र सबै पक्षप्रति समान व्यवहार कायम गर्ने;

(छ) मेलमिलापको क्रममा पक्षहरुले व्यक्त गरेको विषयवस्तुको गोपनीयता कायम राख्ने; तथा

(ज) मेलमिलापको क्रममा पक्षबाट प्राप्त भएको कुनै कागजात वा वस्तु प्रक्रिया सम्पन्न भएपछि वा निज प्रक्रियाबाट अलग भएपछि सम्बन्धित पक्षलाई सुरक्षित फिर्ता गर्ने ।

(२) समितिले कुनै मेलमिलापकर्ताले उपदफा (१) बमोजिमको आचरण पालना नगरेको उजुरी परी वा सो विषयमा स्वयं जानकारी प्राप्त गरी छानविन गर्दा व्यहोरा ठिक देखिए त्यस्तो मेलमिलापकर्तालाई मेलमिलापकर्ताको सूचीबाट हटाउनेछ ।

६८. **लिखत तयारी र मिलापत्रः** (१) मेलमिलापकर्ताले पक्षहरुसँगको छलफल पश्चात मेलमिलापको लागि दुवै पक्ष सहमत भएकोमा मिलापत्र गराई सहमति भएको विषयवस्तु बमोजिमको मिलापत्रको लिखत तयार गरी समिति समक्ष पठाउनुपर्नेछ ।

६९. **मेलमिलाप नभएको उजुरीमा गर्नुपर्ने कारवाहीः** (१) मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो व्यहोरा खुलाई प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा मेलमिलापकर्ताले पक्षहरुलाई समिति समक्ष हाजीर हुन जाने बढिमा सात दिनको म्याद तोकी पठाउनु पर्नेछ ।

७०. **मेलमिलाप नभएको उजुरीमा निर्णय गर्नुपर्नेः** (१) स्थानीय ऐनको दफा ४७ (१) को विबादमा समितिले मेलमिलापको लागि पठाएको उजुरीमा पक्षहरुबीच मेलमिलाप हुन नसकि मेलमिलापकर्ताको प्रतिवेदन सहित प्राप्त हुन आएमा कानुन बमोजिम कारवाही गरी निर्णय गर्नुपर्छ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको उजुरीमा अधिकारक्षेत्र ग्रहण गर्ने सम्बन्धित अदालत वा निकायमा उजुरी गर्न जानु भनि सुनाई पठाईदिनुपर्छः-

(क) स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको विवादमा; तथा

(ख) कुनै अदालत वा निकायबाट मेलमिलापको लागि प्रेषित भएको विवादमा ।

(३) उपदफा (२) को देहाय (ख) बमोजिमको विवादमा सम्बन्धित अदालत वा निकायमा पठाउँदा हाजिर हुन जाने तारेख तोकी पठाउने तथा मिसिल समेत नक्कल खडा गरी अभिलेख राखि सक्कल मिसिल सम्बन्धित अदालत वा निकायमा पठाउनुपर्नेछ ।

७१. **मेलमिलाप दस्तुरः** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्नेछैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउनेछन ।

७२. **समुदाय स्तरमा हुने सामुदायिक मेलमिलाप प्रवर्धन गर्न कर्मचारी तोक्न सक्नेः** (१)समितिले स्थानीय स्तरमा मेलमिलाप प्रवर्ध्दन गर्नको लागि कार्यपालिकामा अनुरोध गरेमा कर्मचारी खटाई समुदाय स्तरमा मेलमिलापको प्रवर्द्धनात्मक कार्यक्रम गर्न सकिनेछ ।

(२) समुदाय स्तरमा हुने सामुदायिक मेलमिलापको हकमा दफा ५९ (१) अनुसारको योग्यता तथा अनुभव नभएका मेलमिलापकर्तावाट मेलमिलाप गराउन वाधा पर्ने छैन ।

(२) समितिले समुदायस्तरमा हुने सामुदायिक मेलमिलापको कार्यविधि तोके वमोजिम हुनेछ ।

## परिच्छेद-९


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

७३. **सचिवालयको जिम्मेवारीः** कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहि समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी सम्पूर्ण कार्यको रेखदेख गर्ने जिम्मेवारी वहन गर्नुपर्नेछ ।

७४. **सहयोग गर्नुपर्नेः** (१) नगरपालिका कार्यालय तथा सो अन्तर्गतका सबै वडा कार्यालय तथा अन्य कार्यालयले यस ऐन तथा प्रचलित कानुन बमोजिम समितिले गरेको निर्णय बमोजिम व्यक्ति वा संस्था वा अन्य कसैसँग असुल गर्नुपर्ने जरिवाना वा अन्य रकम असुलउपर गर्न सहयोग गर्नुपर्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानुन बमोजिम समितिले असुल गर्नपर्ने जरिवाना, बिगो वा अन्य कुनै प्रकारको रकम असुलउपर नभई उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यालयहरुले कुनै सिफारिश वा कुनै कार्य गरिदिने छैनन ।

७५. **असुल उपर गर्नेः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम कुनै पक्षसँग जरिवाना वा बिगो वा अन्य कुनै प्रकारको असुल उपर गर्नुपर्ने भएमा सो पक्षले जरिवाना तिर्न बुझाउन ल्याएमा बुझि सदरस्याहा गरी जरिवानाको लगत कट्टा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुलउपर नभएमा लगत राखी सम्बन्धित पक्षको नाम नामेसी तथा जरिवाना रकम समेतको विवरण नगरपालिकाको कार्यालयका साथै सबै वडा कार्यालयमा समेत अभिलेखको लागि पठाउनुपर्नेछ ।

(३) सम्बन्धित कार्यालयहरुले उपदफा (२) बमोजिम लेखि आएमा त्यस्तो पक्षसँग जरिवाना रकम असुलउपर गरी अभिलेख शाखामा सदरस्याहा गर्न पठाउनुपर्नेछ ।

७६. **भरीभराउ गर्नेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै पक्षले राखेको दस्तुर, वा अन्य कुनै प्रकारको रकम कुनै पक्षबाट भराई


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

पाउने भएमा भराई पाउने पक्षले भरी दिनुपर्ने पक्षको त्यस्तो रकम भराई दिनुपर्ने स्रोत खुलाई अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा यथासम्भव नगद रहेको बैंक खाता वा कुनै सहकारी वा बचत संस्थामा रहेको रकम र सो नभएमा लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने अवस्था भएमा कुनै अचल सम्पत्तिको व्यहोरा खुलाई निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदनमा दफा ७८ बमोजिमको विवरण खुलाई निवेदन दिनुपर्नेछ

७७. **चलन चलाईदिनेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै सम्पत्ति वा अधिकार वा कुनै विषयवस्तु वा सेवा वा अन्य कुनै विषयको चलन पाउने ठहरेको पक्षले त्यस्तो चलन पाउने विषयको विवरण खुलाई अभिलेख प्रशासक समक्ष अनुसूची-१३ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अभिलेख प्रशासकले निर्णय बमोजिमको विषयको चलन चलाईदिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिँदा चलन चलाउनु पर्ने सम्पत्तिको दफा ७८ बमोजिमको विवरण खुलाउनुपर्नेछ ।

७८. **सम्पत्तिको विवरण खुलाउनुपर्नेः** भरिभराउ गर्न वा चलन चलाइ पाउनको लागि निवेदन दिने विवादको पक्षले निवेदनमा सम्पत्तिको विवरण उल्लेख गर्दा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछः-

(क) अचल सम्पत्तिको विवरण

(१) घरजग्गा भए रहेको स्थानको ठेगाना तथा चार किल्ला;

(२) घर जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल;;

(३) घर रहेको भए घरको तला तथा कवल र सम्भव भएसम्म वर्गफिट;

(४) घर जग्गाको अवस्थिती आवास वा औद्योगिक वा व्यापारिक क्षेत्रमा रहेको व्यहोरा;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(५) कच्ची वा पक्कि सडकसँग जोडिएको व्यहोरा;

(६) घरजग्गाको स्वामित्व रहेको व्यक्तिको नाम थर साथै स्वामित्व भन्दा फरक व्यक्तिको भोगचलन रहेको भए भोगचलन गर्नेको नाम थरका साथै अन्य विवरण; तथा

(७) घरमा भएको लगापात तथा खरिदबिक्रि हुन सक्ने न्यूनतम मूल्य ।

(ख) चल सम्पत्तिको विवरणः

(१) चल सम्पत्ति रहेको ठाउँ तथा भोग वा नियन्त्रण राख्नेको नाम थर;

(२) बैंक खातामा रहेको नगद भए खातावालको साथै बैंक तथा शाखाको नाम;

(३) चल सम्पत्तिको प्रकार तथा नगद बाहेकको भए सम्भावित बिक्रि मूल्य; तथा

(४) नगद बाहेकको चल सम्पत्ति भए अवस्था, प्रकृति तथा बनोटका साथै प्रत्येकको साइज र सँख्या ।

.७९ **सम्पत्ति रोक्का राख्नेः** (१) अभिलेख प्रशासकले दफा ७५ वा ७६ बमोजिम निर्णय कार्यान्वयनको लागि निवेदन परेपछि देखाइएको सम्पत्तिको हकमा आवश्यक पर्ने जति जेथा रोक्का राख्ने सम्बन्धमा निर्णयको लागि कार्यापालिका समक्ष पेश गर्ने र कार्यपालिकाबाट रोक्का राख्ने निर्णय गरेपछि निर्णय बमोजिम जेथा रोक्का राख्नको लागि सो जेथा दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा लेखि पठाउनुपर्नेछ ।

(२) बाली, ब्याज, बहाल लगायतको सम्पत्तिको हकमा निवेदन परेको बढिमा दुई दिन भित्र सम्पत्ति तायदात गर्न लगाई तायदात गर्दाको समयमा नै आवश्यक पर्ने जति सम्पत्ति वा सोबाट प्राप्त हुने बाली, बहाल, ब्याज, मुनाफा आदि आय नियन्त्रण गर्नु वा रोक्का राख्नुपर्छ र त्यसको भर्पाई सम्बन्धित पक्षलाई दिनुपर्छ ।

(३) दफा ७८ को देहाय (ख) बमोजिमको सम्पत्तिको हकमा भरिभराउको लागि आवश्यक पर्ने जति सम्पत्ति रोक्का राखी रोक्काको सूचना



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

आवश्यकताअनुसार लेखा शाखा वा सम्बन्धित बैंक वा सम्बन्धित निकायमा तुरुन्त लेखि पठाउनुपर्नेछ ।

(४) सम्पति रोक्का सम्बन्धी आदेश अनुसूची १४ बमोजिम हुनेछ ।

८०. **सम्पत्ति लिलाम गर्दा अपनाउनुपर्ने कार्यविधिः** (१) कार्यपालिकाले यस ऐन बमोजिम भरीभराउ गर्नुपर्ने बिगो वा कोर्ट फी वा त्यस्तै कुनै रकम असुलउपर गर्न दफा ७८ को देहाय (क) बमोजिम सम्पत्तिको विवरण खुलाई दर्खास्त परेमा त्यस्तो रकम भरी दिनुपर्ने व्यक्तिलाई बुझाउनुपर्ने रकम बुझाउन सात दिनको म्याद दिई सूचना जारी गर्नुपर्छ ।

(२) उपदफा (२) बमोजिमको म्यादमा रकम बुझाउन नल्याएमा त्यस्तो भरीदिनुपर्ने व्यक्तिको भरीपाउने व्यक्तिले देखाएको दफा ७८ को देहाय (क) बमोजिमको सम्पत्ति तायदात गरील्याउनुपर्छ ।

(३) दण्ड, जरिवाना, सरकारी बिगो वा कुनै अदालत वा निकाय वा नगरपालिका वा समितिको निर्णयले असुल उपर गर्नुपर्ने कुनै रकमको हकमा त्यस्तो असुलउपर हुनुपर्ने व्यक्तिले बुझाउन नल्याएमा निजको जुनसुकै अचल सम्पत्ति फेला परेमा तायदात गरी रोक्का राख्नुपर्छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जेथा जमानत वा कुनै प्रकारको नगद धरौट दाखिल गरेको हकमा सो सम्पत्तिबाट खाम्ने जति रकमको लागि उपदफा (३) बमोजिम गरिरहनुपर्दैन ।

(५) उपदफा (४) बमोजिम मोल कायम भएपछि उक्त अचल सम्पत्तिको लिलामको सूचना सम्बन्धित पक्षलाई दिई सर्वसाधारणको जानकारीको लागि लिलाम हुने मिति र सम्पत्तिको विवरण सहितको सार्वजनिक सूचना नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रकको कार्यालयमा टाँस्न लगाउनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचनामा तोकीएको दिनमा उक्त सूचनामा तोकीएको सम्पत्ति पञ्चकिर्ते मोलबाट माथि बढाबढ प्रक्रिया बमोजिम लिलाम गर्नुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(७) लिलाम प्रक्रियामा सम्भव भएसम्म जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय वा स्थानीय प्रशासन कार्यालय, स्थानीय प्रहरी कार्यालय तथा नगरपालिका क्षेत्र भित्र रहेका अन्य सरकारी कार्यालयका प्रतिनिधिलाई रोहवरमा राख्नुपर्नेछ ।

(८) उपदफा (६) बमोजिम गर्दा उक्त सम्पत्ति कसैले पनि लिलाम सकार नगरेमा सोही प्रक्रियाबाट पुनः दोस्रोपटक लिलाम गर्नुपर्नेछ तथा दोस्रोपटक गर्दा पनि कसैले लिलाम सकार नगरेमा भराईपाउने पक्ष निवेदकलाई नै उक्त सम्पत्ति पञ्चकिर्ते मोलमा सकार गर्न लगाउनुपर्नेछ ।

(९) उपदफा (८) बमोजिम गर्दा निवेदकले सम्पत्ति सकार गर्न नचाहेमा पछि अर्को जेथा खुल्न आएका बखत कानुन बमोजिम गर्नेगरी निजको निवेदन तामेलीमा राखी लिलाममा चढाईएको सम्पत्ति फुकुवा गरीदिनुपर्छ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको कुनै रकम असुल उपर गर्ने क्रममा लिलाम गर्दा कसैले सकार नगरेमा जतिमा सकार हुन्छ त्यतिमा नै सो सम्पत्ति लिलाम गरी प्राप्त रकम सदरस्याहा गरी नपुग रकमको हकमा कानुन बमोजिम अन्य सम्पत्ति वा प्रक्रियाबाट असुलउपर गर्नुपर्नेछ ।

८१. **तायदात गर्ने प्रक्रियाः** (१) अभिलेख प्रशासकले दफा ७९ बमोजिम सम्पत्ति तायदात गर्नुपर्दा कम्तिमा वडा सचिव स्तरको कर्मचारी खटाई त्यस्तो अचल सम्पत्तिको चलनचल्तीको मूल्य स्पष्ट खुल्ने गरी तायदात गर्न लगाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तायदात गर्ने कर्मचारीले तायदात गर्नुपर्ने सम्पत्तिको चलनचल्तीको मूल्य कायम गर्ने प्रयोजनले पञ्चकिर्ते मोल कायम गरी मुचुल्का खडा गरी अभिलेख प्रशासक समक्ष प्रतिवेदन सहित पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पञ्चकिर्ते मोल कायम गर्दा देहाय बमोजिमक कुरालाई आधार लिई कायम गर्नुपर्नेछः

(क) निवेदकले निवेदनमा खुलाएको मूल्य;

(ख) निर्णयमा उल्लेख भएको भए सो मूल्य;



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ग) पक्षले जमानत वा कुनै अन्य प्रयोजनको लागि कार्यपालिका समक्ष निवेदन दिँदा खुलाएको मूल्य;

(घ) तायदात गर्दा भै आएको स्थानीय मूल्याँकन अनुसारको मूल्य;

(ङ) मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्य;

(च) अन्य कुनै प्रयोजनले कुनै सरकारी निकायले कुनै मूल्य कायम गरेको भए सो मूल्य;

(छ) पञ्चकिर्ते मोल कायम गर्नुभन्दा तत्काल अगावै कुनै खरिदबिक्री भएको भए सो मूल्य ।

**स्पष्टिकरणः** "पञ्चकिर्ते मोल" भन्नाले अचल सम्पत्ति बिक्री गर्नुपर्दा बिक्री हुने न्युनतम मूल्यलाई सम्झनुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा देहाय बमोजिमको कुरालाई समेत ध्यानमा राख्नु पर्नेछः

(क) औद्योगिक वा व्यापारिक वा आवास क्षेत्र लगायत सडक सञ्जालसँग जोडिएको छ वा छैन; तथा

(ख) नगरक्षेत्रभित्र पर्ने घरको हकमा घरको वर्तमान अवस्था सम्बन्धमा प्राविधिक मूल्याङ्कन प्रतिवेदन ।

८२. **खाम्नेजति मात्र लिलाम गर्नुपर्नेः** (१) कार्यपालिकाले दफा ८० बमोजिम लिलाम गर्दा असुलगर्नुपर्ने बाँकि खाम्ने जति सम्पत्तिमात्र लिलाम गर्नुपर्नेछ ।

(२) सम्पत्ति लिलाम गर्दा सकार भएको रकम असुलउपर गर्नुपर्ने भन्दा बढि भएमा सो बढि भएको जति रकम सम्पत्तिवाल पक्षलाई फिर्ता गरिदिनुपर्छ ।

(३) उपदफा (२) बमोजिम रकम फिर्ता पाउने पक्ष लिलाम गर्दाको बखत उपस्थित नभएको भए रकम फिर्ता लिन आउनु भनी निजको नाममा सात दिनको सूचना जारी गरी झिकाई रकम फिर्ता गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा सम्बन्धित पक्ष रकम फिर्ता लिन नआएमा उक्त रकम सञ्चितकोषमा दाखिल गरी आम्दानी बाँधि सदरस्याहा गर्नुपर्छ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(५) अभिलेख प्रशासकले दफा ८० बमोजिम लिलाम गरेको सम्पत्ति सकार गर्ने पक्षको नाममा सम्पत्ति दर्ता नामसारीको लागि सम्बन्धित कार्यालय वा निकायमा पत्राचार गरी निजलाई सम्पत्तिको चलनपूर्जी उपलब्ध गराई आवश्यक परे सो सम्पत्तिको चलन चलाई दिनुपर्छ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८० बमोजिमको लिलाम प्रक्रिया अगाडी बढिसकेपछि भराउनुपर्ने रकम बुझाउन ल्याए पनि सो रकम नबुझि सम्पत्ति लिलाम गर्नुपर्नेछ ।

८३. **लिलाम उपरको उजुरीः** यस ऐन बमोजिम भएको लिलामको प्रक्रियामा चित्त नबुझ्ने पक्षले जुन प्रक्रिया उपर चित्त नबुझेको हो सो भएको पन्ध्र दिनभित्र समिति समक्ष उजुरी पेश गरी भएको आदेश बमोजिम गर्नुपर्नेछ ।

८४. **बिगो भराउँदा वा चलनचलाउँदा लागेको खर्चः** यस ऐन बमोजिम बिगो भराउँदा वा चलनचलाउँदा लागेको खर्च बिगो भरीदिनुपर्ने वा चलनदिनुपर्ने सम्बन्धित पक्षले व्यहोर्नुपर्नेछ ।

८५. **यथास्थितिमा राख्नेः** कार्यपालिकाले यस ऐन बमोजिम चलनचलाई माग्न वा बिगो भराईपाउन कुनै सम्पत्ति देखाई निवेदन परेपछि बिगो भराउने वा चलनचलाउने कार्य सम्पन्न नभएसम्मको लागि उक्त सम्पत्ति हक हस्तान्तरण गर्न, भत्काउन, बिगार्न तथा कुनै प्रकारको निर्माण कार्य गरी उक्त सम्पत्तिको स्वरुप परिवर्तन गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित पक्षको gb नाममा आदेश जारी गरी उक्त सम्पत्ति यथास्थितिमा राख्नुपर्नेछ ।

८६. **निवेदनबाट कारवाही गर्नेः** (१) अभिलेख प्रशासकले कुनै पक्षले दफा ८५ बमोजिम भएको आदेश विपरित कुनै सम्पत्तिको हक हस्तान्तरण वा स्वरुप परिवर्तन आदि गरेको निवेदन परेमा उक्त निवेदन दर्ता गरी त्यस्तो गर्ने पक्षको नाममा तिन दिनको म्याद जारी गरी निजलाई हाजिर गराई सो निवेदन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको निवेदन पेश हुन आएमा पक्षलाई नयाँ उजुरी दर्ता गर्न नलगाई उक्त निवेदनबाट नै आवश्यक कारवाही गरी निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदनको व्यहोराबाट निवेदन समितिको क्षेत्राधिकार भित्र नपर्ने विषयमा परेको देखिएमा समितिले उक्त विषयमा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा निकाय समक्ष जान सुनाई दिनुपर्नेछ ।

८७. **चलन चलाउने सूचनाः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम चलन चलाई पाउन निवेदन परेमा चलन चलाउने मिति खुलाई फलानो मितिमा फलानो घर जग्गाको चलन चलाउन कर्मचारी खटिई आउने हुँदा सो मिति अगावै घर जग्गा खाली गरीदिनु भनी चलन दिनुपर्ने पक्षको नाममा सूचना जारी गर्नुपर्नेछ ।

(२) चलनदिनुपर्ने सम्पत्ति उजुरीको पक्षबाहेक अन्य कसैको भोगचलनमा रहेको भएमा अभिलेख प्रशासकले सोही पक्षको नाममा उपदफा (१) बमोजिमको सूचना जारी गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकीएको मितिमा खटिईजाँदा घरजग्गा खाली गरेको भए सम्बन्धित कर्मचारीले चलन चलाई दिएको मुचुल्का खडागरी तथा घरजग्गा खाली नगरेको भए खाली गराई चलन चलाई चलन चलाएको मुचुल्का खडा गरी प्रतिवेदन साथ अभिलेख शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-१०

## विविध

८८. **नक्कल निवेदनः** (१) समिति समक्ष दर्ता रहेको उजुरीको कुनै सरोकारवाला पक्षले विवादको मिसिलमा रहेको कुनै कागजपत्रको नक्कल लिनको लागि निवेदन दिएमा समितिले उक्त पक्षलाई सो कागजको नक्कल उपलब्ध गराउनुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(२) उपदफा (१) बमोजिमको निवेदन दिँदा सम्बन्धित पक्षले उजुरी शाखामा रहेको मिसिलको नक्कल लिनुपर्दा उजुरी प्रशासक तथा अभिलेख शाखामा रहेको मिसिलको नक्कल लिनुपर्ने भएमा अभिलेख प्रशासक समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिनको एघार बजे अगावै पेश भएमा सम्बन्धित कर्मचारीले सोही दिन र सो भन्दा पछि पेश भएमा सम्भव भएसम्म सोही दिन नभए सोको भोलिपल्ट नक्कल उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन दिँदा फरक फरक उजुरीको लागि फरक फरक निवेदन दिनुपर्नेछ ।

(५) विवादको कुनै पक्षले उपदफा (१) बमोजिमको निवेदन दिँदा नक्कलको सट्टामा कागजपत्रको फोटो खिच्ने अनुमति मागेमा सो दिनुपर्नेछ ।

(६) नक्कल निवेदन दिँदा अनुसूची-१५ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

८९. **नक्कल दस्तुरः** (१) सम्बन्धित प्रशासकले दफा ८८ बमोजिम नक्कल वा फोटो खिच्नको लागि निवेदन दिने पक्षसँग देहाय बमोजिमको दस्तुर लिई नक्कल उपलब्ध गराउनुपर्नेछः

(क) नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको रू ५।- रुपैयाँको दरले;

(ख) समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको प्रति पृष्ठको रू ५।- रुपैयाँको दरले; तथा

(ग) लिखत कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको रू ५।- रुपैयाँको दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्ने छैन ।

(३) यस दफा बमोजिम नक्कल उतार गरी लैजाने पक्षले नक्कल उतार गर्दा लागेको खर्चको व्यवस्था आफै गर्नुपर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

९०. **दस्तुर उल्लेख गर्नेः** (१) नक्कल प्रमाणित गर्ने सम्बन्धित प्रशासकले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम थर तथा उजुरीमा हैसियतका साथै नक्कल उतार गरेवापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको व्यहोरा जनाई नक्कल प्रमाणित गर्नुपर्नेछ ।

९१. **दस्तुर चुक्ता नभई नक्कल नदिइनेः** सम्बन्धित प्रशासकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ८९ बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दासम्म नक्कल दिनेछैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउने छैन ।

९२. **अबहेलनामा कारबाही चलाउन वा सजाय गर्न सक्ने :** (१) न्यायिक समितिमा दायर भएको मुद्दाको विषयवस्तुलाई लिएर न्यायिक समिति र यसका संयोजक तथा सदस्यहरु माथि अवहेलनाजन्य अभिव्यक्ति दिएमा कुनै पत्रिका, पर्चा, पम्प्लेट, पुस्तकमा अभिव्यक्ति प्रकट गरेमा कानूनद्वारा निषेधित कुनै पनि कार्य गरेमा, इजलास समक्ष अभद्र व्यवहार गरेमा, न्यायिक समितिको आदेश पालना नगरेमा, फैसला कार्यन्वयनको सिलसिलामा दिएको आदेश निर्देशन पालना नगरेमा, अवज्ञा गरेमा न्यायिक समिति प्रतिको अवहेलना गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम न्यायिक समितिको अवहेलना गरेको ठहर भएमा न्यायिक समितिले एक लाख सम्मको जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जे सुकै कुरा उल्लेख गरिएको भए तापनि न्यायिक समितिसमक्ष क्षमायाचना गरेमा दण्ड वा जरिवानामा पुनर्विचार गर्न सक्नेछ ।

९३. **न्यायिक समितिले गर्नुपर्ने कार्यहरु :**

१. न्यायिक समितिले देहायका कामहरु गर्नु पर्नेछ :

क) पक्षको बयान लिने,
ख) साक्षीलाई सफथ गराउने,
ग) साक्षीको बकपत्र गराउने,
घ) अन्तरकालिन, अन्तरिम संरक्षणात्मक आदेशा वा अन्तरिम आदेश गर्ने,

ङ) मुद्दामा निर्णय दिनुपर्ने कुराको आदेश पर्चा खडा गर्नु पर्ने,
च) प्रमाण बुझ्ने सम्बन्धी आदेश दिने,
छ) मुद्दाको प्रारम्भिक र पूर्वसुनुवाई छलफल गराउने,
ज) सुनुवाई गर्ने,
झ) मिलापत्र गराउने,
ञ) फैसला गर्ने वा कुनै किसिमको अन्तिम आदेश दिने ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

९४. **अनुवादमा सहयोग लिन सक्ने** :(१)न्यायिक समितिले नेपाली भाषा नबुझ्ने कुनै पक्ष वा साक्षीको बयान वा बक पत्र गराउनु परेमा वा अन्य कुनै प्रयोजनको लागि सम्बन्धित भाषाको अनुवादकको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बयान वा बकपत्रको लागि अनुवादको सहयोग लिँदा भएको खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

९५. **न्यायिक समितिको पारिश्रमिक** : न्यायिक समितिमा रहेका सदस्यहरुको पारिश्रमिक नगरसभाबाट तोकेको बमोजिम हुनेछ ।

९६. **असल नियतले गरेकोमा बचाउः** न्यायिक समितिले ऐन, नियम र कार्यविधि बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा न्यायिक समितिका संयोजक तथा सदस्यहरु वा अन्य कुनै कर्मचारीलाई कुनै कारबाही हुने छैन ।

९७. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरीसँग सम्बन्धित प्रचलित कानुनमा कुनै कुरा लेखिएको भए सोमा लेखिए जतिको हकमा सोही बमोजिम हुनेछ ।

९८. **नियम बनाउने अधिकारः** समितिले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

बर्दिबास नगरपालिका

**अनुसूची-१**

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**उजुरीको ढाँचा**

न्यायिक समिति समक्ष पेश गरेको

निवेदन-पत्र

............. जिल्लागाउँपालिका ............ ./नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं . वस्ने .............. ......... को छोरा........................................................................................./छोरी/श्रीमती

वर्ष ................................ को ..........................................(प्रथम पक्ष) निवेदक............

विरुद्ध

............. जिल्ला ......... .नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं ......... . को ................. वस्ने वर्ष .............. (दोस्रो पक्ष) विपक्षी.............................................................................

विषयः सम्वन्ध विच्छेद

म निम्न वुँदाहरुमा लेखिए वमोजिम निवेदन गर्दछु :

१. म निवेदक र यस विवादको दोस्रो पक्षविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएको हो। विवाह भएपश्चात २ वर्षसम्म अर्थात २०७१ सालसम्म हामीविच सुमधुर दाम्पत्य जीवन रहेको थियो। हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको छ। एक आपसमा लोग्ने स्वास्नीविचको सहमति र सहकार्यमा छोरा जन्मेपछि क्रमशः समस्या देखिँदै जान थाल्यो। २०७१ सालको तिहारमा माइत गएपछि उनी घर आइनन्। पटक पटक घर आउन फोनबाट अनुरोध गरेँ । २ पटकसम्म लिन गएँ। तर निजले तिमीसँग मेरो जीवन चल्न सक्दैन, म घर जान सक्तिन, तिमी जे गर्नुपर्छ गर भनि ठाडो जवाफ दिन थालिन। के कारणले यस्तो हुन गयो भनि सोध्दा अव तिम्रो र मेरो सम्वन्ध छैन आफुखुसी गर र मलाई सम्पर्क नगर,गरेमा राम्रो हुँदैन भनि धाक धम्की र त्रास मसेत दिइन। लामो समयसम्म मन फर्केला र घर आउलिन भनि पर्खी वसेँ तर आईनन। करिव ३ वर्षपछी अर्थात २०७४ साल भाद्र महिनामा पुनः लिन गएँ तर.........

## अनुसूची-२

**(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**

उजुरी दर्ता गरेको निस्साको ढाँचा

श्री ...................

........................ ।

विषयः उजुरी दर्ताको निस्सापत्र सम्बन्धमा ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

.................... बस्ने तपाइ ...................... बस्ने .................... ले ........................ भनी उजुरी दर्ता गर्न ल्याएकोमा आजको मितिमा दर्ता ...................................... विरुद्धमा कायम भएकोले यो निस्सा जारी गरिदिएको छ । ................ .गरी दर्ता नं

अधिकृत कर्मचारी

दस्तखत:........

मिति:...........

बर्दिबास नगरपालिका


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसूची-३

**(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**

## तारिख भर्पाई

न्यायिक समिति

.......... गाउँपालिका/नगरपालिकामा खडा गरिएको तारेख भरपाई

वादी प्रतिवादी

................. ..................

मुद्दा ....................

मिति ........... मा ........................................ काम भएकोले सोही दिन ........... बजे यस न्यायिक समिति/कार्यालयमा उपस्थित हुनेछु भनी सही गर्ने ......

वादी ................ प्रतिवादी

................

इति संवत् ............ साल..................महिना......................गते.....................रोज शुभम् ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**अनुसूची-४**
**(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)**

**तारिख पर्चा**

न्यायिक समिति

.......... गाउँपालिका/नगरपालिका

बाट जारी भएको तारेखको पर्चा

वादी प्रतिवादी

............... .................

मुद्दाः ......................

मिति .............. मा ................... काम गर्न ........ बजे हाजिर हुन आउनुहोला ।

फाँटवालाको दस्तखत

मिति .................

बर्दिबास नगरपालिका


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**अनुसूची-५**
**(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)**

**प्रतिवादको ढाँचा**

लिखित जवाफको नमूना

न्यायिक समिति समक्ष पेश गरेको

लिखित जवाफ

प्रथम पक्ष

...............................जिल्ला ......................नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नंको.................. वस्ने ..........................................................(नाता सम्बन्ध उल्लेख गर्ने ( वर्ष लिखित जवाफ प्रस्तुतकर्ता......................................................................को .............

दोस्रो पक्ष

..............जिल्ला ............. .नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं ............... . को ......... को छोरा वर्ष.................................................................... वस्ने विपक्षी.........................................................................................................
(निवेदक)

विषय सम्वन्ध विच्छेद ।

म निम्न वुँदाहरुमा लेखिए वमोजिम निवेदन गर्दछु :

१. म लिखित जवाफ प्रस्तुतकर्ता र विपक्षी निवेदकविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह भएको व्यहोरा ठिक हो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको ठिक हो । २०७१ सालको तिहारमा माइत गएपछी म घर नफर्केको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, २ पटकसम्म लिन आएको तर म घर नगएको,मैले विपक्षी निवेदकलाई दाम्पत्य जीवन चल्न नसक्ने भनेको र मेरा दाईभाईले शारीरिक आक्रमण गर्ने सम्मको कार्य गरेकोभनि कपोलकल्पित झुठा र हुँदै नभएका निराधार व्यहोरा उल्लेख गरी विवाद गरेको कुरा उल्लेख गर्न चाहान्छु ।

२. मलाई विपक्षी निवेदक समेत मिली गाली गलौच, डर, धाक, धम्की देखाई हातपात गरी घरबाट निकाला गरेपछि म माइतीमा आई वसेकी हुँ । विवाह भएको केही वर्षपछि विना कारण ममाथी विभिन्न किसिमका आरोप लगाई अपमान गर्ने, गाली गलौच गर्ने लगायतका कामहरु हुँदैगए


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

। परिवारका अन्य सदस्यहरुले म माथी घृणा गर्ने, वोलचाल नगर्ने जस्ता कार्य गरेपनि विपक्षीबाट केही समय मलाई नै समर्थन र सहयोग गर्दै आएका थिए तर पछी विपक्षी निवेदक समेत उनिहरुसँगै मिले र मलाई जवरजस्त गरबाट निकाल्ने कार्यमा सहभागी भए । के कुन कारणले वा मेरो के गल्तीले यसो गरेका हुन भनि वुझ्दा वेलावेला दाइजो नल्याएको भनि माइती पक्षसमेतको आलोचना गर्ने गरेका थिए । सायद उनिहरुलाई दाइजोकै लोभका कारण मलाई घरबाट निकालीदिएका हुनुपर्दछ । मैले कुनै गल्ती नगरेको र विपक्षी लोग्नेसँग पूर्ववत माया, सद्भाव र सम्मान यथावत रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गरीपाउँ ।

३. घरबाट जवरजस्त निकालेपछी ४ महिनाको नावालक छोरा काखी च्यापेर माइती आएको झण्डै ३ वर्षसम्म वेखवर, सम्पर्कविहिन वसी अहिले एक्कासी सम्वन्ध विच्छेदको माग गरी निवेदन दिनु आफैंमा आश्चर्यजनक लागेको छ, सत्य तथ्य वुझि कानुन वमोजिम गरिपाउँ ।

४. बर्दिबास नगरपालिकाबाट जारी भएको न्यायिक समितिको (कार्यविधि सम्बन्धी) ऐन,२०७५ को दफा .....बमोजिम लिखत जवाफ वापत दस्तुर .....यसै साथ संलग्न गरेको छु।

५. यो लिखित जवाफ म्यादभित्रै लिई म आफैं उपस्थित भएको छु ।

६. यस विषयमा अन्यत्र कहीं कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७. यसमा लेखिएका व्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानुन वमोजिम संजाय भोग्न तयार छु ।

निवेदक

नामः ..................................

इति संवत ............. महिना ..................... साल .................गते.................... रोज शुभम् ।

बर्दिबास नगरपालिका

**अनुसूची-६**
**(दफा २० को उपदफा (६) सँग सम्बन्धित)**

न्यायिक समितिबाट जारी भएको

म्याद सूचना

..........................................................वस्ने को.................................................... ....................................... नाउँमानगरपालिका कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने सूचना

.............................................वस्ने ले तपाईंको विरुद्‌ध.......................................................................... पठाईएको छ । अतः तपाईले यो म्याद वुझेको वा रित पूर्वक तामेल भएको मितिले )१५पन्ध्र ( दिन भित्रमा आफ्नो भनाइ सहित आफैं वा कानुनवमोजिमको वा रेश मार्फत यस कार्यालयमा हाजिर हुन आउनुहोला । अन्यथा कानुन वमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

इति सम्बत...साल......................महिना...... ।......................गते रोज.............शुभम्..................

बर्दिबास नगरपालिका


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**अनुसूची-७**
**(दफा ४२ को उपदफा (१) सँग सम्बन्धित)**

**निर्णयको ढाँचा**

....................................... न्यायिक समिति

संयोजक श्री..........................................................................................

सदस्य श्री............................................................................................

सदस्य श्री............................................................................................

निर्णय

संवत ............... सालको निवेदन नं........

विषयः वलेसीबाट पानी झारेको ।

................. जिल्ला ................
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं...........
...............................वस्ने
..................................................................................प्रथम पक्ष

विरुद्ध

................. जिल्ला ................
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं...........
...............................वस्ने
..................................................................................दोस्रो पक्ष

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७(१)ञ वमोजिम निवेदन दर्ता भई सोही ऐनको दफा ४६ वमोजिम गठन भएको न्यायिक समिति समक्ष प्रस्तुत हुन आएको मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

(१) ............. गाउँ/नगर/उपमहानगर/महानगरपालिका वडा नं. ...................... नक्सा सिट नं.... कि.नं........क्षे.फ...........को घरजग्गामा पश्चिम तर्फका कि.नं..........का संधियार विपक्षी ...................ले घर वनाउँदा आफ्नो घरजग्गामा सिमानासम्म आई जोडि वनाएको तर

छत तथा वलेसीको पानी आफ्नो घर कम्पाउण्डभित्र झार्नेगरी वनाएको हुँदा सो वलेसी वन्द गराइपाउँ भन्ने निवेदकको निवेदन व्यहोरा ।

(२) ............. गाउँ/नगर/महानगर पालिकाबाट प्रचलित भवन निर्माण सम्वन्धी मापदण्ड वमोजिम इजाजत प्राप्त गरी भवनको नक्सा समेत स्वीकृत गराई सो नक्सा वमोजिम भवन निर्माण गरेको हुँ । विपक्षी निवेदकले भने वमोजिम आफ्नो घरको छत तथा वलेसीको पानी निजको घर कम्पाउण्डभित्र झार्ने नगरेको आफ्नै घरजग्गामा झार्ने गरेको हुँदा झुठा निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ ।

(३) ............. गाउँ/नगर/उपमहानगर/महानगर पालिकाबाट स्थलगत निरिक्षण तथा सर्वेक्षण गर्न गएका प्राविधिक टोलिले स्थलगत निरिक्षण गरी मिति.........मा पेश गरेको स्केच सहितको प्रतिवेदनबाट प्रत्यर्थीको घरतर्फबाट छत तथा वलेसीको पानी खस्दा निवेदकको घर कम्पाउण्डभित्र पर्ने गरेको देखिन्छ भन्ने व्यहोरा उल्लेखित भएको ।

(४) विवादका दुवै पक्षलाई मेलमिलाप गराउने प्रयोजनका लागि......................... गाउँपालिका/नगरपालिका/उपमहानगर/महानगरपालिक वडा नं........,................. मा रहेको मेलमिलाप केन्द्रमा पठाउँदा मेलमिलाप हुन नसकी फर्कि आएको ।

निर्णय

दुवै पक्षलाई सुनुवाईको लागि आज पेसी तोकीएकोमा विवादका सम्वन्धित पक्षहरु स्वयमं तथा निजहरुबाट नियुक्त गरेका कानुन व्यवसायीहरु समेतको भनाई सुनी पुनः मिलापत्र गर्नुहोस भनि सम्झाउँदा वुझाउँदा पनि मिलापत्र गर्न मञ्जुर नगर्नु भएकोले फाइलमा संलग्न प्रमाण कागजहरुको समेत मूल्याङ्कन गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(२) वमोजिमनिर्णय दिनुपर्ने हुन आई निर्णयतर्फ विचार गर्दा निवेदकको कि. नं....को पश्चिमतर्फ प्रत्यर्थीको कि.नं....को घरजग्गा जोडिएर रहेकोमा विवाद देखिएन । निवेदकको भनाई अनुसार आफ्नो घर कम्पाउण्डभित्र प्रत्यर्थीको छत तथा वलेसीको पानी झारेको हो होइन भनि स्थलगत रुपमै जाँचवुझ गरी प्राविधिक प्रतिवेदन पेश गर्न कार्यालयबाट खटि गएका प्राविधिक कर्मचारीले मिति............मा पेश गरेको स्केच सहितको प्राविधिक प्रतिवेदन समेतबाट निवेदकको माग दावी वमोजिम आफ्नो घर कम्पाउण्डभित्र प्रत्यर्थीको छत तथा वलेसीबाट पानी झर्ने गरेको भन्ने पुष्टि हुने देखिन्छ । प्रत्यर्थीले यस कार्यालयबाट पारित गरेको नक्सामा समेत छत तथा वलेसीको पानी आफ्नै घरजग्गामा झार्ने भनि देखाईएको र निवेदकको घर कम्पाउण्डभित्र पानी झार्न पाउनुपर्छ भनि प्रत्यर्थीले दावी विरोध गर्न समेत नसकेको र प्रचलित कानुन र प्रचलनबाट समेत अर्काको घर कम्पाउण्डभित्र आफ्नो छत तथा वलेसीको पानी झार्न पाउने नदेखिएको हुँदा निवेदकको माग वमोजिम प्रत्यर्थीले आफ्नो

छत तथा वलेसीबाट आफ्नै घर जग्गामा पानी झार्ने प्रवन्ध गर्नुपर्ने देखिन्छ । निवेदकको घर कम्पाउण्डमा पानी झार्न नपाउने ठहर्छ । सो ठहर्नाले तपशिल बमोजिम गर्नु ।

**तपशिल**

१. सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दस्तुर लिई नक्कल दिनु ।

२. यो निर्णयमा चित्त नवुझे ३५ दिनभित्र .............जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनि प्रत्यर्थीलाई सुनाईदिनु ।

३. म्यादभित्र पुनरावेदन नपरेमा कानुन वमोजिम निर्णय कार्यान्वयन गर्नु/गराउनु ।

इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**अनुसूची-८**
**(दफा ४८ को सँग सम्बन्धित)**
**अन्तरिम संरक्षणात्मक आदेशको नमूना**

.......................................................... न्यायिक समिति

संयोजक श्री...............................................................................

सदस्य श्री.................................................................................

सदस्य श्री.................................................................................

**आदेश**

संवत ............................ सालको निवेदन नं........

**विषयः पिडितलाई उपचार गराउने सम्वन्धमा ।**

................. जिल्ला ................

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं............

...............................वस्ने

.........................................................................प्रथम पक्ष

**विरुद्‌ध**

................. जिल्ला ................

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं............

...............................वस्ने

.........................................................................दोस्रो पक्ष

यसमा निवेदकको माग वमोजिम ..........................जिल्ला वडा नं................................ वस्ने ..............को नाति ..........................को छोरा/छोरी वर्ष ................ को ................ले आफुलाई असाध्य रोग लागि नियमित रुपमा हप्ताको २ पटक मृगौला डायलोसिस गर्न चिकित्सकले शिफारिस गरेकोमा एकाघरका छोरा वर्ष .................. को ...........................ले नियमित रुपमा डायलोसिस गर्न अटेर गरेको, घरि घरि रुपैँया नभएको वहाना गर्ने गरेको, कहिले कहिले कार्यालयको कामको व्यस्तताले फुर्सद नमिलेको आदि कारण जनाई आफुले नियमित प्राप्त गर्नुपर्ने स्वाथ्य सेवा प्राप्त गर्न नसकेको हुँदा आफ्नो जीवन



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

झनझन खतरायुक्त वन्दै गएको भनि अस्पतालको चिकित्सकको पुर्जा र शिफारिस सहित पेश हुन आएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचवुझ गर्दा व्यहोरा मनासिव देखिएको हुँदा हाललाई निवेदकको लागि चिकित्सकले शिफारिस गरे वमोजिम हरेक हप्ता २ पटक डायलोसिस गर्नु गराउनु तथा निजको स्वाथ्य लाभका लागि आवश्यक अन्य प्रवन्ध समेत मिलाउनु भनि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(८) वमोजिम विपक्षी ........................को नाममा यो अन्तरिम संरक्षणात्मक आदेश जारी गरिदिएका छौं । यो आदेश मिसिल सामेल राखी विपक्षीलाई लेखी  पठाईदिनु । यो आदेश अनुसार उपचार भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

ईति संवत .................. साल ..........महिना....गते रोज..शुभम् ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**अनुसूची-९**

**(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)**

**मिलापत्रको लागि निवेदनको ढाँचा**

....................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका
न्यायिक समितिसमक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदनपत्र

..............जिल्ला ............. .
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं ......... .
वस्ने ...............
को..........................................................................................
छोरा/छोरी/श्रीमति

वर्ष को ..................
प्रथम) निवेदक.......................................................................
(पक्ष

विरुद्ध

..............जिल्ला ............ .
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं ......... .
को ................. वस्ने वर्ष ...............
(दोस्रो पक्ष) लिखित जवाफकता ृ..........................................

विषयः सम्वन्ध विच्छेद ।

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौः

१. हामीविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएकोमा करिव २ वर्षसम्म सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको, सोही वर्ष २०७१ सालको तिहारमा माइत गएपछी घर नआएको, पटक पटक घर आउन फोनबाट


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

अनुरोध गरेको, लिन गएको तर उल्टै कुटपिट गरी पठाएको भनि निवेदकको निवेदन परेको ।

२. आफुलाई दाइजो नल्याएको निउँबाट घरमा हेला गरेको, अपमान गरी जवरजस्त घरबाट निकाला गरेको हो । आफु खुशीले माइत गई वसेको होइन अझपनि लोग्नेप्रति आफ्नो यथावत माया, सद्भाव र सम्मान रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गराईपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको ।

३. हामी झगडा गरि आयौं, केहीवर्ष लोग्ने स्वास्नी छुटिएर वस्यौं, हामीबाट एक सन्तानको जायजन्म समेतभैसकेको छ । घरमा सामान्य घरायसी विषयले मनमुटाव भई लोग्ने स्वास्नी अलग अलग वसेकोमा .................... गाउँपालिकानगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको न्यायिक समिति मार्फत वडा नं मेलमिलाप ............................ अन्तर्गतको ................ . को पहलमा ए................ केन्द्रमा मेलमिलापकर्ताक आपसमा छलफल गरी मिली आएको व्यहोरा यो छ की विगतमा जे जस्ता विषयमा असमझदारी तथा वेमेल भएको भएतापनी हामीविच एक अर्काप्रति विश्वास, सदभाव र प्रेम कायमै रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गरी पाउँ भन्ने निवेदन दावी छोडि पुनः सुमधुर सम्वन्धका साथ दाम्पत्य जीवनलाई व्यवस्थित ढंगले अगाडि वढाउने छौं । निवेदकको घरमा तत्काल लोग्ने स्वास्नी मिलि वस्ने वातावरण नहुने भएकोले छुट्टै ठाउमा डेरा लिई वस्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ वमोजिम यो मिलापत्रको संयुक्त निवेदन (२) पेश गरेका छौं , लेखिए वमोजिम मिलापत्र गरी पाउँ ।

४.

गाउँपालिका................../नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका स्थानीय न्यायिक कार्यविधी वमोजिम यो मिलापत्रको संयुक्त निवेदन दस्तुर बापत रु यसैसाथ संलग्न छ ।...........

५. यसमा लेखिएका व्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निवेदकहरु

.................................... प्रथम पक्ष

.................................. दोस्रो पक्ष

इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।

बर्दिबास नगरपालिका

## अनुसूची-१०
## (दफा ५३ को उपदफा (५) सँग सम्बन्धित)

## मिलापत्रको ढाँचा

...................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका न्यायिक समितिसमक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदनपत्र

............. जिल्लागाउँपालिका ............ ./नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं . वस्ने .............. ......... को छोरा......................................................................................../छोरी/श्रीमति

वर्ष (प्रथम पक्ष) निवेदक........................................................................ को .................

विरुद्ध

............. जिल्लागाउँपालिका ............ ./नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं

लिखित जवाफकर्ता.......................को ......................वस्ने वर्ष....................... (दोस्रो पक्ष)

विषयः सम्वन्ध विच्छेद।

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौं :

१. हामीविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएकोमा करिव २ वर्षसम्म सुमधुर दाम्पत्य जीवन रहेको थियो। हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको, सोही वर्ष २०७१ सालको तिहारमा माइत गएपछी घर नआएको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, लिन गएको तर उल्टै कुटपिट गरी पठाएको भनि निवेदकको निवेदन परेको।

२. आफुलाई दाइजो नल्याएको निउँबाट घरमा हेला गरेको, अपमान गरी जवरजस्त घरबाट निकाला गरेको हो। आफु खुशीले माइत गई वसेको होइन अझपनि लोग्नेप्रति आफ्नो यथावत माया, सद्भाव र सम्मान रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गराईपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको।

३. हामी झगडा गरि आयौं, केहीवर्ष लोग्ने स्वास्नी छुटिएर वस्यौं, हामीबाट एक सन्तानको जायजन्म समेतभैसकेको छ। घरमा सामान्य घरायसी विषयले मनमुटाव भई लोग्ने स्वास्नी अलग अलग वसेकोमा गाउँपालिका ..................../नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको न्यायिक समिति मार्फत वडा नं मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता ........................... अन्तर्गतको ................ .

को पहलमा एक आपसमा छलफल गरी मिली आएको व्यहोरा यो छ की विगतमा जे जस्ता................ विषयमा असमझदारी तथा वेमेल भएको भएतापनी हामीविच एक अर्काप्रति विश्वास, सदभाव र प्रेम कायमै रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गरी पाउँ भन्ने निवेदन दावी छोडि पुनः सुमधुर सम्वन्धका साथ दाम्पत्य जीवनलाई व्यवस्थित ढंगले अगाडि वढाउने छौं। निवेदकको घरमा तत्काल लोग्ने स्वास्नी मिलि वस्ने वातावरण नहुने भएकोले छुट्टै ठाउमा डेरा लिई वस्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ वमोजिम यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका छौं (२), लेखिए वमोजिम मिलापत्र गरी पाउँ।

४. गाउँपालिका................./नगरपालिका/उपमहानगरपालिका/महानगरपालिक स्थानीय न्यायिक कार्यविधी वमोजिम यो मिलापत्रको संयुक्त निवेदन दस्तुर बापत रु यसैसाथ संलग्न छ।..........

५. यसमा लेखिएका व्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला।

निवेदकहरु

..................................... प्रथम पक्ष

................................... दोस्रो पक्ष

इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

**अनुसूची-११**
**(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)**

**मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा**

**बर्दिवास नगरपालिकाको**

न्यायिक समिति समक्ष पेश गरेको निवेदन

फोटो

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपि साथै राखी बर्दिवास नगरपालिकाको न्यायिक समिति अन्तर्गतक मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

<u>तपसिल</u>

१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,

२) शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यक्तिगत विवरण (Bio- data)

निवेदक

नाम थरः ..........

दस्तखतः ...........

मितिः .............

**अनुसूची-१२**
**(दफा ७६ को उपदफा (१) सँग सम्बन्धित)**

गा...........उँपालिका/नगरपालिकाको न्यायिक समिति समक्ष पेश गरेको

बर्दिबास नगरपालिका

भरिभराउको निवेदन पत्र

विषयः भरिभराई पाउँ भन्ने वारे ।

.............वस्ने...............................निवेदक/वादी/प्रतिवादी

विरुद्ध

................वस्ने.............विपक्षी/वादी/प्रतिवादी

मुद्दा

म निवेदक निवेदन वापत रु १०।- दस्तुर साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

१उपरोक्त विप .क्षी संगको उल्लेखित मुद्धा यस गाउँपालिका/नगरपालिकाको न्यायिक समितिको मितिको निर्णय बमोजिम मैले यस कार्यालयमा राखेको दस्तुर............../रकम मिति जिल्ला अदालतको फैसला बमोजिम मैले भरी भराई...................को श्री............. पाउने ठहर भएको हुँदा उक्त रकम भरी भराई पाउन यो निवेदन पेश गरेको छु ।

२मैले यस कार्यालयमा जम्मा गरेको दस्तुर ./रकमको भरपाई/रसिद/भौचरको सक्कलै प्रति र सम्मानीत श्री जिल्ला अदालतको अन्तिम फैसलाको छायाकपी यसै साथ...................... संलग्न छ ।

३यसमा लेखिएको व्यहोरा ठिक हो ., झुठा ठहरे सहुँला बुझाउला ।

निवेदक

निज.........

.....

ईति संवत........गते............महिना..................साल................. रोज शुभम् ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसूची-१३

**(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)**

चलन चलाउने निवेदन

गाउँपालिका........./नगरपालिकामा पेश गरेको

निवेदन पत्र

विषयः चलन चलाई पाउँ भन्ने वारे ।

...........वस्ने....................निवेदक/वादी/प्रतिवादी

विरुद्ध

...........वस्ने.................विपक्षी/वादी/प्रतिवादी

मुद्धा

म निवेदक निवेदन वापत रु १०।- दस्तुर साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

१उपरोक्त विपक्षीसंगको उल्लेख .ि त मुद्धा यस गाउँपालिका/नगरपालिकाको न्यायिक समितिबाट मिति वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय) मा निर्णय भई उक्त घर जग्गा........ मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा (भएको छ सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने जिल्ला अदालतमा विपक्षीले प ......श्री ु नरावलोकन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति मा निर्णय हुँदा न्यायिक समितिकै निर्णयलाई सदर गरी मेरै हक भोग कायम ............. गरेको हुँदा सो मेरो हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई पाउन यो निवेदन पेश गरेको छु ।

२यसै निवेदन साथ देहायका कागजातहरु संलग्न गरेको छु । .

क . ...न्यायिक समितिले .................मा गरेको निर्णयको छाँयाँकपी

ख...........श्री . ...........जिल्ला अदालतले गरेको मिति........ को सदर फैसलाको छाँयाँकपी

ग. यस विवाद सम्वद्ध मिसिल यसै कार्यालयमा रहेको छ ।

घ .. लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज.........

......

ईति संव ......गते............महिना..................साल...................रोज शुभम् ।.



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

अनुसूची-१४

(दफा ७९ को उपदफा (४) सँग सम्बन्धित)

**सम्पति रोक्काको अदेश**

............................................ न्यायिक समिति

संयोजक श्री.....................................................................................

सदस्य श्री.......................................................................................

सदस्य श्री.......................................................................................

आदेश

संवत ........सालको निवेदन नं .................

विषयः सम्पति हस्तान्तरण रोक्का

.............. जिल्ला ............. . गाउँपालिक/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं ......... . वस्ने ............... को.............................................................................................. छोरा/छोरी/श्रीमतिवर्ष .................. को(प्रथम पक्ष) निवेदक.........................................................

विरुद्ध

......जिल्ला..........गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं....विपक्षी (दोश्रो पक्ष)..........वस्ने....वर्ष.....को यसमा निवेदकको माग बमोजिम......जिल्ला........

......गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं.... क्षे.फ.........कि.नं........ जग्गामा बनेको.........को नाममा रहेको अवण्डाको.................वर्गफिटको चार तल्ले घर र लिग लगापात समेत विपक्षी....सम्पत्ति निज विपक्षीबाट अन्य अंशियारहरुको मन्जुरी विना हक हस्तान्तरण हुन सक्ने आशंका गरी निवेदकले दिएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचवुझ गर्दा व्यहोरा मनासिव देखिएको हुँदा हाललाई प्रत्यर्क्षीको नाममा रहेको उल्लिखित घरजग्गाको हक हस्तान्तरण गर्न सिफारिस नदिन वडालाई र अर्को आदेश



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

नभएसम्मका लागि उक्त घरजग्गाको हक हस्तान्तरण नगर्नु/गर्न नदिनु भनी मालपोत कार्यालयको नाममा समेत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (६) बमोजिम यो रोक्काको आदेश जारी गरिदिएका छौं । यो आदेश मिसिल सामेल राखी सम्वन्धित कार्यालयहरुमा पठाईदिनु । यो आदेश अनुसार रोक्का भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

ईति संवत................साल.............माहिना...........गते..........रोज शुभम् ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**अनुसूची-१५**

**(दफा ८८ को उपदफा (६) सँग सम्बन्धित)**

**नक्कलको लागि निवेदन**

न्यायिक समिति

.......... गाउँपालिका/नगरपालिकामा पेश गरेको

निवेदन पत्र

विषयः नक्कल पाउँ भन्ने बारे ।

.................. बस्ने .................................................................

निवेदक/वादी/प्रतिवादी

विरुद्ध

............... बस्ने ......................................................................

विपक्षी/वादी/प्रतिवादी

मुद्दाः .................................................................................. ।

म निवेदक निवेदन दस्तुर वापत रु. १०।-साथै राखी निम्न व्यहोरा निवेदन गर्दछुः

(१) उपरोक्त विपक्षीसँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका कागजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपि पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु । अतः नक्कलको प्रमाणित प्रतिलिपि पाउँ ।

देहाय

क)...................................................................

ख)...................................................................

ग)...................................................................

घ) ...................................................................

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

ङ) .........................................................................

२) लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज

..........................

इति सम्वत् ......... साल .... महिना .... गते रोज् ... शुभम् ...............

# बर्दिबास नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन,२०७८

# बर्दिबास नगरपालिका

बर्दिबास नगरपालिका

नगरसभाबाट पारित मिति :२०७८।१०।२४
प्रमाणीकरण मिति :

<u>प्रस्तावना</u> : स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न,

बर्दिबास नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम बर्दिबास नगरपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन बर्दिबासको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायु सुहाउँदो अनुकूल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले बर्दिबास नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) “खुल्ला क्षेत्र” भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनु पर्छ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ङ) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(च) "जोखिमपूर्ण फोहर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ।

(छ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "निष्काशन" भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "परिषद" भन्नाले दफा ४८ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद सम्झनु पर्छ।

(ट) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय-चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ठ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानुन बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ड) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ढ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अबस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धूवाँ, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ ।

(ण) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

(त) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छः-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा

(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार ।

(थ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यीनको अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(द) "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसवाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(ध) "सम्पदा" भन्नाले नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ।

(न) "सिमसार" भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Flood plain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ ।

(प) "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता,*पारिस्थिकीय प्रणाली* तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

* (फ) "प्राकृतिक श्रोत" भन्नाले वन, वन्यजन्तु, पानी, कृषि, पशु, पारिस्थिकीय प्रणाली, जैविक विविधता, वातावरणीय वस्तु तथा सेवा समेत वुझनु पर्दछ|*

## परिच्छेद - २
## वातावरण संरक्षण

३. **वातावरण संरक्षण गर्नुपर्ने** : (१) आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने** : (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी नगरपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भू:स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

(४) उपफदा (१),(२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम कार्यपालिकाबाट हुनेछ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्नेछ।

५. <u>सम्पदाको संरक्षण गर्नुपर्ने</u> : (१) नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ।

६. <u>वातावरणीय अध्ययन गर्नुपर्ने</u> : (१) प्रचलित कानुन तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विष्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नपर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरि सोको प्रतिवेदन प्रदेश कानुनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(८) यस ऐन वमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्वन्धित निकायबाट कार्यसूची स्वीकृत गर्नुपर्नेछ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावक नगरपालिका आँफै संलग्न भएको अबस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानुन बमोजिम स्वीकृत हुनेछ।

७. <u>मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने</u> : (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

८. <u>वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने</u> : (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू मध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो को समेत उल्लेख गर्नुपर्नेछ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना वनाई सो बमोजिम कार्यान्वयन गर्नुपर्नेछ र सो को प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भएपछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

९. <u>प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने</u> : यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन ।

१०. <u>प्रस्ताव सम्बन्धी अन्य व्यवस्था</u> : (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानुन बमोजिम हुनेछ ।

(२)संघीय तथा प्रादेशिक कानुन बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी नगरपालिकाको [वातावरण शाखा] को हुनेछ ।

११. <u>रोक लगाउन सक्ने</u> : (१) कसैले पनि यस ऐन र प्रचलित कानुनले तोके वमोजिमको निकायवाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपूर्तिको लागि दाबी गर्न पाउने छैन ।

१२. <u>अनुकूलन योजना बनाउन सक्ने</u> : (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनीकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको असरवाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ।

१३. <u>हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्यहरू गर्न सक्ने</u> : (१) नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

१४. <u>प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने</u> : (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुवाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन ।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा गाउँपालिका/नगरपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सो को जानकारी गराई गाउँपालिका/नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्री वितरण, भण्डारणमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>प्रयोगशाला स्थापना गर्न सक्ने</u>** : (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. **<u>नमुना सङ्कलन गर्न दिनुपर्ने</u>** : कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना सङ्कलन गर्न दिनु पर्नेछ ।

१७. **<u>वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने</u>** : नगरपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

कानुन बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ ।

१८. <u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः</u> (१) वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानुन तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानुन र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३
## <u>फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

१९. <u>फोहरमैलाको प्रबन्ध गर्ने दायित्व</u> : (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, बायो ग्यास प्लान्ट लगायत


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

फोहरमैलाको सङ्कलन , अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

२०. <u>फोहरमैला व्यवस्थापन गर्ने दायित्वः</u> (१) नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानीकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानीकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरीदिन कार्यपालिकालाई अनुरोध गरेमा वा कार्यपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ।

(५) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६) जाँच परीक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा कार्यपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गर्नेछ।

२१. <u>फोहरमैला उत्पादन कम गर्ने</u> : (१) नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्न उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(२) "आफ्नो क्षेत्र" भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

<u>स्पष्टिकरण:</u> "आफ्नो क्षेत्र" भन्नाले गाउँपालिका/नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

२२. <u>फोहरमैला पृथकीकरण</u> : (१) कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

२३. <u>फोहरमैलाको निष्काशन</u> : (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानीकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानीकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

२४. <u>फोहरमैला व्यवस्थापन केन्द्र</u> : (१) कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्यक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. <u>जोखिमपूर्ण फोहरको व्यवस्थापन</u> : (१) कुनै जोखिमपूर्ण फोहरको सङ्कलन , भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्वन्धी अन्य प्रक्रिया तोकिए वमोजिम हुनेछ।

२६. <u>फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग</u> : (१) कार्यपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिणामलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ ।

२७. <u>अनुमति सम्बन्धी व्यवस्था</u> : (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. <u>फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता</u> : (१) कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः-

(क) फोहरमैलाको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला सङ्कलन ,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

(च) बन्द पश्चात् व्यवस्थापन ।

२९. <u>प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने</u> : (१) कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

३०. <u>फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने</u> : (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानुनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

३१. <u>सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने</u> : (१) कार्यपालिकाले प्रचलित कानुनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन , ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

३२. <u>सेवा शुल्क उठाउन सक्ने</u> : (१) कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-४
## जैविक विविधता संरक्षण

३३. जैविक विविधताको संरक्षण गर्नुपर्ने : (१) आफ्नो क्षेत्रभित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानुन तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,-

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु सञ्चालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ.(GMO)तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि पराग सेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण,-


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९
बर्दिबास नगरपालिका

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सो को संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र मापदण्ड बमोजिम हुनेछ।

३४. <u>जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने</u> : (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. <u>स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्ने</u> : (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ ।

३६. <u>खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था</u> : (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानुन प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

३७. <u>जलाधार संरक्षण गर्नुपर्ने</u> : (१) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धीत निकायको कर्तव्य हुनेछ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानुन र मापदण्डको अधीनमा रही कार्यविधि वनाई नगरपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ।

* (४) **चुरे र तराईको अन्तरसम्वन्धको आधारमा कार्यक्रम संचालन** गर्नेः यस पालिका भित्र अति संवेदनशील चुरे पहाड तथा साना दून रहेका छन् भने चुरेवाट आएको वाढी, नदी कटान, वाढीवाट प्रभावित भएको तराई क्षेत्र पनि रहेका छन् । यसको लागि यस पालिकाले कुनै विकास निर्माण, ढुँगा, गिटटीको उत्खनन् कार्य गर्दा चुरे पहाडको संवेदनशीलता र तराई क्षेत्रमा हुने वाढीको डुवान र नदी कटानवाट हुने क्षतिलाई ध्यानमा राखी संरक्षण नीति लागू गर्ने छ ।

*

## परिच्छेद- ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

३८. **वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने** : (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा गनगरपालिकाले संघीय र प्रदेश कानुनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र सञ्चालन गर्ने,

(छ) वन पैदावार सङ्कलन मा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुऱ्याउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम सञ्चालन गर्ने,

(ट) नगरपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना नगरपालिकावाट स्वीकृत गरी कार्यान्वयन गराउने

(ढ) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ण) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रमहरु सञ्चालन गर्ने,

(त) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही गाउँपालिका/ नगरपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्वन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन  प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने,

३९. <u>निजी वन दर्ता तथा व्यवस्थापन</u> : (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको सङ्कलन  तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

४०. <u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था</u> : (१) कार्यपालिकाले प्रचलित नेपाल कानुन तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानुनको अधिनमा रही हटाउन सक्नेछ ।

४१. <u>सहरी वनको विकास र व्यवस्थापन</u> : (१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

४२. <u>वनक्षेत्रको प्रयोग</u> : कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

४३. <u>नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन</u> : (१) संघीय तथा प्रादेशिक कानुन प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन् ।

(२) नगरपलिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

४४. <u>खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन</u> : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानुनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. <u>नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपण</u> : (१) नगरपालिकाभित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ ।

(२)कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

*(३) **पारिस्थितकीय वस्तु तथा सेवाको उत्पादन तथा विक्री नियमन गर्ने**: यस पालिकाले संघीय र प्रदेश ऐन नियमको प्रतिकूल नहुने गरी प्रचलित ऐन अन्तरत दर्ता भएको संघ संस्थाले यस पालिका भित्र पारिस्थितकीय वस्तु तथा सेवाको उत्पादन तथा विक्री गर्न चाहेमा यस पालिकाले अनुमति दिन सक्ने छ। यस्ता पारिस्थितकीय वस्तु तथा सेवाको उत्पादन तथा विक्री एकलै वा समुदायमा आधारित वन समूहसंग पनि गर्न सक्ने छ।

(४) **कार्यपालिकाले** पारिस्थितकीय वस्तु तथा सेवाको उत्पादन तथा विक्री **सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।**

(५)**चुरेको अति भिरालो, पहिरो तथा तराईको वाढी जोखिम स्थानमा वासोवास गरेको घरधुरी वा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने**: चुरेको अतिभिरालो, पहिरो तथा तराईको वाढीको जोखिम स्थानमा वासोवास गरेको घरधुरी वा समुदायले एकतर्फ त्यस स्थानको वातावरणलाई थप जोखिम वनाई रहेको हुन्छ भने अर्को तर्फ आफनै घर परिवार असुरक्षित भै वाँचिरहेका हुन्छ



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

। यस पालिकाले योजना वनाई यस्ता परिवार र समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सक्ने छ। *

## परिच्छेद-६
## संस्थागत व्यवस्था

४६. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन : (१) नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

४७. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्ने : (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरीक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्;

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) स्वास्थ्य समिति संयोजक- सदस्य

(ङ) वन, वातावरण समिति संयोजक-सदस्य



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना-सदस्य

(छ) स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूवाट १जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना-सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य

(झ) वातावरण शाखा संयोजक- सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

४८. <u>समितिहरु गठन गर्न सक्ने</u> : (१) नगर तथा गाउँ कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

४९. <u>अनुगमन तथा मूल्याङ्कन</u> : (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्याङ्कन दफा ५८ बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद वा परिषदले तोकेको निरीक्षण समितिहरूवाट गर्नेछ ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. <u>वातावरण संरक्षण योजना तर्जुमा गर्ने</u> : (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## <u>कसुर, जरिवाना तथा क्षतिपूर्ति</u>



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

५१.  <u>कसुरः</u> **कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ :-**

(क) कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कन्टेनर वा फोहरमैला सङ्कलन  केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन  केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन  केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन  केन्द्र, कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानीकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन  गर्न कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइ राखेको सवारी साधन हटाउने इन्कार गर्ने,

(ञ) कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानीकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानीकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ड) फोहरमैला सङ्कलन , ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन , ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानुन बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानुन र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

५२. <u>सजाय तथा जरिवाना</u> : (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछः

(क) दफा ५१ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई कार्यपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसुर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा ५१ को खण्ड (ख) र (झ) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ५१ को खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कन्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९
बर्दिबास नगरपालिका

(घ) दफा ५१ को खण्ड (घ) र (ङ) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(ङ) दफा ५१ को खण्ड (च) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसुरदाताबाट असूल उपर गर्न सक्नेछ ।

(च) दफा ५१ को खण्च (छ), (ज) र (द) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(छ) दफा ५१ को खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ज) दफा ५१ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(झ) दफा ५१ को खण्ड (ड), (ढ) र (ण) बमजिमको कसुरलाई प्रचलित संघीय कानुन बमोजिम सजाय हुनेछ ।

(ञ) दफा ५१ को खण्ड (थ) बमोजिमको कसुर गर्नेलाई सम्बन्धित कार्यपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्ने छ ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछः

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म ।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(४) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ ।यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेश बमजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

५३. <u>क्षतिपूर्ति</u> : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(३) नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. निवेदन दिन सक्ने : (१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदेन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५५. पुनरावेदन : (१) दफा ५२,* दफा ५७ को (४) * बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५६. सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने : वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानुन बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८
## विविध

५७. ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, सङ्कलन , उपयोग, विक्री तथा वितरण सम्बन्धमा : (१) नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, सङ्कलन,उपयोग, बिक्री तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२)उपदफा(१)बमोजिमको मापदण्डको अधीनमा रही नगरपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

*(३)नगरपालिकाको कार्यविविधि विपरित **नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण** गरेको पाईएमा वा जिल्ला अनुगमन समितिले कारबाहीको लागि लेखि पठाएमा नगरपालिकाले जरिवाना गरी प्रचलित संघीय कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(४) **दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः**_संघीय सरकारले जारी गरेको मापदण्ड वा नगरपालिकाको कार्यविविधि विपरित कसैले नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन्, संकलन, उपयोग, बिक्रि तथा वितरण गरेको पाईएमा वा जिल्ला अनुगमन समितिले कारबाहीको लागि लेखि पठाएमा नगरपालिकाले त्यस्ता फर्म वा व्यक्तिलाई देहाय बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ :

१.नदीको पानी भित्र मेशिनरी प्रयोग गरी वहाव क्षेत्रबाट नदीजन्य सामाग्री संकलन गरेमा २०,०००। (वीस हजार रूपैया-) देखी ५०,००० । (पचास हजार रूपैया-) सम्म जरिवाना हुनेछ ।

२.स्थानीय अनुगमन समितिमा अभिलेखिकरण नगराई नदीजन्य पदार्थको उत्खननको लागि मेशिनरी प्रयोग गरेमा १०,०००। (दश हजार रूपैया-) देखी ३०,००० । (तीस हजार रूपैया-) सम्म जरिवाना हुनेछ ।

३. तोकिएको भन्दा बढी चौडाई तथा गहिराई उत्खनन् गरेमा २०,०००। (वीस हजार रूपैया-) देखी ४०,००० । (चालीस हजार रूपैया) सम्म जरिवाना हुनेछ ।

४. तोकिएको भन्दा बढी मेसिनरी प्रयोग गरी उत्खनन् गरेमा २५,०००। (पच्चीस हजार रूपैया-) देखी ४५,००० । (पैतालीस हजार रूपैया-) सम्म जरिवाना हुनेछ ।

५. बिहान सुर्योदय अगाडी र बेलुकी सुर्योदय पछाडी संकलन तथा उत्खनन् गरेमा ३०,०००। ( तीस हजार रूपैया-) देखी ५०,००० । (पचास हजार रूपैया-) सम्म जरिवाना हुनेछ ।

६. नदीको धार परिवर्तन गरी संकलन तथा उत्खनन् गरेमा ३०,०००। (तीस हजार रूपैया-) देखी १००,००० । (एकलाख रूपैया-) सम्म जरिवाना हुनेछ ।

७. IEE मा उल्लेखित क्षेत्र बाहेक निषेधित क्षेत्रबाट संकलन तथा उत्खनन् गरेमा २०,०००। ( वीस हजार रूपैया-) देखी ४०,००० । (चालिस हजार रूपैया-) सम्म जरिवाना हुनेछ ।

८. स्थानीय तहको स्वीकृती बेगर अवैध रूपमा नदीजन्य पदार्थको संकलन तथा उत्खनन् गरेमा १००,०००। (एकलाख रूपैया-) देखी ३००,००० । (तीन लाख रूपैया-) सम्म जरिवाना हुनेछ ।

९. नदीजन्य पदार्थ ओसार पसार गर्दा असुरक्षित र वातावरणलाई नकारात्मक असर गर्ने गरी ढुवानीका साधनको ढालाभन्दा माथी,नछोपी वा पानी चुहाउदै ढुवानी गरेमा १०,०००। (दश हजार रूपैया-) देखी २५,००० । (पच्चीस हजार रूपैया-) सम्म जरिवाना हुनेछ ।*



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

५८. <u>भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन</u> : संघीय तथा प्रदेश कानुनको अधिनमा रही नगरपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५९. <u>समन्वय र सहजीकरण गर्ने</u> : वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ।

६०. <u>सर्वेक्षण</u> : कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

६१. <u>गुनासो व्यवस्थापन</u> : कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी गुनासो र उजुरीको सङ्कलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

६२. <u>परामर्श लिन सक्ने</u> : नगरसभा, कार्यपालिका वा वातावरण शाखा (इकाई) ले यस ऐनको कार्यान्विनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

६३. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u> : कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण शाखा (इकाई) मा प्रत्यायोजन गर्न सक्नेछ ।

६४. <u>प्रचलित कानुन बमोजिम हुने</u> : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ।

६५. <u>नियम बनाउन सक्ने</u> : यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

६६. <u>मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने</u> : यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

बर्दिबास नगरपालिका


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## बर्दिबास नगरपालिकाको विद्यालय शिक्षा ऐन, २०७७

**प्रस्तावना**

शिक्षामा समतामूलक गुणस्तरीय पहुँचको व्यवस्था गर्दै मानवीय मूल्य र मान्यताको प्रवर्द्धन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका माध्यमबाट मुलुकको समृद्धिका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित जनशक्ति तयार गर्न बर्दिबास नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, "नेपालको संविधानको धारा २२१ र २२६, अनुसूची ८ को सूची नं. ८ र ९" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) को अधिकारलाई कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी वर्दिबास नगरपालिकाको सातौं नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- एक
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "बर्दिबास नगरपालिकाको विद्यालय शिक्षा ऐन, २०७७" रहेको छ।

(२) यो ऐन बर्दिबास नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १८ र दफा ३७ को प्रयोजनका लागि विद्यार्थीका वावु आमा, बाजे बज्यै, र त्यस्ता अभिभावक नभएका विद्यार्थीका हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्ति वा संस्थालाई समेत जनाउँछ ।

(ख) "प्रारम्भिक बाल विकास र बाल शिक्षा" भन्नाले तीन र चार बर्ष उमेरका बालबालिकाको लागि प्रदान गरिने शिक्षा सम्झनु पर्छ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारभिक बाल शिक्षादेखि कक्षा आठसम्मको शिक्षा सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले बर्दिबास नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(च) "कोष" भन्नाले दफा ४४ वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको विद्यालय कोषलाई

सम्झनु पर्छ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वमोजिम बन्ने नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ज) “नगर शिक्षा समिति" भन्नाले बर्दिबास नगरपालिकाको शिक्षा समितिलाई सम्झनु पर्छ।

(झ.)"नगरपालिका" भन्नाले बर्दिबास नगरपालिकालाई सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकालाई समेत बुझाउँछ ।

(ञ) “नगर सभा" भन्नाले बर्दिबास नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ट) “नगर प्रमुख” भन्नाले बर्दिबास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दिबास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ड) "प्राविधिक तथा ब्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यावसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ढ) “बाल शिक्षा केन्द्र" भन्नाले तीन र चार बर्ष उमेरका बालबालिकाको लागि सञ्चालन गरिने प्रारम्भिक बाल विकास केन्द्र, नर्सरी, किन्डरगार्टेन, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ण) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(त) “व्यवस्थापन समिति" भन्नाले दफा १८ र दफा ३७ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(थ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्मको शिक्षा सम्झनु पर्छ ।

(द) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकार र नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ध) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार र नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(न) “शिक्षा शाखा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

(प) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(फ) “शिक्षा शाखा” भन्नाले नगर कार्यपालिकामा रहेको शिक्षा हेर्ने शाखा सम्झनु पर्छ ।

(ब) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(भ) “वडा अध्यक्ष" भन्नाले नगरपालिकाको वडा समितिको अध्यक्ष सम्झनु पर्छ ।

(म) “प्राध्यापक” भन्नाले विश्वविध्यालय वा क्याम्पसको अध्यापक सम्झनु पर्छ।

## परिच्छेद - दुइ

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

३. विद्यालयको तह : आधारभूत र माध्यमिक गरी बिद्यालय दुई तहका हुनेछन् ।

४. माध्यमिक शिक्षाको प्रकार : माध्यमिक तहको शिक्षा देहाय अनुसार हुनेछ :-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

५. शिक्षाको माध्यम :

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाएको अवस्थामा विद्यालय शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहसम्म मातृ भाषामा शिक्षा प्रदान गर्न सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले बर्दिबास नगरपालिकाका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछन् ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

६. आवासीय शिक्षा, विशेष शिक्षा, समावेशी, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था : नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी आवासीय शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

७. विद्यालयको प्रकार :

(१) विद्यालयको प्रकार देहाय अनुसार हुनेछः -

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत विद्यालय,

(२) मदरसा, गुम्बा, गुरुकुल जस्ता परम्परागत विद्यालयले राष्ट्रिय पाठ्यक्रमको प्रयोग गर्नु पर्नेछ ।

८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने : -

(१) कुनै नेपाली नागरिक वा समुदायले विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनु भन्दा तीन महिना अगाडि नै नगर शिक्षा शाखामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ,। सो निवेदनमा दफा ७ अनुसार विद्यालयको प्रकार प्रष्ट उल्लेख भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निबेदन उपर स्थलगत जाँचबुझ गर्दा तोकिएको पूर्वाधार पूरा गरि विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा शिक्षा शाखा प्रमुखको राय सहितको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ। नगर शिक्षा समितिले अनुमति दिन उपयुक्त देखेमा शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगावै अनुमति दिई सक्नुपर्नेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेको विद्यालयले चाहेमा कम्पनी खारेज गरि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निबेदन दिन सम्नेछ ।

(४) उपदफा (३) बमोजिम निबेदन परेमा शिक्षा शाखाले सो निबेदन उपर पन्ध्र दिन भित्र आवश्यक जाँचबुझ गरी नगर शिक्षा समितिमा राय सहित प्रतिबेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिले अनुमति दिनेछ ।

(५) प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा तर्जूमा गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि कुनै समुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा शाखाको सिफारिसमा नगर शिक्षा समितिले अनुमति प्रदान गर्न सक्नेछ ।संस्थागत विद्यालयले प्राविधिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था र प्रकृया संघीय कानुनले व्यवस्था गरे बमोजिम हुनेछ ।

६) उपदफा (२),(३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालयलाई कम्पनी वा निजी शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन।

(७) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले शैक्षिक गुठी अन्तर्गत बिद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालन (ट्रष्टी) सङ्गठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी, मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सञ्चालित बिद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यबस्था तोकिए बमोजिम हुनेछन् ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ। नगरपालिकाबाट अनुमति भएका शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(१०) यस दफा अन्तर्गतका अन्य उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

(११) यस अघि दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिने छन् ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(१२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनी अन्तर्गत नयाँ विद्यालय खोल्न अनुमति दिइने छैन ।

**९) संस्थागत विद्यालयले धरौटी राख्नु पर्ने** : बर्दिबास नगरपालिकामा सञ्चालित संस्थागत विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम तोकिएको वैंकमा मुद्दती खातामा धरौटी राख्नु पर्नेछ :-

(क) माध्यमिक विद्यालयका लागि पाँच लाख रुपैयाँ,

(ख) आधारभूत विद्यालय (कक्षा ६-८)को लागि दुई लाख पचास हजार रुपैयाँ,

(ग) प्रारम्भिक बाल विकास केन्द्र देखि पाँच कक्षासम्म सञ्चालित विद्यालयको लागि एक लाख रुपैयाँ ।

**१०.) धरौटी खाताको सञ्चालन** : (१) दफा (९) वमोजिमको धरौटी खाताको सञ्चालन विद्यालयका प्रधानाध्यापक र शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीबाट हुनेछ ।

**११.) पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र** र शैक्षिक क्यालेण्डर यसै बमोजिम हुने पाठयक्रम नीति मापदण्ड संघीय कानुन बमोजिम हुनेछ । सार्वजनिक शैक्षिक गुठी निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम,परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नु पर्नेछ ।

**१२.) बाल शिक्षा केन्द्र सञ्चालन** : नगर शिक्षा समितिले शिक्षा शाखाको सिफारिसमा विद्यालय बाहिर छुट्टै बाल शिक्षा केन्द्रको स्थापना, सञ्चालन गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**१३.) बाल गृहको सञ्चालन** : नगरपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले अनुमति लिई वाल गृह सञ्चालन गर्न सक्नेछ । बाल गृह सञ्चालनको लागि आवश्यक मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**१४.) समुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने** : नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए वमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्ताकालय, वाचनालय सञ्चालन हुन सक्नेछन् ।

**१५.) नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** : (१)नगर शिक्षा समितिले तोकिएको मापदण्ड बमोजिम विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । कक्षा १-५ सञ्चालित विद्यालयमा कुल पच्चीस जना भन्दा कम विद्यार्थी भएमा नगर शिक्षा शाखाको सिफारिसमा सो विद्यालयलाई अर्को विद्यालयमा गाभ्न सक्नेछ ।त्यसरी गाभिएको विद्यालयको भौतिक सम्पत्ती नगर कार्यपालिकाको निर्णय अनुसार समुदायको विकासमा प्रयोग गरिने छ।

(२) सामुदायिक विद्यालयको नाम परिवर्तन गर्नु परेमा उपयुक्त कारण सहित तोकिएको ढाँचामा नगर शिक्षा शाखामा निबेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नाम परिवर्तनको स्वकृती दिन सक्नेछ ।

(४) कम्पनी ऐन अनुसार सञ्चालित विद्यालयहरुको नाम, स्वामित्व परिवर्तन गर्नु परेमा सोही ऐन अनुसार हुनेछ।

(५) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा धार्मिक, साम्प्रदायीक तथा जातिगत द्वेष झल्किने प्रकारको

नाम राख्न पाइने छैन ।सामुदायिक माध्यमिक विद्यालयको हकमा पचास लाख र सामुदायिक आधारभूत विद्यालयको हकमा तीस लाख रुपैया प्रदान गर्ने व्यक्तिको नाम थप गर्न सकिने छ ।

(६) तोकिएका सर्त र पूर्वाधार पूरा गरेमा नगर शिक्षा समितिले कक्षा थप गर्न अनुमति दिन सक्नेछ । तर एक शैक्षिक सत्रमा एक भन्दा बढी कक्षा थपको अनुमति दिन सकिने छैन ।

(७) बर्दिवास नगरपालिकामा स्थापना भइ सञ्चालनमा रहेका संस्थागत विद्यालय शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा स्थानान्तरण गर्न सकिने छ तर ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा स्थानान्तरण हुने छैन । बर्दिवास नगरपालिकाबाट अन्य पालिकामा स्थानान्तरण भइ जाने वा अन्य पालिकाबाट बर्दिबासमा स्थानान्तरण भइ आउने विद्यालयको हकमा बर्दिबास नगरपालिकासँग सीमाना जोडिएको अवस्थामा मात्र पालिकान्तर वा जिल्लान्तर स्थानान्तरण गर्न सकिने छ तर बर्दिबास नगरपालिकाको शहरी क्षेत्रमा स्थानान्तरण भइ आउन पाइने छैन । एक पटक स्थानान्तरण भएको विद्यालय पुनः स्थानान्तरण हुने छैन ।

(८) संस्थागत, गुठी वा सहकारी विद्यालय सामुदायिक विद्यालयमा गाभिने प्रक्रिया संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

## परिच्छेद : ३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. नगर शिक्षा समिति सम्बन्धी व्यवस्था :** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको नीति, योजना तर्जुमा, गुणस्तर व्यवस्थापन गर्न देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ

(क) नगर प्रमुख वा निजले तोकेको नगर कार्यपालिकाको सदस्य - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगरसभाका सदस्यहरु मध्येबाट नगर प्रमुखबाट मनोनित एक जना महिला सहित दुई जना - सदस्य

(घ) सामुदायिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) बर्दिबास नगरको शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना महिला सहित दुई जना - सदस्य

(च) नगरपालिका क्षेत्र भित्र गठन भएको नेपाल शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि एक जना - सदस्य

(छ) सामुदायिक विद्यालयका प्रध्यानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना महिला समेत दुई जना - सदस्य

(ज)संस्थागत बिद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको प्रधानाध्यापक एकजना - सदस्य

(झ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) नगरपालिका क्षेत्र भित्रका प्राविधिक धार तथा नमूना विद्यालयका विद्यालय व्यवस्थापन समितिका

अध्यक्ष तथा प्रधानाध्यापकहरु, शिक्षा सम्बन्धी कार्यदल तथा उप-समितिका संयोजकहरुलाई उपदफा (१) बमोजिम समितिको बैंठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) नगर शिक्षा समितिको बैठकसम्बन्धी व्यवस्था : नगर शिक्षा समितिको बैठक सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगर शिक्षा समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(ख) नगर शिक्षा समितिको बैठक सो समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

(ग) माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगर शिक्षा समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा सदस्य सचिवले जुनसुकै बखत पनि नगर शिक्षा समितिको बैठक बोलाउनु पर्नेछ ।

(घ) नगर शिक्षा समितिको बैठक बापतको भत्ता तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) अनुसारका मनोनित सदस्यले पदीय आचरण पूरा नगरेमा मनोनित गर्ने समिति वा पदाधिकारीले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टीकरणको मौकावाट बञ्चित गरिने छैन ।

(५) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) नगरको शैक्षिक योजना तयार गरि लागु गर्ने,

(ख) नगरपालिका क्षेत्र भित्र, विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी निर्णय गर्ने,

(ग) विद्यालयलाई दिइने आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने, अनुदान प्रदान गर्ने,

(घ) विद्यालय तहका परीक्षालाई निष्पक्ष, मर्यादित, भयरहित र व्यवस्थित बनाउन आवश्यक कार्य गर्ने,

(ङ) नगरमा प्राप्त दरबन्दीमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलान गर्ने,

(च) विद्यालयको लेखा परीक्षक नियुक्ति गर्ने,

(छ) नगरपालिका क्षेत्रमा सञ्चालित समुदायिक विद्यालयको निजी श्रोतबाट नियुक्त शिक्षकको सेवा, सुविधा, सर्तहरु र मापदण्ड तोक्ने,

(ज) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(झ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ञ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने,

(ट) विद्यालयको तह, कक्षा वा विषय थपको अनुमति दिने, तह वा कक्षा घटाउने

(ठ) नगरपालिका भित्रका विद्यालयमा कार्यरत योग्यता पुगेका शिक्षकहरु मध्यबाट शिक्षक छनौट गर्ने प्रयोजनका लागि तहगत र विषयगत विशेषज्ञ छनौटको मापदण्ड बनाई विशेषज्ञ सूची तयार गर्ने,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ड) विद्यालय नक्साङ्कन गर्ने,

(ढ) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(ण) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जूमा गर्ने,

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने,

(थ) विद्यालयमा शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने,

(द) शिक्षक तालिम सम्बन्धी नीति तर्जुमा गर्ने,

(ध) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्वन्धित तथ्याङ्कहरु अध्यावधिक राख्ने,

(प) शिक्षामा सवै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति तर्जुमा तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(फ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१७. **शिक्षा प्रमुखको काम कर्तव्य र अधिकार** :-१) नगरस्तरीय शिक्षा योजना तर्जूमा गरी नगर शिक्षा समितिमा पेश गर्ने,

(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासको लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने, गराउने

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउनेः

(४) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासको लागि आवश्यक सल्लाह परामर्श दिने,

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

(६) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(७) शिक्षा शाखा प्रमुखको अन्य कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. **विद्यालय व्यवस्थापन समिति** :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहने एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले छानी पठाएका कम्तीमा दुईजना महिला सहित चार जना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सम्बन्धित वडा समितिले मनोनित गरेको एक जना- सदस्य

(ग) विद्यालयका संस्थापक, चन्दादाताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एक जना- सदस्य

(घ) स्थानीय शिक्षाप्रेमीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना - सदस्य

(च) प्रधानाध्यापक - सदस्य सचिव



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) को खण्ड (ग) बाहेकका सदस्यहरु छनौट तथा मनोनयन भएपछि बस्ने विद्यालय व्यवस्थापन समितिको बैठकले खण्ड (ग) अनुसारका सदस्यहरु मनोनित गर्नेछ ।
(३) उपदफा (१) को खण्ड (क), (ग) र (घ) का सदस्यहरु मध्येवाट अध्यक्षको छनौट हुनेछ ।
(४) व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
(५) अध्यक्ष छनौटका लागि विद्यालय व्यवस्थापन समितिको पहिलो वैठक वसेको मितिले एक महिना भित्रमा अध्यक्ष छनौट हुन नसकेमा उपदफा (१) को खण्ड (क), (ग) र (घ) का सदस्यहरु मध्येवाट नगर शिक्षा समितिले अध्यक्ष तोक्नेछ ।
(६) विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यार्थी वा विद्यालयमा रहेको बालक्लबका छात्रछात्रामध्ये एकजना छात्रा सहित कम्तिमा दुई जनालाई आमन्त्रित गर्नु पर्नेछ ।
(७) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ । त्यस्तो समितिले तोकिएको जिमेवारी पूरा गर्न नसकेमा वा अध्यक्ष वा कुनै सदस्यले पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले जुनसुकै बखत समिति विघटन गर्न वा पदबाट हटाउन सक्नेछ । तर त्यसरी समिति विघटन वा पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म नगर शिक्षा समितिले अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।
(८) यस ऐन वा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिद्यालय व्यवस्थापन समितिको अवधि समाप्त भएको एक महिनासम्म पनि नयाँ बिद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नगर शिक्षा समितिले अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।
(९) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सुचकहरू पूरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।
(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतका पहिचान र परिचालन गर्ने,
(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
(ग) विद्यालयको शैक्षिक, भौतिक तथा अर्थिक तथ्याङ्क र विबरण अद्यावधिक गराई राख्ने,
(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर शिक्षा शाखामा पठाउने,
(ङ) विद्यालयमा शिक्षक, कर्माचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,
(च) नगरबाट प्राप्त स्वीकृत दरवन्दीका शिक्षकलाई विद्यालयमा हाजिर गराई काममा लगाउने,
(छ) विद्यालयमा प्राप्त दरबन्दीका शिक्षक कर्मचारीको पद रिक्त भएमा रिक्त भएको मितिले ७ दिन भित्र सोको जानकारी नगर शिक्षा शाखामा लेखी पठाउने,
(ज) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा शाखामा पेश गर्ने,

(ञ) नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,

(ट) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक, कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने,

(ठ) विद्यालयले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी शिक्षक नियुक्ती गर्ने, नियुक्त गरेका शिक्षका लागि सेवा, शर्त तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ड) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्न नसकिने भएमा आवश्यकता अनुसार बिहानी र दिवा सत्रको प्रबन्ध मिलाउने,

(ढ) शिक्षक छनौट र सिफारिस गर्ने,

(ण) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(१०) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

(११) यो दफा प्रारम्भ हुनु पूर्व गठन भएका विद्यालय व्यवस्थापन समिति यसै दफा वमोजिम भएको मानिनेछ ।

**१९. शिक्षक अभिभावक संघ** : सबै विद्यालयमा शिक्षक र अभिभावक रहेको बढीमा पन्ध्र सदस्यीय शिक्षक अभिभावक संघ रहनेछ। शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ

## परिच्छेद : ४
## शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवा सर्त र योग्यता

**२०. नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने** : (१) नेपाल सरकारले तोकिदिएवाहेक नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयहरुमा नगर कार्यपालिकाले निर्धारण गरेको दरवन्दी बमोजिमको शिक्षक तथा कर्मचारीको नियुक्ति नगर शिक्षा समितिले गर्नेछ ।

(२) नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा सङ्घीय वा प्रदेश मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गरी शिक्षक दरबन्दी मिलान गर्नेछ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी नगर शिक्षा शाखाले राख्ने छ ।

२१.) **शिक्षक र कर्मचारीको सेवा शर्त, योग्यता र सक्षमता** :शिक्षक र कर्मचारीको सेवा शर्त, सुविधा, योग्यता र सक्षमता सङ्घीय वा प्रदेश कानुनमा व्यवस्था भए वमोजिम हुनेछ ।

२२.) **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था** : (१) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ :-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणीत भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विना स्वीकृति विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा ।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाइ पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर पदवाट हटाउनु अघि मुनासिव माफीको स्पष्टीकरण दिने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, वढुवा र तालिम

**२३. शिक्षक तथा कर्मचारीको नियुक्ति :** (१) नगरपालिका क्षेत्रका विद्यालयहरुमा रिक्त रहेको शिक्षक दरबन्दीमा स्थायी पदपूर्ति संघीय कानुन बमोजिम हुनेछ ।

(२) विद्यालयमा कायम रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा स्थायी पदपूर्ति नभएसम्मका लागि करार नियुक्तिको सिफारिस गर्न देहाएको शिक्षक तथा कर्मचारी छनौट समितिबाट हुनेछ :

(क) नगर शिक्षा समितिको अध्यक्षले तोकेको नगर शिक्षा समितिको सदस्य - संयोजक

(ख) स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तिमा दश बर्ष अध्यापन गरेका शिक्षकहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ग) नगरपालिकाको शिक्षा शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - सदस्य सचिव

(३) शिक्षक तथा कर्मचारी छनौटका लागि हुने परीक्षा सञ्चालनका लागि आवश्यक विषय विशेषज्ञको छनौट तोकिए बमोजिम हुनेछ ।

(४) छनौट समितिले सञ्चालन गर्ने परीक्षा सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) करार शिक्षक छनौटको सम्पूर्ण प्रक्रिया पूरा गरी समितिले नियुक्तिका लागि नगर शिक्षा शाखामा सिफारिस गर्नेछ ।

**२४. प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्था :** (१)सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक,

(ख) शिक्षा, व्यवस्थापन वा शैक्षिक योजना तथा व्यवस्थापन विषयमा कम्तिमा दश वर्ष अध्यापन गरेका प्राध्यापकहरु मध्येबाट नगर शिक्षा समितिको अध्यक्षले तोकेका दुई जना विशेषज्ञ - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(३) सिफारिस समितिले माध्यमिक तहमा स्नाकोत्तर र आधारभूत तहमा स्नातक उपाधि प्राप्त, प्रध्यानाध्यापक हुन इच्छुक शिक्षकहरुमध्येबाट विद्यालय विकास प्रस्ताव र कार्ययोजना माग गर्नेछ । विद्यालय विकास प्रस्ताव र कार्ययोजनाको मूल्याङ्कन, व्यक्तित्व परीक्षण, व्यवस्थापकीय क्षमता परीक्षण,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

नेतृत्व क्षमता परीक्षण समेत मूल्याङ्कनका आधार हुनेछन् ।

(४) मूल्याङ्कन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) अनुसारको समितिले सफल शिक्षकहरुको नाम नगर शिक्षा समितिमा सिफारिस गर्नेछ ।नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले सम्बन्धित वडा अध्यक्ष र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतको रोहबरमा कार्य सम्पादन करार गरी नियुक्ति दिनेछ ।

(६) प्रधानाध्यापकको अवधि पाँच वर्षको हुनेछ । निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(७) प्रध्यानाध्यपकले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा नगर शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिनु पर्नेछ ।

(८) विद्यालयको व्यवस्थापकीय तथा प्राज्ञिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(९) नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई समयानुकूल प्रोत्साहन भत्ता दिन सक्ने छ।प्रोत्साहन भत्ताको नीति र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(१०) संस्थागत विद्यालयको हकमा माध्यमिक तहमा स्नाकोत्तर र आधारभूत तहमा स्नातक गरेको र सम्बन्धित तहको अध्यापन अनुमती पत्र प्राप्त शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रध्यानाध्यापक नियुक्ति गरिनेछ ।

२५.) **शिक्षक तथा कर्मचारीहरुको सरुवा सम्बन्धी व्यवस्थाः** (१) न्यूनतम दुई वर्ष एकै विद्यालयमा अध्यापन गरेको शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा सम्बन्धित विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको सहमति सहित नगरपालिकामा सरुवाको लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनको आधारमा नगर शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।

(२) विशेष अवस्था बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सँगै रही सेवा नर्गा पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

(३) अन्तर स्थानीय तह सरुवा हुन चाहने शिक्षक, कर्मचारीले सरुवाको लागि तोकिएको ढाँचामा सरुवा भई जान चाहेको विद्यालय र सम्बन्धित पालिकाको तथा आफू सेवारत विद्यालय र नगरपालिकाको सरुवा सहमति सहित निवेदन गरेमा नगर शिक्षा समितिले अन्तर स्थानीय तह सरुवा गर्न सक्नेछ ।

(४) कुनै शिक्षकले शारीरिक अस्वस्थता वा पारिवारिक समस्याका कारणले नगर क्षेत्रका पायक पर्ने विद्यालयमा काज सरुवाको लागि निवेदन दिएमा कार्यरत रहेको विद्यालय व्यवस्थापन समितिको सहमतिमा एकपटकमा बढीमा तीन महिनाका लागि नगर शिक्षा समितिले काज सरुवा गर्न सक्नेछ ।

२६.) **दरवन्दी मिलानः** (१) नगर शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलान गर्न सक्नेछ ।

(२) दरबन्दी मिलानका लागि शिक्षक कम भएका विद्यालय, पिछडिएका र ग्रामीण क्षेत्रलाई प्रार्थमकता

दिइनेछ ।

२७. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्था :** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

२८. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१).सामुदायिक बिद्यालयका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी कामका बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पर्ने छैन ।

२९. **कार्य सम्पादन करार सम्झौता गर्नु पर्ने:** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(१) शिक्षा शाखा प्रमुखले सम्बन्धित वडा अध्यक्ष र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रोहवरमा सवै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको रोहबरमा आफ्नो मातहतका सवै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन गरी शिक्षा शाखा प्रमुखले वार्षिक प्रतिवेदन आर्थिक बर्षको अन्त्यमा शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरुको निर्धारण नगर शिक्षा समितिले गर्नेछ ।

(४) शिक्षकको सृजनशीलता, परिवर्तनशीलताको विकास हुने प्रकारका कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

३०. **कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार :** (१) नगर शिक्षा समितिले कार्य सम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङकन गरी कार्य सम्पादनका राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक, कर्मचारीलाई नसिहत गर्न सक्नेछ ।

(२) शिक्षक तथा कर्मचारीको कार्य सम्पादन करारका आधारमा हुने सजाय तथा पुरस्कार सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद ६
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**३१.विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः**

(१) विद्यालयमा विद्यार्थी सङ्ख्याअनुसार कक्षाकोठा, खेलमैदान, कम्पाउण्ड, घेरावार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाईमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधार मापदण्ड तोकिए वमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा बिज्ञान मूल विषय पठन पाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

**३२. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन वमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगर कार्यपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम अन्य सामुदायिक कार्यमा प्रयोग गर्ने व्यवस्था गर्नेछ । तत्काल कुनै कार्यमा प्रयोग हुन नसकी नोक्सान हुने अवस्था भएमा नगर कार्यपालिकाले आवश्यक व्यवस्था गर्नेछ ।

(२) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरूको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ,

(३.) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्स गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

**३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः**

१.)सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको हुनेछ ।

३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहनेछ।

**३४. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

१) बर्दिवास नगरपालिकामा सञ्चालित विद्यालयहरुले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम तथा पाठय पुस्तकको प्रयोग गर्नुपर्ने छ । नगरपालिकाले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) सामुदायिक विद्यालयमा आवश्यक पाठ्यपुस्तकको वितरण तोकिए वमोजिम हुनेछ ।

(३) हरेक विद्यालयमा शैक्षिकस्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्वाध्ययन सामाग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३५. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन** :१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु, बालक्लव तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

(२) बिद्यार्थीलाई श्रम तथा उत्पादनसँग जोड्न विद्यालयले नीति र योजना बनाई आवश्यक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(३) विपद् तथा जोखिम सहजिकरणका लागि तोकिए वमोजिम तालिम तथा सिकाई क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ।

## परिच्छेदः७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**३६. संस्थागत विद्यालयले अनुमति लिनुपर्ने :** संस्थागत विद्यालय सञ्चालन गर्न यो ऐनको दफा ८ वमोजिम अनुमति लिनु पर्नेछ । यो ऐन प्रारम्भ हुँदाको बखत कम्पनिको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएको मानिने छ ।

**३७. संस्थागत विद्यालयको व्यवस्थापन समिति :** (१) संस्थागत विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा देहायको विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानिकर्ताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट कम्तिमा एक जना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदय्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना - यदस्य

(च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ ।

**३८. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने

(घ) नेपाल सरकार र नगरपालिकाले तोके वमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

(ङ) प्रचलित कानुन वमोजिम योग्यता पुगेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(च) शिक्षक तथा कर्मचारीको न्यूनतम तलव, सेवा सुविधा तोक्ने,

(छ) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(ज) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्वन्धित सबै नीति, नियम तथा निर्देशनहरुको पालना गर्ने,

**३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले बिद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तिमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, जेहन्दार, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । सोको जानकारी नगर शिक्षा शाखामा बुझाउनु पर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटका लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधारसहित सार्वजनिक गर्नु पर्नेछ ।

**४०. शिक्षकको न्यूततम पारिश्रमिक** : संस्थागत विद्यालयका शिक्षकहरुको पारिश्रमिक नेपाल सरकारले तोकेको समान तह र श्रेणीको वरावर हुनेछ ।

**४१. अनुगमन तथा मूल्याङ्कन** : संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका र नगर शिक्षा समितिले जुनकुनै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ । प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थगत विद्यालयको दायित्व हुनेछ ।

**४२. अनुमति वा स्वीकृति रद्द गर्ने** : कुनै संस्थागत विद्यालयले प्रचलित कानुन विपरीत कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृत रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफूनो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद : ८
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४३. परीक्षा समिति तथा परीक्षा सञ्चालन** : (१) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा आधारभूत तहको कक्षा ८ को परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको परीक्षा समिति रहनेछ ।

(क) शिक्षा शाखा प्रमुख - अध्यक्ष

(ख) सामुदायिक विद्यालयका शिक्षक/प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले तोकेको कम्तिमा एक जना महिला सहित दुई जना-सदस्य

(ग) संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले तोकेका प्रधानाध्यापक एक जना-सदस्य

(घ) शिक्षा शाखामा कार्यरत कर्मचारी -सदस्य सचिव

(२) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) आधारभूत तहको कक्षा ८ को ग्रेड सिट प्रमाणिकरण शिक्षा शाखा प्रमुखबाट हुनेछ ।

(४) स्थानीय तहको क्षेत्राधिकार बाहिरको वा वाह्य निकायबाट सञ्चालन हुने परीक्षा सञ्चालन गर्ने सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम सहजीकरण र समन्वय गर्नेछ ।

५) आधारभूत तहको परीक्षा सञ्चालन नगर शिक्षा समितिबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ ।

६) अन्य कक्षाको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले सञ्चालन गर्नेछ ।

## परिच्छेद :९
## विद्यालयलाई दिइने अनुदान र शुल्क नियमन



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

४४. **विद्यालय कोष** : प्रत्येक बिद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका रकमहरु रहने छन्
(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट अनुदान,
(ख) शुल्क तथा अभिभावक सहयोगबाट प्राप्त रकम,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४५. **अनुदानको व्यवस्था** : (१) यो ऐन प्रारम्भ हुँदाको बखत दिदै आएको अनुदान रकम कटौती नहुने गरी तोकिएको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती हुन सक्नेछ।
२) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।
३) प्राविधिक तथा व्यवसायिक विद्यालय र मातृभाषामा शिक्षा दिने विद्यालयलाई प्रोत्साहन अनुदान दिन सक्नेछ ।
४६. **बजेट तयार गर्ने** : प्रधानाध्यापकले प्रत्येक वर्षको वैशाख मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई नगर शिक्षा शाखामा पठाउनु पर्नेछ ।
४७. **लेखा व्यवस्थापन** : (१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको हिसाव राख्नु पर्नेछ ।

(२) नियमित कारोबारको लेखा राख्न छुट्टै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

४८. **सामुदायिक विद्यालयको खाता सञ्चालन** : (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंकमार्फत गर्नु पर्नेछ ।
(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ । लेखा हेर्ने कर्मचारी नभएमा व्यवस्थापन समितिले तोकेको शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।
४९. **लेखा परीक्षण तथा सामाजिक परीक्षण** : (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र नगर शिक्षा समितिले तोकेको रजिष्टार्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।
(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको पन्ध्र दिनभित्र नगर शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।
(३) प्रत्येक वर्ष विद्यालयले शैक्षिक शत्र समाप्त भएको चार महिना भित्र वा आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र सामाजिक परीक्षण गरी विद्यालयको आय-व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना अभिभावक भेलाबाट अनुमोदन गरी सार्वजनिक गर्नुपर्नेछ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ ।

**५०. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**: नगर शिक्षा समितिले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५१. शुल्क सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन तर अभिभावकबाट सहयोग लिन बाधा पुयाएको मानिने छैन।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।विद्यालयले विद्यार्थीलाइ कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(३)विद्यालयले भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४)संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगर शिक्षा समितिबाट स्वीकृत भए वमोजिम हुनेछ । यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुबिधाहरुलाई आधार मानिनेछ ।

(५)संस्थागत विद्यालयले लिएको विभिन्न शुल्कबाट नगरपालिकालाई आर्थिक ऐनमा तोके बमोजिम व्यवसाय कर बुझाउनु पर्नेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यर्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्वन्धित विद्यार्थीलाई फिर्ता गराउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवान गर्न सक्नेछ ।

**५२. विद्यालयलाई छुट र सुविधा** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालयको रुपमा सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ ।

२.) उपदफा (१) मा लेखिए बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ,

३.) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १०
## बिविध

**५३. प्राविधिक तथा व्यवसायिक शिक्षाका विषयमा अध्यापन** : नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालय सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, आवश्यक स्रोत पहिचान, परिचालन तथा थप सुविधा प्रदान गर्न सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**५४. निर्देशन दिन सक्ने** : (१) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन** :

(१)नगर शिक्षा समितिबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, कोचिङ बा ट्युसन कक्षा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा, कोचिङ वा ट्युसन कक्षा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**५६. प्रगति बिवरण बुझाउनु पर्ने** : विद्यालयले प्रत्येक वर्ष तोकिए वमोजिमका बिवरण सहितको प्रगति विवरण नगर शिक्षा शाखामा पेस गर्नु पर्नेछ ।

**५७. शिक्षक वा विद्यालयका कर्मचारीले संस्थागत लगानी गर्न नपाउने** : विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारिले कुनै संस्थागत विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

**५८.स्थानीय शिक्षा बिकास कोष** : (१) नगरपालिकामा आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप तथा द्वन्द्व पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक,कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत वा प्रोत्साहित गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपदफा (१) बमोजिमको कोषको खाता सञ्चालन नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतबाट हुनेछ।

**५९. शिक्षकले पाउने बिदा** :विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीले पाउने विदा सङ्घीय कानुनले निर्धारण गरे वमोजिम हुनेछ ।

**६०. संस्थागत विद्यालयका शिक्षकको तालिम** : बर्दिबास नगरपालिकामा सञ्चालित संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई नगरपालिकाले सञ्चालन गर्ने तालिम तथा शैक्षिक कार्यक्रममा सहभागी गराउने नीति तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**६१. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगरपालिकाले बिगो असुल उपर गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएका वा सो कार्य गर्न सहयोग पुर्याएका त्यस्तो व्यक्तिलाई संघीय कानुनले तोकेको अधिकारीले सोही अनुसार सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भांग हुने अन्य कुनै कार्य गरेमा,

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(छ) कानुन विपरीतको अन्य कार्य गरेमा ।

**६२. निलम्बन गर्न सक्ने :** (१) विद्यालयका कुनै शिक्षक वा कर्मचारी उपर सजाय दिन पाउने अधिकारीले सजाय दिनु भन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई निलम्बन गर्न सक्नेछ ।

(२) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा फौजदारी कसुरमा मुद्दाको टुङ्गो नलागेसम्म स्वत: निलम्बन हुनेछ ।

(३) शिक्षक कर्मचारीको सजाय सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६३. पुनरावेदन :** नगर कार्यपालिका वा शिक्षा समितिले गरेको सजायको आदेश उपर तोकिए वमोजिम पुनरावेदन लाग्नेछ ।

**६४. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

**६५. संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम, नियमावली नआाउंदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**६६. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :** संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले साझेदारीमा प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय सञ्चालन गर्न सक्नेछ ।

**६७. बाधा अढ्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अंड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ ।त्यस्तो आदेश जारी भएपछि तत्काल बसेको नगरसभा समक्ष अनुमोदनका लागि पेस गर्नु पर्नेछ ।

**६८. बचाउ :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन,२०५९ अनुसार कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघीय कानुन र प्रदेश कानुनसँग बाझिएको यस ऐन दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन् ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

# बर्दिबास नगरपालिकाको सहकारी ऐन, २०७५

**प्रस्तावना** : सहकारी मूल्य र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको श्रम, सीप र पूँजीलाई एकीकृत रुपमा परिचालन गर्दै नगरवासीहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, स्वायत्त र अनुशासित व्यावसायिक संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्दधन गर्दै स्थानीय अर्थतन्त्रलाई समेत सुदृढ तुल्याउन नेपालको संबिधान बमोजिम सहकारी संस्थाहरूको दर्ता, सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले बर्दिबास नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'बर्दिबास नगरपालिकाको सहकारी ऐन, २०७५' रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'आन्तरिक कार्यविधि' भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ ।

(ख) 'कसुर' भन्नाले दफा ७८ बमोजिमको कसुर सम्झनु पर्छ ।

(ग) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) 'परिवार' भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु भाउजू भाइ, बुहारी र दिदी, बहिनीलाई सम्झनु पर्छ ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) 'बचत' भन्नाले सदस्यले संस्थामा जम्मा गरेको रकम सम्झनु पर्छ ।

(च) 'लेखा सुपरीवेक्षण समिति' भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनु पर्छ ।

(छ) 'विनियम' भन्नाले सम्बन्धित संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनु पर्छ ।

(ज) 'शेयर' भन्नाले संस्थाको शेयर पूँजीको अंश सम्झनु पर्छ ।

(झ) 'सञ्चालक' भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र अन्य पदाधिकारी समेतलाई जनाउँछ ।



बर्दिबास नगरपालिका

(ञ) 'सदस्य' भन्नाले सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ ।

(ट) 'समिति' भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ ।

(ठ) 'सहकारीको मूल्यहरु' भन्नाले सहकारीको अभ्यासमा अबलम्बन गरिने स्व-सहयोगी, स्व-उत्तरदायी, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता गरी छ वटा आधारभूत मूल्यहरुलाई सम्झनु पर्छ । यस शब्दले सहकारीले अवलम्बन गर्नु पर्ने इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व र अरुको हेरचाह गरी अन्य चार नैतिक मूल्यहरुलाई समेत जनाउँछ ।

(ड) 'संस्थाको व्यवसाय' भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यावसायिक क्रियाकलाप सम्झनु पर्छ ।

(ढ) 'सहकारीको सिद्धान्तहरु' भन्नाले स्वेच्छिक तथा खुला सदस्यता; सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण; सदस्यहरुको आर्थिक सहभागीता; स्वायत्तता र स्वतन्त्रता; शिक्षा, तालीम र सूचना; सहकारी-सहकारी बीच सहयोग; र समुदायप्रति चासोलाई सम्झनु पर्छ ।

(ण) 'संस्था' भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(त) 'साधारण सभा' भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ ।

(थ) 'प्राथमिक पूँजी कोष' भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनु पर्छ ।

(द) 'दर्ता गर्ने अधिकारी' भन्नाले दफा ६९ बमोजिमको अधिकारी सम्झनु पर्छ ।

(ध) 'संघ' भन्नाले जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ र प्रदेश सहकारी संघ सम्झनु पर्छ ।

(न) 'तरलता' भन्नाले बचत तथा ऋण सहकारीको बैंक तथा नगद मौज्दात सम्झनु पर्छ ।

(प) 'नगरपालिका' भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठन:** (१) बर्दिबास नगरपालिका भित्र स्थायी ठेगाना भएका वा पेशा वा व्यवसाय गरी बस्ने कम्तीमा तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा वहुउद्देश्यीय संस्था गठन गर्न सक्नेछन् ।

तर बचत तथा ऋणको कारोवार गर्ने गरी संस्था दर्ता गर्न कम्तीमा एक सय जना संस्थापक सदस्यहरुको संलग्नता आवश्यक हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा, महिला, पिछडिएको समुदाय वा कृषकहरुले आफ्नो श्रम, सीप र पूँजीमा आधारित भई सामूहिक व्यवसाय गर्न न्यूनतम पन्ध्र जना भए पनि संस्था गठन गर्न सक्नेछन् ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(३) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षा, स्वास्थ्य, यातायात, शित भण्डार, हाट बजार, प्रशोधन उद्योग, आवाश जस्ता संस्था स्थापना गर्न उपदफा (१) बमोजिम संस्था दर्ताका लागि निवेदकहरुमा संस्था र निकायगत सहभागिता हुन सक्नेछ ।

४. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने** : कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुदैन ।

५.**दर्ताका लागि दरखास्त दिनुपर्नेः** (१) यस ऐन बमोजिम गठन भएका संस्थाले दर्ताको लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) संस्थाको प्रस्तावित विनियम,

(ख) संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु,

(ङ) पेशा वा व्यवसायका आधारमा संस्था दर्ताको लागि पेशा वा व्यवसाय खुल्ने कागजात,

(च) खण्ड (घ) बमोजिम पेश गरिएको नागरिकतामा स्थायी ठेगाना अन्यत्र उल्लेख भएमा नगरपालिका भित्र स्थायी बसोबास गर्ने वा कुनै पेशा वा कारोवार गरी बसेको भए सोको प्रमाणको प्रतिलिपि ।

६. **दर्ता गर्नुपर्नेः** (१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरू छानविन तथा एकीन गरी दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो संस्था दर्ता गरी तोकिएको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित संस्थाको विनियमको कुनै कुरामा परिमार्जन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो परिमार्जन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका बर्दिवास नगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

७. **दर्ता गर्न अस्वीकार गर्न सक्ने** : (१) दफा ५ को उपदफा (२) बमोजिम पेश गरिएका कागजातहरु छानविन गर्दा फरक परेमा वा दफा ६ को उपदफा (२) बमोजिमको सूचना बमोजिम विनियम परिमार्जन गरी ३० दिनभित्र पेश नगरेमा दर्ता गर्ने अधिकारीले संस्था दर्ता गर्न अस्विकार गर्न सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(२) उपदफा (१) बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

८. **सहकारी संस्था संगठित संस्था हुने:** (१) यस ऐन बमोजिम दर्ता भएको संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

९.**सस्थाको कार्यक्षेत्र:** (१) संस्थाको कार्यक्षेत्र बढीमा बर्दिवास नगरपालिकाभर हुन सक्नेछ ।

तर, कार्यक्षेत्रको आधार सदस्य संख्या, सहभागिता, सम्भाव्यता र भौगोलिक सन्निकटतामा आधारित हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुन: निर्धारण गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आवश्यकता अनुसार साधारण सभाको स्वीकृति लिई कार्यक्षेत्र घटाउने गरी विनियम संशोधनका लागि पेश गर्न सक्नेछ ।

१०. **अन्यत्र दर्ता भएको संस्थाको जिम्मेवारी:** (१) अन्यत्र दर्ता भई बर्दिबास नगरपालिका भित्र कार्यक्षेत्र भएका संस्थाहरूले बर्दिवास नगरपालिका भित्रका सदस्यहरु र उनीहरुसँग भएको कारोवारको विवरण नगरपालिकाको कार्यालयमा नियमित रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बर्दिबास नगरपालिका भित्र कार्यक्षेत्र रहेका संस्थाहरुको कार्यालयको निरीक्षण तथा अनुगमन गर्न नगरपालिकाले सक्नेछ ।

(३) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराउने वा उपदफा (२) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा प्रचलित कानुन बमोजिम भएको नपाइएमा त्यस्तो संस्थाका सञ्चालक वा व्यवस्थापकलाई सम्बन्धित निकायमा कारवाहीका लागि लेखि पठाउन सक्नेछ ।

११. **विषयगत आधारमा वर्गीकरण:** (१) संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ,

(क) उत्पादन सहकारी : कृषि (अन्नवाली, तेलहनवाली, मसलावाली, चिया, कफी, उखु, फलफूल, तरकारी, पशुपालन, माछा, मासु, दुध, मह जन्य उत्पादन आदि), जडिबुटी, उद्योग, खानी, उर्जा, बन पैदावार आदि ।

(ख) उपभोक्ता सहकारी : थोक तथा खुद्रा व्यापार, बजार, भण्डारण, ढुवानी, यातायात, सञ्चार, प्रकाशन, विधालय, प्राविधिक शिक्षालय, शिसु स्याहार केन्द्र, बृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, अस्पताल, एम्बुलेन्स, नर्सिङ सेवा, फिजियोथेरापी सेवा, आवाश, होटल, रेष्टुरा, ट्राभल, पार्क तथा उद्यान, सभास्थल, व्यायामशाला, सिँचाइ, विधुत्त वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामाग्री संकलन र बिक्री आदि ।

(ग) वित्तीय सहकारी : बचत तथा ऋणको कारोवार, रकम ट्रान्सफर, विमा आदि ।

(घ) श्रमिक सहकारीः श्रम र सिपमा आधारित श्रमिकहरुको स्वामित्वमा स्थापना भएको संस्था ।

(ङ) बहुउद्देश्यीय सहकारी : दुई वा दुई भन्दा बढी विषयको कारोवार गर्ने संस्था ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएका भए तापनि नगरपालिकाको निर्णय अनुसार अन्य विषयका संस्था दर्ता गर्न सकिने छ ।

१२. **कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः** (१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानुन मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नु पर्ने छैन । तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानुन बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने छन् ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्थाले तोकिए बमोजिम विषयगत संघ वा संस्थाहरुको स्वामित्व रहेको साना किसान विकास बैंक वा सहकारी बैंकसँग मात्र वित्तीय कारोवार गर्न सक्नेछन् ।

तर, यस व्यवस्थाले बचत तथा ऋणको कारोवार गर्ने संस्थाले कुनै अन्य बैंक वा वित्तीय निकायमा खाता खोली रकम राख्न वा कर्जा लिन बाधा पर्ने छैन ।

१३. **दायित्व सीमित हुने :** (१) संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको नाममा 'सहकारी' र नामको अन्त्यमा 'लिमिटेड' भन्ने शब्दको प्रयोग गर्नु पर्नेछ ।

१४.  **सहकारीका मूल्य र सिद्धान्तहरुको पालना गर्नु पर्नेः** सस्थां सञ्चालन गर्दा सहकारीका मूल्य र सिद्धान्तहरुको पालना गर्नु पर्नेछ ।

१५.  **संस्थाको उद्देश्यः** आफ्ना सदस्य र समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्नु सस्थाको मुख्य उद्देश्य हुनेछ ।

१६.  **संस्थाको कार्यः** संस्थाले स्वीकृत विनियम बमोजिमका कार्यहरु गर्नेछ ।

परिच्छेद-३

विनियम तथा आन्तरिक कार्यविधि

१७. **संस्थाको विनियम** : (१) सस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम र नगरपालिकाबाट स्वीकृत मापदण्डको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१८.**संस्थाको आन्तरिक कार्यविधि** :(१) सस्थाले यो ऐन, यस ऐन अन्तगर्त बनेको नियम, मापदण्ड र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि कार्यान्वयनमा आउने छ ।

(३) यो ऐन कार्यान्वयनमा आएको एक वर्ष भित्र देहायका विषयका कार्यविधिहरु कार्यान्वयनमा ल्याइसक्नु पर्नेछ,

(क) आर्थिक प्रशासन सम्बन्धी कार्यविधि

(ख) खरिद व्यवस्था सम्बन्धी कार्यविधि

(ग) कर्मचारी प्रशासन सम्बन्धी कार्यविधि

(घ) बचत तथा ऋण परिचालन कार्यविधि (वित्तीय कारोवार गर्ने संस्थाको लागि मात्र)

१९. **विनियम र आन्तरिक कार्यविधिमा संशोधनः** (१) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट मात्र विनियम र आन्तरिक कार्यविधिहरु स्वीकृत वा संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत वा संशोधन भएको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

परिच्छेद-४

सदस्यता

२०. **संस्थाको सदस्यताः** (१) सोह्र वर्ष उमेर पूरा गरेका देहायका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछ :

(क) संस्थाको शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरू स्वीकार गरेको,

(ग) सोही व्यावसायिक प्रयोजनको अर्को संस्थाको सदस्यता नलिएको,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(घ) बर्दिबास नगरपालिका भित्र स्थायी ठेगाना भएको वा पेशा वा व्यवसाय गरी बसेको,

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तह साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) बचत तथा ऋणको कारोवार गर्ने वाहेक अन्य उद्देश्यले स्थापना भएका संस्थामा सहकारी संघ संस्था वा अन्यत्र बसोबास गर्ने व्यक्तिहरुलाई स्वीकृत विनियम बमोजिम सदस्यता दिन बाधा पर्ने छैन ।

२१. **सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) सस्थाको सदस्यता लिन चाहने व्यक्ति वा निकायले समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम र संस्थाको विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा सम्बन्धित संस्थाको विनियम बमोजिम निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

२२. **सदस्य हुन नपाउनेः** (१) कुनै व्यक्ति वा निकाय नगरपालिका भित्रका एउटै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

(२) सदस्यता दिदा उपदफा (१) बमोजिम अन्य संस्थाको सदस्यता नलिएको भनी कबुलियत गराई मात्र सदस्यता दिन सकिनेछ ।

(३) यस अघि नगरपालिका भित्र एउटै प्रकृतिको एक भन्दा बढी संस्थामा सदस्यता लिएको भए यो ऐन जारी भएको दुई वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्ने गरी आफ्नो कारोवार मिलान गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (३) मा भएको व्यवस्था विपरित एक भन्दा बढी संस्थाको सदस्य भई कारोवार गरेको पाइएमा यस ऐन बमोजिम सजाय हुनेछ ।

२३. **सदस्यताको समाप्तिः** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

(क) सदस्यता छाड्न दिइएको निवेदन समितिले स्वीकृत गरेमा,

(ख) साधारण सभामा बिना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने शर्तहरुको पालना नगरेमा,

(घ) दफा २० बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाको दायित्व फरफारख नगरी सदस्यता छाड्न सक्ने छैन ।

२४.**सुबिधा प्राप्त गर्न नसक्नेः** कुनै सदस्यले सस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समय भित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको पालना नगरेमा समितिको निर्णयले सदस्यको केही वा सबै अधिकार तोकिए बमोजिमको शर्त र समय सीमासम्म निलम्बन गर्न सक्नेछ ।

परिच्छेद-५

साधारण सभा, सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति

२५.**साधारण सभाः** (१) सस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुनेछ ।

(२) संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा

(ख) वार्षिक साधारण सभा

(ग) विशेष साधारण सभा

२६.**प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः-**

(क) हाल सम्मको काम र कारोबारको जानकारी लिने,

(ख) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) समितिको प्रतिवेदन अनुमोदन गर्ने,

(घ) सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधिहरु पारित गर्ने,

(च) समितिले पेश गरेको सूचीबाट लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने,

(छ) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने ।

२७. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः**

(क) कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ङ) समिति र लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(च) विनियम तथा आन्तरिक कार्यविधिहरु स्वीकृत वा संशोधन गर्ने,

(छ) समितिले पेश गरेको सूचीबाट लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने,

(ज) संस्थाको एकीकरण वा विघटन गर्ने,

(झ) संस्थाको संगठन संरचना र कर्मचारी दरबन्दी स्वीकृत गर्ने,

(ञ) बाह्य ऋण तथा अनुदान लिने सम्बन्धमा नीतिगत निर्णय गर्ने,

(ट) समितिको सिफारिश एवं लेखा परीक्षण प्रतिवेदनमा उल्लेखित सुझावका आधारमा कुनै सदस्यको दायित्व मिनाहा गर्ने,

(ठ) पदाधिकारीहरुले पाउने सुबिधा र व्यवस्थापकको पारिश्रमिक स्वीकृत गर्ने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२८.**साधारण सभाको बैठकः** (१) समितिले संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा छ महिना भित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः-

(क) विशेष कारणबश सभा बोलाउनु पर्ने समितिवाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई संस्थाका पच्चिस प्रतिशत सदस्यहरुले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

२९. **विशेष साधारणसभा बोलाउन निर्देशन दिनुपर्नेः** (१) सस्थाको निरीक्षण तथा अनुगमन गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिनु पर्नेछः-

(क) सहकारीको मूल्य र सिद्धान्तको गम्भिर उल्लंघन गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन आदेश प्राप्त भएमा समितिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कारण खोली विशेष साधारण सभाको बैठक बोलाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले पन्ध्र दिन भित्र त्यस्तो संस्थाको साधारण सभा बोलाउनु पर्नेछ ।

(४) संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

(५) उपदफा (४) बमोजिम गणपुरक संख्या नपुगी बैठक स्थगन गर्नुपर्ने अवस्थामा कम्तीमा ७ दिनको म्याद दिई सञ्चालक समितिले अर्को मिति तय गरी साधारण सभा बोलाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बस्ने साधारण सभाको गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एक तिहाई हुनेछ ।

३०. **सञ्चालक समितिः** (१) सस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

तर एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

**स्पष्टिकरणः** संस्थाले स्वीकृत विनियम बमोजिम संस्थाको सदस्य सहभागिताको आधारमा युवा वा कुनै पिछडिएको वर्ग वा समुदायका सदस्यहरुको प्रतिनिधित्व सुनिश्चित गर्न थप केही पदहरु आरक्षण गरी सोही समूहबाट प्रतिनिधित्व गराउन सक्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको पदाधिकारी सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाहेक अर्को कुनै संस्थाको सञ्चालक वा लेखा समितिको पदाधिकारी बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रूपैयाभन्दा कमको कारोवार गर्ने संस्थाको कुनै सञ्चालकले त्यस्तो संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढि कारोवार गर्ने संस्थामा कुनै सञ्चालक  कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को व्यवस्था गर्नु पर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(६) समितिको पदावधि चार वर्षको हुनेछ ।

(७) सञ्चालक समितिमा एक जना अध्यक्ष सहित कम्तीमा ७ र बढीमा १५ जना सञ्चालक रहन सक्नेछन् ।

३१.**समितिको निर्वाचनः** (१) समितिले आफ्नो पदावधि समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएमा बढीमा तीन महिना भित्र समय तोकी समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले बढीमा अर्को तीन महिना भित्र समितिको निर्वाचन गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारी तथा सदस्यहरू एवं व्यवस्थापकको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३२. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र व्यवस्था भए बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीको मूल्य र सिद्धान्तहरुको अनुसरण गरी सस्था सञ्चालन गर्ने, गराउने,

(ख) पदपूर्ति समितिको गठन गर्ने, पदपूर्ति समितिको सिफारिस बमोजिम व्यवस्थापक र अन्य कर्मचारीहरुको नियुक्ति गर्ने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सस्थाको नीति, अल्प कालीन वा दिर्घकालीन रणनितिक योजना, बार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने, स्वीकृत नीति, योजना र वार्षिक बजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(च) संस्थाको तर्फबाट सदस्यता स्वीकार गर्ने तथा सदस्यता खारेज गर्ने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी निर्णय लिने,

(ज) प्रचलित कानुन  र विनियम बमोजिम सम्बन्धित संघ र सहकारी बैंकको सदस्यता लिने, प्रतिनिधित्व गर्ने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि स्वीकृति वा संशोधनका लागि साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कारोबार र व्यवसायिक हित प्रवर्द्धनको काम गर्ने, गराउने,


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ट) नगरपालिका भित्र स्थापना हुने बचत तथा ऋणको कारोवार वाहेक अन्य कारोवार गर्ने संस्थाको सदस्यता लिने, प्रतिनिधित्व गर्ने,

(ठ) स्वीकृत विनियम बमोजिमका अन्य कार्यहरु ।

३३. **सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को सस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को सस्थाको कर्मचारी रहेमा,

तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ङ) निज सोही वा अर्को सस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा,

(च) निज बर्दिबास नगरपालिकाबाट अन्यत्र बसाई सराई गरेमा वा पेशा वा व्यवसाय गरेको आधारमा बर्दिबास नगरपालिकाभित्र बस्दै आएको व्यक्तिको पेशा वा व्यवसाय नरहेमा ,

(छ) निजको मृत्यु भएमा ।

३४. **सञ्चालकलाई पदबाट हटाउन सक्ने:** (१) साधारण सभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ:-

(क) आर्थिक हिनामिना गरी सस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) संस्थाको कारोवारको गोपनियता भङ्ग गरेमा,

(ग) संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुनेगरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेको पाइएमा,

(घ) संस्थाको अहित हुने कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा,

(छ) समितिको बैठकमा बरोबर अनुपस्थित रहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको व्यक्ति दुई कार्यकालसम्म संस्थाको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

३५. **निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुनेः** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा सलंग्न हुनु हुँदैन ।

(२) सञ्चालकले व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुनेगरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारवाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारवाहीबाट संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट असुल उपर वा सोधभर्ना गराइने छ ।

३६. **समितिको विघटनः** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सस्थाले तिर्नुपर्ने दायित्व समय भित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको आदेशको वारम्बार उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा यस ऐन बमोजिम साधारण सभाले नयाँ सञ्चालक समिति गठन गर्नेछ । नयाँ गठन हुने सञ्चालक समितिको पदावधि दफा ३० को उपदफा(६) बमोजिम हुनेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको आदेशको पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषय वस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्र अर्को सञ्चालक समिति गठन हुनेगरी निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्ने छ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

३७. **लेखा सुपरीवेक्षण समितिको गठनः** (१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न  तोकिए बमोजिमको योग्यता पुगेको एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न सक्ने छैन ।

(३) लेखा सुपरीवेक्षण समितिको पदावधि चार वर्षको हुनेछ ।

(४) लेखा सुपरीवेक्षण समितिको गठन वा विघटन वा कुनै पदाधिकारी हटाउने वा रिक्त पदमा पूर्ति गर्ने तरिका यस ऐन बमोजिम सञ्चालक समितिको लागि तोकिएको प्राबधान अनुरुप हुनेछ ।

३८. **लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार** : (१) लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा संस्थाको आन्तरिक लेखापरीक्षण आफै गर्ने वा आन्तरिक लेखापरीक्षक मार्फत गराउने,

(ख) आन्तरिक लेखापरीक्षकको नियुक्ति गर्न सञ्चालक समिति लाई उपयुक्त निर्देशन दिने,

(ग) आन्तरिक लेखा परीक्षकको काममा सहजिकरण र सहयोग पुऱ्याउने,

(घ) सञ्चालक समितिको बैठक, निर्णय, जिम्मेवारी, भूमिका, कार्यशैली, निर्णयहरुको कार्यान्वयन, समिति र व्यवस्थापन वीचको कार्यविभाजन र समन्वय, समिति र कर्मचारी वीचको सम्बन्ध, पदपूर्ति समितिको गठन र क्रियाकलाप, निर्वाचनको कार्यतालिका, कानुनी व्यवस्थाहरुको पालना जस्ता विषयमा समय समयमा सुपरीवेक्षण गरी प्रतिवेदन दिने,

(ङ) नगरपालिकाले दिएको निर्देशनको पालना समिति वा व्यवस्थापनबाट भए नभएको तथ्यहरु प्रतिवेदनमा समावेश गर्ने,

(च) सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने ।

(२) संस्थाको आन्तरिक लेखा परीक्षण वा व्यवस्थापनको सुपरीवेक्षण गर्दा संस्थामा गम्भिर विचलन आउने अवस्था देखिएमा वा सुझावहरु कार्यान्वयन नभएको अवस्थामा लेखा सुपरीवेक्षण समितिले समितिलाई कारण खुलाई विशेष साधारण सभा वोलाउने गरी लिखित निर्देशन दिन सक्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यले संस्थाको दैनिक र आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

(४) सञ्चालक समितिले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनमाथि छलफल गर्दा लेखा समितिका संयोजक र सदस्यहरुलाई बैठकमा छलफलको एजेण्डा सहित आमन्त्रित गर्न सक्नेछ ।

**स्पष्टिकरणः** यस व्यवस्थाले सञ्चालक समितिको बैठक सञ्चालनको व्यवस्थापन वारे सुपरीवेक्षण गर्ने काममा लेखा सुपरीवेक्षण समितिका संयोजक वा सदस्यहरुलाई बैठकमा उपस्थित हुन कसैले रोक लगाउन पाउने छैन ।

(५) सञ्चालक समितिको अध्यक्ष र लेखा सुपरीवेक्षण समितिको संयोजकको वा सञ्चालक समितिको सदस्य र लेखा समितिको सदस्यको मर्यादा समान हुनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

परिच्छेद-६

बचत तथा ऋणको कारोवार व्यवस्थापन

३९. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार :** (१) सस्थाले आफ्ना सदस्यहरूबाट मात्र बचत स्वीकार गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) स्वीकृत विनियम बमोजिम मात्र संस्थाले बचत तथा ऋणको कारोवार गर्न सक्नेछ ।

(३) सेवा शुल्कको सीमा ऋणको एक प्रतिशतभन्दा बढी हुने छैन । ब्याँज र हर्जना शुल्क वाहेक ऋणमा अन्य कुनै शुल्क लगाउन सकिने छैन ।

(४) बचत र ऋणको ब्याजदर बीचको औसत अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले सहकारी उद्योग व्यवसाय वाहेक संस्थाको प्राथमिक पूँजी कोषबाट कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन ।

तर,

(क) संस्थाको दायित्वमा प्रतिकूल असर नहुने गरी संस्थाले स्व प्रयोजनको लागि घर जग्गा खरिद गर्न सक्नेछ ।

(ख) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र बिक्री गरिसक्नु पर्नेछ ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले कुनै अन्य विषय वा प्रकृतिको सहकारी संस्था वा सहकारी बैंक वा संघ वा साना किसान विकास बैंक लिमिटेडको शेयर खरिद गर्न र कारोवार गर्न बाधा पर्ने छैन ।

(७) संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म मात्र वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य वाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको कम्तीमा तीन महिना पूरा नभई ऋण लगानी गर्न सक्ने छैन ।

(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यहरुबाट जम्मा गरिएको बचतको रकम यस ऐन बमोजिम संस्थाका सदस्यहरुलाई एकल वा सामूहिक रुपमा ऋण उपलब्ध गराउन मात्र प्रयोग गर्न सकिनेछ ।

(१०) यो ऐनमा अन्यत्र व्यवस्था भएका वाहेक संस्थाले देहाय बमोजिम कारोवारको अनुपात र शर्तहरुको पालना गर्ने गरी मात्र बचत तथा ऋणको कारोवार गर्नु पर्नेछ :

(क) तरलता व्यवस्थापनका लागि कूल सम्पत्तिको दश प्रतिशत मौज्दात राख्नु पर्ने,



बर्दिबास नगरपालिका

(ख) असल ऋण लगानीको लागि एक प्रतिशत, एक देखि बाह्र महिना भाखा नाघेको ऋणको पैतिस प्रतिशत र एक वर्षभन्दा बढी भाखा नाघेको ऋण रकमको शत प्रतिशत रकम जोखिम कोषमा राख्नु पर्ने,

(ग) कूल सम्पत्तिको पाँच प्रतिशत भन्दा बढी नहुने गरी बाह्य ऋण लिन सक्ने,

(घ) कूल ऋण लगानीको पाँच प्रतिशत भन्दा बढी नहुने गरी खराब कर्जाको सीमा सीमित गर्ने,

(ङ) कूल सम्पत्तिको पाँच प्रतिशत भित्र रहने गरी व्यवस्थापन खर्चको सीमा कायम गर्ने,

(च) कूल सम्पत्तिको पाँच प्रतिशतको सीमा भित्र रहने गरी मात्र आय आर्जन नहुने सम्पत्ति राख्ने,

४०. **सन्दर्भ व्याज दर सम्बन्धी व्यवस्था:** (१) बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्ने सम्बन्धी व्यवस्था संघीय सहकारी ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

४१. **व्यक्तिगत बचतको सीमा:** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## आर्थिक स्रोत परिचालन

४२. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्था:** (१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एउटा सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बिस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

तर, संघ, प्रदेश वा स्थानीय तह वा संघ, प्रदेश वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघ, प्रदेश वा स्थानीय तह वा संघ, प्रदेश वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको निकायको लगानी जतिसुकै भएपनि सञ्चालक समितिमा एक तिहाई भन्दा बढीको प्रतिनिधित्व हुन सक्ने छैन ।

(४) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रूपैयाँ हुनेछ ।

(५) संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(६) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(७) संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

४३. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) सामान्य अवस्थामा कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर, लगानीको प्रकृति अनुसार अचल सम्पत्ति वा विभाजन गर्न नमिल्ने गरी निर्माण गरिएको संरचना वा प्लाण्ट स्थापना गर्ने संस्थाले शेयरको हक हस्तान्तरण गरिदिन सक्ने तर शेयर फिर्ता नहुने व्यवस्था विनियममा गर्न सक्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम निजलाई तोकिएको शर्त बमोजिम फिर्ता गर्नु पर्नेछ ।

(३) सदस्यता त्याग र शेयर रकम फिर्ता सम्बन्धी अन्य व्यवस्था संस्थाको स्वीकृत विनियम बमोजिम हुनेछ ।

४४. **ऋण वा अनुदान लिन सक्नेः** (१) सस्थाले विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न नगरपालिका मार्फत नेपाल सरकारबाट स्वीकृती लिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिए वमोजिमको विवरणहरू सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले नगर कार्यपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव नगर कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतीको लागि सम्बन्धित निकायमा सिफारिश गरी पठाउने छ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकालाई जानकारी गराई नेपाल भित्र काम गर्न स्वीकृति प्राप्त विदेशी संघ संस्थाको कार्यक्रम अन्तर्गतको सहयोग लिई संस्थाले आफ्नो क्षमता अभिवृद्धि तथा सेवा र उत्पादनको गुणस्तर बढाउने काममा उपलब्ध सहयोग उपयोग गर्न सक्नेछ ।

४५. **नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः** (१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय काननू वमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्ने छ ।

(२) दफा (१) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगर कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि सम्बन्धित निकायमा सिफारिश गरि पठाउनु पर्नेछ ।

## परिच्छेद-८

## संस्थाको कोष

४६ **संस्थाको कोषः** (१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(घ) संघ, प्रदेश वा स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ङ) वैदेशिक सहयोग वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यावसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

४७. **जगेडा कोषः** (१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) आर्थिक वर्षको खुद लाभांशको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै सरकारी वा गैह्र सरकारी निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम (दायित्व भए कट्टा गरी),

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

४८. **संरक्षित पूँजी फिर्ता कोषः** (१) सस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

तर, उत्पादन वा सेवा वा खुला बजारमा बिक्री हुने लगानीमा आधारित संस्थामा यो प्राबधान अनिवार्य हुने छैन ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको लगानी, खरिद, बिक्री, बचत, ऋण जस्ता वार्षिक कारोवारका आधारमा सम्बन्धित सदस्यलाई संस्थाको स्वीकृत कार्यविधि बमोजिम उपलव्ध वितरण गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम वितरण नभएको रकम जगेडा कोषमा सार्नु पर्नेछ ।

४९. **सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्थाः** (१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा नियमित रूपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

५०.**अन्य कोष सम्बन्धी व्यबस्थाः** (१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा संघीय कानुनमा व्यवस्था भए बमोजिमका देहायका कोषहरू रहन सक्नेछ :

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) स्थिरीकरण कोष,

(ज) अन्य जोखिम व्यवस्थापन कोष ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन ।

## परिच्छेद-९

## अभिलेख र सूचना

**५१.अभिलेख राख्नु पर्नेः** (१) सस्थाले साधारण सभा, सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका बैठकका निर्णयहरु र कारोवारहरुको अभिलेख अध्यावधिक र सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले काम सम्पन्न भई संस्थामा बुझाईएका निर्वाचनको अभिलेख, वार्षिक लेखापरीक्षण प्रतिवेदनहरु, लेखा सुपरीवेक्षण समितिका प्रतिवेदनहरु, नगरपालिका वा संघले दिएका निर्देशन वा सुझावहरु एवं प्रचलित कानुन बमोजिम सुरक्षित र व्यवस्थित राख्नु पर्ने अभिलेखहरुको प्रभावकारी व्यवस्थापन गर्नु पर्नेछ ।

**५२. विवरण उपलब्ध गराउनु पर्नेः** (१) सस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले चार महिना भित्र नगरपालिकामा पेश गरी सक्नु पर्नेछः-

(क) संस्थाको वासलात, आय व्ययको विवरण तथा लेखापरीक्षण प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(ख) स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको प्रतिवेदन,

(ग) सञ्चालकहरुको नाम तथा बाँकी पदावधि समेटिएको ठेगाना तथा सम्पर्क फोन नम्बर सहितको अध्यावधिक विवरण,

(घ) शेयर सदस्य सख्या र शेयर पूँजीको विवरण,

(ङ) बचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा यस ऐन वा नियम वा नगरपालिकाले तोकेको मापदण्ड बमोजिम कारोवारको अनुपात र अन्य सूचकहरु समावेश भएको संक्षिप्त विवरण,

(च) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिका पदाधिकारी वा व्यवस्थापक वा कर्मचारीले लिएको ऋण र तिर्न बाँकी रहेको रकमको नाम नामेशी विवरण,

(छ) नगरपालिकाले माँग गरेका अन्य विवरणहरु ।

## परिच्छेद -१२

## लेखा र लेखापरीक्षण

५३.**कारोबारको लेखा:** संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरूपमा देखिने गरी संघीय कानुन बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

५४.**लेखापरीक्षण:** (१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्ने छ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभासमक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

५५. **लेखापरीक्षकको नियुक्ति** : (१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

(३) सञ्चालक समितिले कम्तीमा तीन वटा इजाजत प्राप्त लेखापरीक्षकहरुको नाम साधारण सभामा पेश गर्नु पर्नेछ । जसमध्ये कुनै एकलाई साधारण सभाले नियुक्त गर्न सक्नेछ ।

५६.**लेखापरीक्षकमा नियुक्त हुन नसक्ने:** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसुरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसुरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको भनि लिखित रुपमा संस्था समक्ष स्वःघोषणा गर्नु पर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद - १३

## छुट, सुविधा र सहुलियत

५७. **छुट, सुविधा र सहुलियत** : (१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत नगरपालिकाको स्वीकृत नीति, बजेट तथा कार्यक्रम बमोजिम हुनेछ ।

(३) नगरपालिकाले स्वीकृत बजेटको अधिनमा रही नगर सभाबाट स्वीकृत कार्यविधिका आधारमा नगरको आर्थिक विकासमा सहयोग पुग्ने सहकारी संस्थाको विकासका लागि अनुदान, शेयर लगानी तथा सहूलियत ऋण उपलब्ध गराउने जस्ता सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद–१४

## ऋण असुली तथा बाँकी बक्यौता

५८.**ऋण असुल गर्नेः** (१) कुनै सदस्यले सस्थासँग गरको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई अपचलन वा हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित् म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानुन  बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउने छ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

(८) संस्थाको स्वीकृत लघुवित्त नीति बमोजिम विना धितो लगानी गरेको ऋण रकम र सोको ब्याँज तथा हर्जाना वापतको रकम उपदफा (३) बमोजिम असुल उपर गर्न संस्थाले सक्नेछ ।

५९.**कालो सूची सम्बन्धी व्यवस्था:** सस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको सावाँ, व्याज फिर्ता नगर्ने व्यक्तिको नाम सहित कालो  सूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

६०. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था:** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

६१ **बाँकी बक्यौता असुल उपर गर्ने:** कसैले सस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जाय जेथाबाट असुल उपर गराइदिन आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

६२. **रोक्का राख्न लेखी पठाउने:** (१) सस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानुन बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का गरी सोको निस्सा दिनु पर्नेछ तथा स्थानिय तहबाट प्रदान गरिने सेवा सुविधा रोक्का गर्न सकिने छ ।

६३.**अग्राधिकार रहने:** कुनै व्यक्तिले सस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार हुनेछ ।

६४.**कारवाही गर्न वाधा नपर्ने:** सस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानुन बमोजिमको कुनै कसुरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

परिच्छेद- १५

एकीकरण, बिघटन तथा दर्ता खारेज

६५. **एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्था:** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

(४) संस्थाको व्यवस्थापन वा कारोवार सन्तोषजनक नभएको, कारोवारको आकार बृद्धि हुन नसकेको वा सदस्यहरुलाई प्रभावकारी सेवा दिन नसकेको आधारमा नगरपालिकाले कुनै संस्थालाई एउटै उद्देश्यको अर्को संस्थामा वा सहकारी नियमावली २०७५ बमोजिम अलग उद्देश्य भएका संस्थासँग समेत एकीकरण गर्न गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम एकीकरण गर्न गराउन नगरपालिकाले एकीकरण कार्यविधि बनाई कार्यान्वयनमा ल्याउन सक्नेछ ।

६६.**विघटन र दर्ता खारेज:** (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो सस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवदेन दिन सक्नेछ :

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ:-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(घ) सहकारी मूल्य र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

६७. **लिक्वीडेटरको नियुक्तिः** (१) दफा ६६ बमोजिम कुनै सस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटरको नियुक्ति गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

६८. **लिक्वीडेशन पछिको सम्पतिको उपयोगः** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन आएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१६

## दर्ता गर्ने अधिकारी

६९.**दर्ता गर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७०. **काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१७

## निरीक्षण तथा अनुगमन

७१. **निरीक्षण तथा अनुगमन गर्नेः** (१) नगर प्रमुख वा दर्ता गर्ने अधिकारीले सस्थाको जुनसुकै वखत निरीक्षण तथा अनुगमन गर्न, गराउन सक्नेछ ।

(२) नगरपालिकाले आपसी सम्झौता गरी राष्ट्रिय सहकारी महासंघ वा विषयगत सहकारी संघको सहयोग लिई संस्थाहरुको अनुगमनको प्रभावकारी व्यवस्था मिलाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा अनुगमन गराउँदा लाग्ने शुल्क सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ । यस उपदफा बमोजिमको शुल्क नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

तर, नगरपालिकाले संस्थाहरुको निरीक्षण तथा अनुगमनका लागि बजेट वा सहयोग परिचालन गरी निशुल्क वा न्यून शुल्कमा निरीक्षण तथा अनुगमन गराउन सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा दर्ता गर्ने अधिकारी वा निजले खटाएको निरीक्षक वा अधिकार प्राप्त संघ वा अधिकार प्राप्त निकायका कर्मचारीले माग गरेको सबै जानकारी सम्बन्धित संस्थाका सञ्चालक र व्यवस्थापकले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, नगरपालिकाले तोकेको मापदण्ड बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमन गर्दा वा दफा ७२ बमोजिम छानविन गर्दा यस ऐन बमोजिम कारवाही गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले कारवाही गर्नु पर्नेछ ।

(७) निरीक्षण तथा अनुगमन प्रतिवेदनको ढाँचा नगरपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

७२. **छानविन गर्न सक्ने:** (१) कुनै संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा दश प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले उक्त संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समिति र व्यवस्थापकको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रूपमा दिनु पर्नेछ ।

७३. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:** (१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछ:-

(क) सञ्चालनमा रहेका संस्थाहरुको विषयगत विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा समग्र अवस्था,

(ग) संस्थाहरुमा सहकारीको सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिहरुको पालनाको समग्र अवस्था,

(घ) संस्थाका सदस्यहरुले प्राप्त गरेको सेवा सुविधाको समग्र अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको समग्र गुणस्तर,

(च) संस्थालाई नगरपालिका वा अन्य सरकारी वा गैह्र सरकारी निकायबाट दिइएको अनुदान तथा छुट सुविधाको उपयोगको समग्र अवस्था,

(छ) संस्थाहरुमा आन्तरिक नियन्त्रण प्रणालीको समग्र अवस्था,

(ज) संस्थाहरुको कोषहरुको उपयोगको वस्तुस्थिति,

(झ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ञ) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ट) केन्द्रीय ढाँचाको नगरस्तरीय सहकारी संस्थाहरुको तथ्यांक ।

७४. **आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः** संस्थाले संघीय कानुनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरूको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अशं पूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ ।

तर यस व्यवस्थाले संस्थाले स्वीकृत कार्यविधिका आधारमा आफ्ना सदस्यहरुको सानातिना जोखिम व्यवस्थापन सम्बन्धी कोषको उपयोगलाई बाधा पार्ने छैन ।

७५. **स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः** बचत तथा ऋणका विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भए बमोजिम स्थापना गरिने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद -१८
## समस्याग्रस्त संस्थाको व्यवस्थापन

७६. **संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः** यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्न सक्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) सस्थाले पुरा गर्नुपर्ने वित्तीय दायित्व पुरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुनेगरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै सस्थाले सदस्यको बचत रकम फिर्ता गर्न पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा वीस प्रतिशत वा वीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

७७. **व्यवस्थापन समितिको गठनः** (१) दफा ७६ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१९

## कसुर, दण्ड जरिवाना तथा पुनराबेदन

७८.**कसुरगरेको मानिने**: कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुरगरेको मानिनेछ :

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रूपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) लघुवित्त वाहेक तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी ऋण लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाइ लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानी नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरूप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

७९. **सजायः** (१) कसैले दफा ७८ को कसुरगरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क),(ग),(ड) र (थ) को कसुरमा एक बर्षसम्म कैद र एक लाख रूपैंयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसुरमा दुई बर्षसम्म कैद र दुई लाख रूपैंयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसुरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद ,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसुरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछः-

(१) दश लाख रूपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रूपैयाँभन्दा बढी दश करोड रूपैंयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रूपैयाँ भन्दा बढी एक अर्ब रूपैंयासँम्म बिगो भए छ वर्ष देखि आठ वर्षसम्म कैद,


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(६) एक अर्ब रूपैयाँभन्दा बढीजतिसुकै रूपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसुरमा दश बर्षसम्म कैद ।

(२) दफा ७८ को कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुरगर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७८ को कसुर गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८०. **जरिवाना हुनेः** (१) दफा ८६ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण तथा अनुगमन गर्दा वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाचँ लाख रूपैयाँसम्म जरिवाना गर्नेछ :

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) सस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको औसत अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजी कोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढी हुने गरी बचत सकंलन गरेमा,

(छ) शेयर पूँजीको अठाह्र प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई वा सदस्य नभएको व्यक्तिसँग बचत तथा ऋणको कारोवार गरेमा,

(झ) बचत तथा ऋणको कारोवार गर्ने संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ :

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निदर्शेन वा तोकिएको मापदण्डको पालना नगरेमा,



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू आफू खुशी परिवर्तन गरेमा,

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

(४) यो दफाको प्रयोजनका लागि नगरपालिकाले सजाय सम्बन्धी कार्यविधि बनाई सजायलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सक्नेछ ।

८१. **रोक्का राख्ने:** (१) दर्ता गर्ने अधिकारीले सम्बन्धित सस्थालाई दफा ८० बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिश प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

८२. **दोब्बर जरिवाना हुने:** दफा ८० बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा सस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

८३. **अनुसन्धानको लागि लेखी पठाउन सक्ने:** दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसुरगरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

८४. **मुद्दा सम्बन्धी व्यवस्था:** दफा ७९ बमोजिम सजाय हुने कसुरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

८५. **मुद्दा हेर्ने अधिकारी:** दफा ७९ बमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

८६. **उजुरी दिने हद म्याद:** कसैले दफा ८० बमोजिमको सजाय हुने कसुरगरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।

८७. **पुनरावेदन गर्न सक्ने:** (१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ८ बमोजिम सस्था दर्ता खारेज गरेकोमा चित्त नबभ्कनेले सो निर्णय को जानकारी पाएको मितिले पैतिस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर नगरपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुभ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा समक्ष पुनरावेदन गर्न सक्नेछ ।



बर्दिबास नगरपालिका

८८. **असुल उपर गरिने:** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

परिच्छेद-२०

विविध

८९. **मताधिकारको प्रयोग :** (१) कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले गरेको शेयर लगानीको आधारमा संस्थाको सञ्चालक समितिमा बढीमा एक तिहाई सञ्चालक प्रतिनिधित्व रहने व्यवस्था गरी सञ्चालक सदस्यहरुको प्रतिनिधित्व गराउन नगरपालिकाले सक्नेछ ।

(३) संस्थामा गरिएको शेयर लगानीको आधारमा ४९ प्रतिशत सञ्चालकहरु निकायगत रुपमा प्रतिनिधित्वका लागि सुरक्षित राख्न सकिने छ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरो लेखिएको भए तापनि संस्थाको समितिको निर्वाचनमा ५१ प्रतिशत पदहरुमा एक सदस्य एक मतका आधारमा मात्र प्रतिनिधित्व चयन अनिवार्य हुनेछ ।

९०. **कारोवार र संस्थाको नाम समायोजन** : (१) विषयगत संस्थाको नामबाट एकल कारोवार मात्र सञ्चालन गर्न सकिने छ ।

(२) बहुउद्देश्यीय वा कृषि सहकारी संस्थाको नामबाट बचत तथा ऋणको मात्र कारोवार गर्ने संस्थाले कारोवारका आधारमा यो ऐन कार्यान्वयनमा आएको दुई वर्षभित्र संस्थाको नाम परिवर्तन गरी बचत तथा ऋण सहकारी संस्था कायम गर्नु पर्नेछ ।

(३) बहुउद्देश्यीय वा कृषि सहकारीको नामबाट दुइ वा दुई भन्दा बढी प्रकृतिको कारोवार गर्ने संस्थाले बचत तथा ऋणको कारोवारको हरहिसाब छुट्टै राख्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

९१. **सामाजिक परीक्षण :** (१) संस्थाले विनियममा उल्लेखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

९२.**सहकारी शिक्षा र तालिमको व्यवस्था:** (१) नगरपालिकाले विद्यालय तहको पाठ्यक्रममा सहकारी शिक्षाको पाठ्यक्रम समावेश गर्न गराउन सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(२) सहकारी दर्ता हुनु अगि निवेदकहरुले सहकारी सम्बन्धी अनुशिक्षण लिएको प्रमाण पेश गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम निर्वाचित हुने सञ्चालक र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुले आफू निर्वाचित भएको एक महिना भित्र तोकिए बमोजिमको सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिन अनिवार्य हुनेछ ।

(४) उपदफा (२) बमोजिमको अनुशिक्षण तथा उपदफा (३) बमोजिमको तालिम सम्बन्धी व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिमको अनुशिक्षण तथा तालिमको लागि लाग्ने शुल्क नगरपालिकाले तोके बमोजिम हुनेछ ।

९३. **चन्दा, दान दातव्यमा प्रतिवन्ध :** संस्थाको कोषबाट समुदायभित्र कुनै सामाजिक कार्य वा सदस्यहरुको हितका लागि गरिने सामूहिक कार्य वाहेक कसैलाई चन्दा, दान दातव्य दिन हुदैन ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि ‘सामाजिक कार्य’ भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण सरंक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

९४. **अन्तर सहकारी कारोवारः** संस्थाहरूले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

९५. **ठेक्कापट्टा दिन नहुनेः** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिनु हुदैन ।

९६. **सरकारी बाँकी सरह असुल उपर :** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा सेवा सुविधाको दुरूपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम दोषीबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

९७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुनेः** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

तर यस ऐन बमोजिम दर्ता भएको संस्थालाई सहकारी भनि व्यावसायिक इजाजत वा सहूलियत दिने विषयमा कुनै विभेद गर्न पाइने छैन ।

९८. **कम्पनी वा गुठीलाई सहकारी संस्थामा रुपान्तरण** : (१) सर्बसाधारणको हितसँग सम्बन्धित प्रचलित अन्य कानुन बमोजिम गठन गरिएको कुनै गुठी वा निजी उद्योग वा व्यवसाय वा सेवालाई नगरपालिकाको स्वीकृतिमा यस ऐन बमोजिम सहकारीमा रुपान्तरण गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम कम्पनी वा गुठीलाई सहकारी संस्थामा रुपान्तरण गर्दा अवलम्बन गरिने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९९. **सहमति आवश्यक पर्ने :** (१) बर्दिबास नगरपालिका भित्र कार्यक्षेत्र भएको संस्था दर्ता गर्दा वा कार्यक्षेत्र विस्तार गर्दा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सहकारी विभागमा नगरपालिकाको सहमति पेश गर्नु पर्नेछ ।

(२) प्रदेश सहकारी मन्त्रालय वा अधिकार प्राप्त कर्मचारी वा सहकारी विभागले उपदफा (१) बमोजिमको सहमति पेश गरे नगरेको एकीन गरी मात्र संस्था दर्ता वा कार्यक्षेत्रको स्वीकृति दिनु पर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

१००. **कारवाही गर्न वाधा नपर्नेः** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानुन बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

१०१. **सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रचलित कानुन र निर्देशनको पालना** : सस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा नगरपालिकाले जारी गरेको कार्यविधि वा निर्देशन र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ ।

१०२. **सहकारी विकास तथा प्रबर्द्धन समिति** : (१) नगरपालिकाले नगरप्रमुखको संयोजकत्वमा सरोकारवाला एवं विज्ञ समेतको प्रतिनिधित्व गराई एक सहकारी विकास तथा प्रबर्द्धन समितिको गठन गरी सहकारीको प्रबर्द्धन, विकास र नियमन सम्बन्धमा आवश्यक परामर्श लिने व्यवस्था गर्न सक्नेछ ।

(२) सहकारी विकास तथा प्रबर्द्धन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०३. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१०४. **कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमनलाई व्यवस्थित बनाउन नगरपालिकाले नगरपालिकाको स्वीकृतिमा आवश्यक कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

१०५. **बाधा अडकाउ फुकाउने अधिकार** : यो ऐन कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम प्रतिकूल नहुने गरी नगरपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

१०६. **बचाउ** : सहकारी ऐन २०४८ बमोजिम भए गरिएका कामहरु यसै ऐन बमोजिम भए गरिएको मानिने छ ।



बर्दिबास नगरपालिका

अनुसूची १

**सहकारी संस्था दर्ता**

**निवेदन फारम**

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,

बर्दिवास नगरपालिकाको कार्यालय,

बर्दिवास, महोत्तरी

विषय : दर्ता सम्बन्धमा ।

महोदय,

हामी देहायका निवेदकहरू देहाय बमोजिमको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौ ।

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(ज) शेयर पूँजी वापतको रकम :– रु. ....

(झ) प्रवेश शुल्क वापतको रकम :- रु. ..... .

(ञ) संलग्न कागजपत्रहरु : (१) निवेदकहरुको नागरिकताको प्रमाणित प्रतिलिपिहरु, (२) सदस्यहरुको भेला र बैठकका निर्णयहरुको प्रतिलिपि, (३) निवेदकहरुको तोकिए बमोजिमको विवरण, (४) सम्भाव्यत्ता अध्ययन प्रतिवेदन (५) बैंक मौज्दातको विवरण र (६) विनियमको दुई प्रति ।

निवेदक

................======



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**बर्दिबास नगरपालिकाबाट कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धी ऐन,२०७८**

नगरसभाबाट पारित मिति: २०७८।१०।२४

२०७८ सालको ऐनको क्रमाङ्कः

**प्रस्तावनाः** बर्दिबास नगरपालिकाको समग्र विकासका लागि नगरपालिकामा राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,बर्दिबास नगरपालिकाको सभाबाट नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम यो ऐन बनाइएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कानुनको नाम “बर्दिबास नगरपालिकाको कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७८ रहेको छ।

२. यो ऐन बर्दिबास नगरपालिका भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

३. यो ऐन नगरसभाबाट पारित भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) “कम्पनी” भन्नाले प्रचलित नेपाल कानुन बमोजिम संस्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानुन बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

ख) “कर” भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

ग) “कर अधिकृत” भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँदछ।

(घ) “कर एकाई” भन्नाले बर्दिबास नगरपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने नगरपालिकाको शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको स्थानीय सरकार अन्तर्गतको संगठन संरचना सम्झनुपर्छ ।

(ङ) “करदाता” भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा कुनै कारवाही प्रक्रिया सुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) “कर निर्धारण” भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(छ) “गैरकर राजश्व” भन्नाले परिच्छेद १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व सम्झनु पर्छ ।

(ज) “परिवार” भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दिबास नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ञ) “फर्म” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ट) “व्यक्ति” भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ठ) “सभा” भन्नाले बर्दिबास नगरपालिकाको सभा सम्झनु पर्छ ।

(ड) “स्थानीय सरकार” भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने बर्दिबास नगरपालिका सम्झनु पर्छ ।

(ढ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

**३.व्याख्याः** यो कानुनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानुन व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद २

## राजश्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्तः** (१) कर राजश्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछः

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर ।

(छ) पारदर्शी असर नपर्ने गरेर ।

(२) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

## परिच्छेद -३
## कर प्रशासन सम्बन्धी व्यवस्था

**५. कर प्रशासन** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन बर्दिबास नगरपालिकाले गर्नेछ ।

**६. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) स्थानिय सरकारबाट स्वीकृत दरवन्दी अनुसार विभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा स्थानीय सरकारले प्रचलित कानुन बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतकहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**(७) कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस कानुनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परिक्षण तथा अनुसन्धान गर्ने

(घ) कर सङ्कलन गर्ने ।

(ङ) कर तथा गैरकर राजश्व चुवाहट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानुन र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा बर्दिबास नगरपालिकालाई सुझाव दिने ।

(झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने ।

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**८. अधिकार प्रत्यायोजन :**

(१) बर्दिबास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानुन बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरि आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएमा सोही बमोजिम गर्नु पर्नेछ ।

**९. प्रत्यायोजित अधिकार र जिम्मेवारी :**

(१) दफा ८ बमोजिम प्रत्यायोजित गरिएका अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद -४

## कर राजश्व सम्बन्धी व्यवस्था

**१०. सम्पति कर :**(१) बर्दिबास नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको सम्पति कर लगाउने भनी आर्थिक ऐनले तोकेको घर र जग्गामा मूल्याङ्कित रकमको प्रतिशतका दरले सम्पति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमीकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

(३) बर्दिबास नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

(क) घरको बनौट (कच्ची वा पक्की)

(ख) घरजग्गा सँग सडक वा बाटो जोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग मुख्य सडक वा सहायक सडकसँगको दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्याङ्कन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तिमा सात प्रतिशत मर्मत संम्भार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ :

(क) स्थानीय सरकारले तोकेको ईन्जिनियर वा प्राविधिक -संयोजक

(ख) स्थानीय सरकारले तोकेको घर जग्गा सम्बन्धी विज्ञ एक जना– सदस्य

(ग) कर एकाईको प्रमुख – सदस्य सचिव



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(६) घर जग्गा मूल्याङ्कन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक ५(पाँच) वर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा मानिनेछ ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयंम कर निर्धारण गरी आश्विन मसान्त भित्र कर बर्दिबास नगरपालिकामा विवरण पेश गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्ने छ ।

(१२) नावालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

**११. घर वहाल कर :**

(१) बर्दिबास नगरपालिकाले आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा व्यक्तिगत भए घर बहाल आय रकमको ५ प्रतिशत र संस्थागत भए १० प्रतिशतका दरले घर बहाल कर लगाई असुल उपर गर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन,गोदाम,टहरा,छप्पर (सेड) कारखाना र यस्तै पक्कि वा कच्चा संरचना सम्झनु पर्छ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ ।कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ।

(३) घर बहालमा दिदा प्रत्येक घर धनिले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएको भए सोको विवरण सो कार्य भएको मितिले ३५ (पैतिस) दिन भित्र कर एकाईमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागू गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

(८) घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा १० प्रतिशत छुट दिइनेछ ।

(११) गत आर्थिक वर्षको घर बहाल कर चालु आर्थिक वर्षको असोज मसान्त भित्र बुझाएमा जरिवाना लाग्ने छैन, कार्तिक १ गते बाट १०% प्रतिशतले जरिवाना लाग्नेछ र वार्षिक रुपमा १०% प्रतिशतले जरिवाना वृद्धि हुदै जानेछ।

**१२.घर जग्गा रजिष्ट्रेसन शुल्कः** (१) नगरपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर रजिष्ट्रेसन शुल्क समेत उठाउनु पर्नेछ ।यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क रकम मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्कको दुइ प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) नगरपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क बूझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बझाउनु पर्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(५) घर जग्गा रजिष्ट्रेसेन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, घर जग्गा वा घरजग्गा रजिष्ट्रेसन गर्ने कार्यालयबाट असुल उपर गरिनेछ ।

(६) रजिष्ट्रेसन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको १ (एक) प्रतिशत हुनेछ ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरीक भएमा उपदफा (६) बमोजिम लाग्ने शूल्कमा २५ प्रतिशत रकम छुट हुनेछ।

(८) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेसन शुल्क लाग्ने छैन ।

(९) नगरपालिकाले घर जग्गा रजिष्ट्रेसन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूजीगत लाभकर असुल गरी तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

१३. सवारी साधन करः (१) नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ । स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पांग्रे, तीनपांग्रे वा दुई पांग्रे सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ ।

(३) यस दफा बमोजिमको लगाईएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ ।

(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय् वा एकाइमा बुझाउनु पर्नेछ ।

(५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधन धनीले यस दफा बमोजिमको कर दाखिला गर्नु पर्नेछ ।

१४. **भूमिकर (मालपोत):** (१) नगरपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनितिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भिर परिस्थितिमा स्थानीय सरकारले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा गर्न सक्ने छ ।

(५) उपदफा (४) बमोजिक छुट दिन निर्णय भएकोमा सो निर्णय भएको मितिले १५ दिन भित्र त्यसको सूचना नगर सभाको वैठक चलेको भए नगरसभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नुपर्ने छ ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भूमी कर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भुमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिना भित्र कर एकाई वा सम्बन्धीत वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकामा आधार र कारण खोली नगरपालिका भर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भुमिकर बुझाउने म्याद बढाउन सक्नेछ ।सो म्याद भित्र भूमिकर (मालपोत) बुझाएको म्याद भित्र बुझाएको मानिने छ र थप शुल्क लाग्ने छैन ।

**१५. मनोरञ्जन कर :** (१) स्थानीय सरकारले चलचित्र घर, भिडियो घर,सास्कृतिक प्रर्दशन हल कन्सर्टस् जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाइ उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरञ्जन कर मनोरञ्जन स्थलको संचालकले मनोरञ्जनको लागि टिकट बिक्री गर्दाको अवस्थामा असुल गर्नेछ।यसरी असुल भएको मनोरञ्जन कर रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरञ्जन करको २ प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी ९८ प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असुल गरेको मनोरञ्जन करको रकम असुल गरेको महिना भन्दा पछिको महिनाको २५ गतेभित्र कर एकाइमा दाखिला गर्नु पर्नेछ ।

**१६.विज्ञापन कर :** (१) नगरपालिकाले सूचना पाटी ( होर्डिंग वोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्ने छ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउदा अन्त सरकारी बित्त ब्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापनकर समेत उठाउनु पर्नेछ यसरी असुल भएको विज्ञापन कर मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापनकर को २ प्रतिशत रकम नगरपालिकाको संचित कोएमा दाखिला गरी प्रदेशले लगाएको बाकी ९८ प्रतिशत रकम प्रदेश संचित कोषमा दांखिला गर्नुपर्नेछ ।

(३) विज्ञापनकर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असुल उपर गरिने छ।

(४) यस ऐन वमोजिम असुल गरेको विज्ञापन -करको रकम असुल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर एकाइमा दाखिला गनुपर्ने छ।

(५) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कूराका आतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय,नवीकरण नगरेमा लाग्ने शुल्क,सौन्दर्य बिगार्न नहुने कुरा,सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त, किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म ,एजेन्सी ,सस्था वा व्यक्तिले अरु कसैले प्रयोजन गरेको सूचना पाटी (होडिङबोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धीत प्रायोजक बाट असुल-गरी राजश्व एकाइ वा सो एकाइ ले तोकेको बैक खाता मा दाखिला गर्नु पर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी सस्थाका जग्गा वा सम्पती (पोल आदि)मा विज्ञापन सामग्री राखेमा कर उठाउनु अघि कर एकाइले सो निकायसँग समन्वय गरि कर असुल गर्नुपर्नेछ ।

(९) ब्यापारिक वा व्यवसायिक प्रयोजनको लागी राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(१०)नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन।

१७.ब्यवसाय कर : (१) नगरपालिकाले आफनो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पुजीँगत लगानी र आर्थिक कारोबारको आधारमा ब्यवसाय दर्तामा र नवीकरणमा वार्षिक ब्यवसाय कर लगाउन र उठाउन सक्ने छ ।

(२) एकै ब्यक्तिले आफनो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा वढी स्थानमा सञ्चालन गरेक़ोमा ६० दिन भित्र सोको जानकारी कर एकाइ लाइ दिनु पर्नेछ ।

(३) यस दफा बमोजिमको ब्यवसाय कर वार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रिम रुपमा ५ बर्षको कर एकमुष्ट बुझाउन चाहेमा त्यस बापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले उपदफा (३) बमोजिम कर दाखीला नगरेमा यस नगरपालिकाको आर्थिक ऐन वमोजिम जरिवाना लाग्नेछ।

(५) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदनसाथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले ६० दिन भित्र कर एकाईमा जानकारी दिनु पर्नेछ।

(६) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका बिवरण छानविन गरी अन्यथा देखिए यथार्थ बिवरण पेश गर्न ३० दिनको म्याद दिइ करदातालाई सूचना दिन सक्नेछ ।

(७) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजको निवेदन नपरे सम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असुल गरीने छ ।

(८) कुनै करदाताले लाग्ने कर बुझाइ व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

## परिच्छेद-५
## करदाता दर्ता सम्वन्धी व्यवस्था

१८. करदाताको पहिचान तथा दर्ता : (१) व्यवसाय सञ्चालन गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने ब्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा ब्यक्ति वा करदाताको नाममा रहेको सम्पति निजले गरेको कारोवार र कर एकाइलाई कुनै श्रोतबाट प्राप्त सुचना र एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरीनेछ ।

(४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाइ करदाता दर्ता गरी राख्नु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्वर लिएका करदाताले कर सम्वन्धि कारोवार गर्दा सोहि नम्वरको प्रयोग गर्नुपर्नेछ ।

**१९. करदाताको दायित्व:** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने।



बर्दिबास नगरपालिका

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुःल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलव्ध गराउने ।

(छ) कर एकाइलाई आवश्यक सहयोग गर्ने ।

**२०.करदाताको अधिकार** :(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ : -

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानुन बमोजिम कर सम्वन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए वाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ ।

**२१. करदाताको प्रतिनिधित्वः**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको, सदस्य, माथवर व्यक्ति वा निजको कानुन व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले १८ वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंमले गरेको मानिनेछ ।

## परिच्छेद -६

## बिवरण दाखिला सम्बन्धी व्यवस्था :

**२२. विवरण दाखिला गर्न आदेश दिन सक्ने**: (१) यस ऐन बमोजिम ,कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धीत व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ ।



बर्दिबास नगरपालिका

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धीत व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ।

**२३. विवरण सच्याउन सकिने** : यस परिच्छेद वमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा, करदाताले पहिला विवरण दाखिला पेश गर्न सक्नेछ ।

## परिच्छेद -७

## कर दाखिला सम्बन्धी व्यवस्था

**२४. कर दाखिला गर्नुपर्ने** : १) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र कर एकाइमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाइमा दाखिला गर्नु पर्नेछ ।

**२५. कर दाखिलाको निस्सा दिनु पर्ने** :करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद.-८

## कर फिर्ता र समायोजन :

**२६. कर फिर्ता सम्बन्धी व्यवस्था**: (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा वढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता, मारा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

**२७ कर समायोजन सम्बन्धी व्यवस्था**: १) करदाताले दफा (२६) वमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन् गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेकोमा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद ९

## कर परीक्षण र कर निर्धारण

**२६. कर परीक्षण र कर निर्धारण** :१.) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ

(क) खातापाता ,हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा।

(ख) गलत वा झुट्टा कागजात विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गनुपर्ने कारण भएमा ।

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानुन वमोजिम कर छुट वा मिनाहा हुन नसकेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) वमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन वमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वंयम् कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनःकर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ।

**२९. कर निर्धारण सूचना** : (१) यस ऐन वमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम , स्थान, समय सिमा र बैंक खाता नम्बरसमेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सिमा भित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक, दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद -१०

## कर सङ्कलन सम्बन्धी व्यवस्था



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**३०. कर सङ्कलन सम्बन्धी व्यवस्था.**:(१) यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यकारी अधिकृतको पुर्व स्वीकृति लिइ देहायको एक वा एक भन्दा बढि तरिका बमोजिम कर असुल गर्न सक्नेछ:

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले फपाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने, रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा बित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कव्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजाति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**३१. किस्तावन्दीमा कर असूली** : कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचवुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुने छैन ।

## परिच्छेद -११

## जरिवाना शुल्क र व्याज



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**३२. जरिवाना लाग्ने** : यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**३३. व्याज लाग्ने** : यस ऐन वमोजिमः दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

**३४. अभिलेख नराखेमा शुल्क लाग्ने** : यस ऐन बामेजिम अभिलेख राखुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु. १०००।- शुल्क लाग्नेछ ।

**३५. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने** : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००।-शुल्क लाग्नेछ ।

**३६. झुट्टा विवरण दिएमा शुल्क लाग्ने** : यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को १०% प्रतिशत शुल्क लाग्नेछ ।

**३७.व्याज नलाग्ने** : यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पुन: व्याज लाग्ने छैन ।

## परिच्छेद -१२

## पूर्वादिश र प्रशासकीय पुनरावलोकन

**३८. पूर्वादिश माग गर्न सक्ने:**

(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर ,दस्तुर ,शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादिश जारी करदातालाई सो पूर्वादिश उपलब्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा वमोजिम पूर्वादिश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) वमोजिमको पूर्वादिश अदालतको आदेशवाट अन्यथा नभएसम्म कायम रहने छ।

**३९. प्रशासकीय पुनरावलोकन हुन सक्नेः** यस ऐन वमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(क) कर अधिकृतले गरेको कर निर्धारण ,पुन: कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन वमोजिम लाग्ने वा नलाग्ने कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क,व्याज सम्बन्धी निर्णय ।

४०.**प्रशासकीय पुनरावलोकनको प्रक्रिया** : (१) यस ऐन वमोजिमको कर निर्धारणको निर्णयउपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ।

## परिच्छेद -१३

## पुनरावेदन

४१.**उजुरी नलाग्ने** : यस ऐन वमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

४२. **पुनरावेदन दिन सक्ने :**

(१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने बिषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ।

## परिच्छेद -१४

## गैरकर राजश्व

४३. **सेवा शुल्क तथा दस्तुर :** नगरपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुर्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

४४.**पर्यटन शुल्क** : (१) नगरपालिकाले आफै निमार्ण गरेको पर्यटकीय स्थल,पर्यटन् व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ ।पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आफै क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन।

४५. <u>सवारीसाधन पार्किङ्ग शुल्क :</u> नगरपालिकाले निर्माण वा व्यवस्था गरेको सवारीसाधन पार्किङ्ग स्थलमा सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्ने छ तर संघीय सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किङ्ग शुल्क उठाउन सक्ने छैन ।

<u>४६. बहाल विटौरी शुल्क :</u> नगरपालिकाले सार्वजनिक ,स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी ,हाटबजार ,प्रदर्शनिस्थल र ती ठाँउमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

**४७. जडिबुटी, कवाडी र जीवजन्तु शुल्क** : नगरपालिकाले जडिबुटी ,कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ ।

**४८.केवलकार शुल्क :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएका केवलकारमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी सङ्कलन गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम सङ्कलन गरेको शुल्क सङ्कलन गरेको महिना पछिको महिनाको २५ दिन भित्र विवरणसाथ कर एकाइमा दाखिला गर्नुपर्ने छ ।

**४९.डुङ्गा परिवहन (बोट सेवा) शुल्क :**नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन भएका डुङ्गा परिवहन (बोट सेवा ) मा शुल्क लगाई उठाउन सक्नेछ ।

**५०.अन्य शुल्क लगाउन सक्ने** :१) नगरपालिकाले अनुसुची २ मा उल्लिखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन ,२०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र नगरसभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाका पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

**५१.छुट वा मिनाहा :** (१) नगरपालिकाले खास अवस्थामा यस ऐन वमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ।

(३) उपदफा (१) बमेजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको वैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

## परिच्छेद -१५

## <u>समन्वय सम्बन्धी व्यवस्था</u>

५२. **<u>नेपाल सरकारसंग समन्वय</u>.**: (१) नगरपालिकाले संघीय कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफ (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसंग सम्बन्धीत कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्वन्धमा नेपाल सरकारसंग समन्वय गर्न सक्ने छ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुङ्गोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्ने छ ।

(५३**<u>) प्रदेश सरकारसंग समन्वय</u>**: (१) नगरपालिकाले प्रदेश कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैर कर राजश्व असुल उपर गर्न एकद्धार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्धार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानिय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृत संग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(३) नगरपालिकाले संविधानको साझा सूचिमा रहेका विषयसंग सम्बन्धीत कर वा गैर कर राजश्व आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरामा लेखिएको भएता पनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(५४) <u>केन्द्रीय बैंकसंग समन्वयः</u> नगरपालिकाले कर तथा गैरकर राजश्व सङ्कलनका सम्बन्धमा केन्द्रीय बैंक(नेपाल राष्ट्र बैंक) संग समन्वय गरि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(५५) <u>अन्य निकाय कार्यालय र संस्थासंग समन्वयः</u> नगरपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसंग सम्वन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ।

## परिच्छेद – १६

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

(५६) <u>राजश्व सम्बन्धी नया प्रस्तावः</u> नगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालसंग परामर्श गर्नुपर्ने छ ।

(५७) <u>सूचना सर्वजनिक गर्नुपर्नेः</u> (१) यस कानुन बमोजिम स्थानिय सरकारले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्व साधरणको लागि सार्वजनिक गर्नुपर्नेछ ।

(२) स्थानिय सरकारले उपदफा (१) बमोजिमका कर राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी समेत मिलाई स्थानिय सरकारको वेवसाईटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्थानिय सरकारले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकीएको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद १७

## विविध

(५८) <u>विद्युतिय माध्यमको प्रयोग गर्न सक्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारले विद्युतिय माध्यम (अनलाईन)बाट करदातालाई सूचना दिने करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने कर लगायतको तिर्नु बुझाउन पर्ने रकम दाखिला गर्ने एंवम कर वा

त्यस्तो रकम बुझाएको रसिद दिन लगायतका कर सम्बन्धी अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

(५९) <u>ठेक्का लगाउन नपाईनेः</u> स्थानिय सरकारले आफुले गर्नु पर्ने कूनै कर वा राजश्व ठेक्का लगाई उठाउन पाइने छैन ।

(६०) <u>अनुसूचिमा हेरफेरः</u> नगर कार्यपालिकाले यस ऐनको अनुसूचिमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

(६१) <u>कागजातको ढाचाः</u>

१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण ढाचाँ तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानिय सरकारले आदेश वा सूचना जारी गरि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२ )उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधरणको जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पाटी, वेभसाइट र स्थानीय पत्र पत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

६२ )<u>सूचना तामेली रीत पुगेको मानिनेः</u> (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद सूचना वा कगजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धीत व्यत्तिलाई बुझाएको वा दिइएको मानिनेछ ।

क) सम्बन्धीत व्यत्ति लाई नै बुझाएको,

ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

ग) निजको कनुन व्यवसायी वा लेखापाललाई बुझाएको,

घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यत्तिलाई बुझाएको,

ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्रि गरी पठाएको,

२) कर एकाइको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको तामेली गरिएको वा दिइएको कागजातलाई रीतपुर्वक मानिनेछ ।

६३) <u>कागजातको अभिलेख राख्नेः</u> (१) यस ऐन बमोजिम कर बझाउनु पर्ने दायित्व भएको प्रत्यक व्यत्ति वा करदाताले देहाय बमोजिम आवश्यक कागजातहरू सुरक्षित गरि राख्नु पर्ने छ।

क )यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्टयाईं गर्ने सूचना तथा कागजात।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरू ।

ग) खर्च कट्टि गर्नु पर्ने भए सोलाई पुष्ट्याइँ गर्ने कागजात।

२) नगरकार्यपालिकाले लिखित रुपमा सूचना जारी अन्यथा तोकीएकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धीत आय वर्ष समाप्त भएको मितिले कम्तिमा ४ वर्षको अवधी सम्म सुरक्षित राख्नु पर्ने छ।

६४) <u>अदालतलाई भए सरहको अधिकार हुने:</u> यस ऐनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यत्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझने र लिखितमहरु पेश गर्न लगाउने सम्बन्धमा प्रस्तुत नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६५) <u>आदेश वा निर्देशन दिन सक्ने:</u> संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानुन र ऐनको प्राबधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु नगरकार्यपालिकाको कर्तव्य हुनेछ ।

६६) <u>कर अधिकृतको परिचय पत्र:</u> कर एकाइँमा काम गर्ने प्रत्यक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्ने हुन्छ ।

६७<u>) विभागीय कारवाही वा सजाय हुने:</u>

१ )कर अधिकृत वा कर प्रशासनसंग सम्बन्धीत कुनै कर्मचारीले कर तिर्नु बझाउनु पर्ने दायित्व भएको व्यत्ति वा करदातालाई हानी नोक्सानी पुर्याउने करको दायित्व घटीबढी गर्ने समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने कुनै करदातालाई अनुचित फाईदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरुको कसैको निजी स्वार्थ पूर्ती गर्ने उदेश्यले कुनै काम गरेमा वा कानुन बमोजिम गर्नु पर्ने काम समयमा नगरी दु:ख वा हैरानी दिएमा सम्बन्धीत व्यत्तिले स्थानिय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

२) उपदफा १) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धीत सेवा सम्बन्धी कानुन बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारबाही गर्ने र कारबाही गर्न अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

३ )उपदफा २) बमोजिम छानविन गर्दा प्रचलित कानुन बमोजिम अनुचित कार्य गरेको खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

४)उपदफा ३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धीत सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ ।

५ )उपदाफ २) बमोजिम छानविन गर्ने अवधिभर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनेछ ।

६ )उपदफा ३) बमोजिम छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि ३ महिना भन्दा बढी हुनेछैन ।

६८. <u>पुरस्कृत गर्न सक्नेः१.</u>) नगरपालिकाले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानुनले तोकीएको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेको सूचना उपलब्ध गराउने तिन जना कर दातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ।

२.) उपदाफा(१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

६९ )<u>म्याद, हद म्याद नजानेः</u> यस ऐनमा जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हद म्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ।

क )अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थागन भएको अवधि,

ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभए सम्मको अवधि,

७०) <u>निर्देशिका वा दिग्दर्शन म्यानुयल बनाउने अधिकारः</u> यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकार वा सो सरकारले अख्तियारी दिएको अधिकारीले आवश्यक कार्यविधि, निर्देशिका वा दिग्दर्शन बनाउन सक्ने छ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## अनुसुची १

### (दफा १० उपदफा ४ को (घ) सँग सम्बन्धित)

### ह्रास कट्टी गर्ने तरिका

यस ऐन बमोजिम सम्पत्तिको ह्रास कट्टी गर्ने तरिका समान कट्टी तरिका (युनिर्फम चार्ज मेथड) को फिक्स इन्सटालमेन्ट मेथड अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ ।

सुत्रः

ह्रास कट्टी रकम= सम्पत्तीको प्रारम्भिक मुल्य— अनुमानित शेष मुल्य / सम्पत्तीको आयु (वर्ष)

उदाहरणः

कुनै सम्पत्तीको मूल्य सुरुमा १०००००००  छ। यसको आयु २० वर्ष पछि यो सम्पती विक्रि गर्दा २००००० आउछ भने यसको प्रति वर्ष हास कट्टि रकम निम्न अनुसार हुनेछ ।

ह्रास कट्टी रकम= १००००००   २०००००० / २०

=८००००० / २०

=४००००

प्रतिवर्ष रु ४०००० ह्रास कट्टी रकम घटाउन पाईन्छ ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

अनुसूची २

(दफा ५०  को उपदफा १ संग सम्बन्धित)

<u>स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र</u>

१. खानेपानी धारा, पोखरी र घाट

२. बिजुली

३.टेलीफोन

४ .वातावरण फोहोर मैला व्यवस्थापन सरसफाई तथा ढल व्यवस्थापन

५. शोचालय, स्नान गृह

६.सार्वजनिक पार्क

७.हाटबजार

८.पशुबधशाला

९.अतिथी गृह र छात्रावास

१०.अचल सम्पत्ती मुल्याङ्कन शुल्क

११.मर्मत सुधार (आफूले निर्माण गरेको यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मंर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

## संस्कृति तथा  पर्यटन विकास ऐन, २०७९

प्रस्तावना : बर्दिबास नगरभित्र रहेका पर्यटकीय सम्पदाहरुको पहिचान,विकास, विस्तार,प्रचार-प्रसार तथा संरक्षण, प्रवर्धन गरी सामाजिक, सांस्कृतिक, आर्थिक, संस्थागत, वातावरणीय, सूचना प्रविधि सहितको



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

दिगो पर्यटकीय विकास गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न र पर्यटकहरूको सुविधा र हितको निमित्त आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संबिधानको धारा २२१ र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) को अधिकार प्रयोग गरी बर्दिबास नगरपालिकाको नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "संस्कृति तथा पर्यटन विकास ऐन, २०७९" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,: -

(क) "समिति" भन्नाले दफा ३,६ र ८ बमोजिम गठन भएको कार्यकारी समितिलाई सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले बर्दिबास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ग "उप प्रमुख" भन्नाले बर्दिबास नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "पर्यटक" भन्नाले स्वदेशी तथा विदेशी मुलुकबाट भ्रमणका लागि नगर क्षेत्र भित्र आउने नेपाली तथा गैर नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(ङ) "पर्यटन व्यवसाय" भन्नाले पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय, पर्यटकहरूका निमित्त राष्ट्रिय वा अन्तराष्ट्रिय परिवहनका सेवा तथा सुविधा पुर्‍याउने कारोबार, पर्यटकहरूलाई नेपाल भित्र वा नेपाल बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, शहरी वा ग्रामिण क्षेत्रमा गर्ने भ्रमणको व्यवस्था, होटल, लज रेष्टुरेन्ट सेवा, दृश्यावलाकन, पथ प्रर्दशन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, धार्मिक, सांस्कृतिक, खेलकुद, शैक्षिक, स्वास्थ्य, कृषि तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुर्‍याउने र सो वापत स्वदेशी तथा विदेशी मुद्रा आयआर्जन गर्ने प्रकृतिका कारोबार, पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू विक्री गर्ने कारोवार, पर्यटकहरूलाई आर्कषित गर्नका निमित्त पूर्ण वा आंशिकरूपमा साहित्य कला, संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रर्दशनी, आयोजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय मेला, प्रचार, प्रसार अभियान सञ्चालन गर्ने कार्यलाईसमेत सम्झनु पर्छ ।

(च) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियम वा विनियम र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## समिति गठन र व्यवस्थापन


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

**३. समितिको गठन** (१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थितरूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रवन्ध गर्नका लागि एक समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन :-

(क) नगर कार्यपालिकाले तोकेको पर्यटन व्यवसायमा कम्तिमा पनि २० बर्षदेखि कृयाशील ख्यातिप्राप्त पर्यटन व्यवसायी प्रमुख -संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको पर्यटन विषयको विशेषज्ञ -सहसंयोजक

(ग) नगर कार्यपालिकाले तोकेको नगरसभाको सदस्य २ जना -सदस्य

(घ) पर्यटकीय स्रोत सम्पदा सम्बन्धी विषयमा कृयाशील,उद्योग व्यवसायी र पर्यटन व्यवसायी मध्येबाट नगर कार्यपालिकाले तोकेको व्यक्ति ११ जना -सदस्य

(ङ) नगरपालिकाको पर्यटन क्षेत्र हेर्ने अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ अन्य पदाधिकारीहरुको पाँच वर्षको हुनेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विषय विज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसंग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको उद्देश्य** : समितिका उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) नगर क्षेत्र भित्र रहेका प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय स्रोत सम्पदाको पहिचान गरी तिनको उचित संरक्षण र सर्म्बद्धन गर्दै पर्यटनको विकास गर्ने ।

(ख) बर्दिबास नगर क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटकीय वस्तुहरुहरुको विविधीकरण गरी पर्यटन बजारमा ब्राण्डिङ्ग गराउने ।

(ग) बर्दिबास नगरमा मौलिक ब्राण्डको पर्यटन व्यवसायको विकास, विस्तार र प्रर्वद्धनद्वारा स्थानीय उत्पादन उपयोग तथा आय तथा रोजगारीका अवसरहरूको सृजना गर्ने ।

(घ) नगरपालिका क्षेत्रलाई सुरक्षित, भरपर्दो तथा गुणात्मक पर्यटन स्थलका रूपमा विकसित गरी पर्यटन व्यवसायलाई मर्यादित रुपमा सञ्चालन गरी दिगो ब्यवस्थापनमा जोड दिने ।

(ङ) बर्दिबास नगर क्षेत्रमा दीगो पर्यटन विकास गर्न, पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न, पर्यटन व्यवसायमा देखिने नकरात्मक प्रभावलाई न्युनीकरण गर्न आवश्यकतानुसार कार्यमुलक अनुसन्धान गर्ने ।
(च) यस क्षेत्रमा पर्यटन व्यवसायको दीगो विकास एवं विस्तारका लागि आवश्यक सस्थाहरूको स्थापना र संस्थागत विकासमा सहयोग पुऱ्याउने ।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(छ) पर्यटकीय पुर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक तथा साँस्कृतिक श्रोत साधनको उपयोग गर्दा वातावरण सरंक्षण तर्फ उचित ध्यान दिदै स्रोत साधानको दिगो व्यवस्थापनमा जोड दिने ।

**५. समितिको काम कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछः-

(क) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, पर्बद्धन तथा संरक्षण गर्ने सम्बन्धमा पर्यटन पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) पर्यटकहरूका लागि सुविधा वृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भई नगर क्षेत्रलाई एक आर्कषक पर्यटन स्थलका रूपमा विकसित गर्ने ।

(ग) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूका क्रियाकलापहरूमा समन्वय, सहकार्य कायम गर्ने गराउने ।

(घ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कायक्रमहरू कार्यान्वियन गर्ने, गराउने ।

(ङ) पर्यटन व्यवसायका विकास, विस्तार र प्रवर्द्धन गर्नका लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

(च) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई नगर क्षेत्रका धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू तथा मनोरम पाकृतिक सौन्दर्यका दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्पेरित गर्ने ।

(छ) नगर क्षेत्रलाई एक साहसिक तथा आर्कषक पर्यटन केन्द्रका रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायु तथा धार्मिक क्षेत्रमा आधारित मनोरन्जनात्मक तथा साहसिक खेल पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक संस्कृति र परम्परामा प्रतिकुल असर नपर्ने गरी नगरका विभिन्न भागहरूमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकुद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा पबर्द्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलाप सञ्चालनमा वृद्धि गर्न त्यस्ता क्रियाकलापहरु सफल रुपमा सञ्चालन गर्न र निजी क्षेत्रलाईसमेत त्यस्ता क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

(झ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ मन्दिर, गुम्बा पाटीपौवाहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गरी कार्य गर्ने ।

(ञ) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरूको विकासका लागि ग्रामीण पर्यटन स्थलहरूका विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कायक्रमहरू सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई घरबास कार्यक्रम (होम स्टे) का लागि उत्पेरित गर्ने ।



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

बर्दिबास नगरपालिका

(ट) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्दै ग्रामीण भेगका वडाहरुमा ग्रामीण पर्यटन उपकेन्द्र बनाउन आवश्यक कार्य गर्ने ।

(ठ) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा सम्बर्द्धन गरी धार्मिक पर्यटन विकास गर्नका लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आर्कषित हुने गरी सुविधाहरू विस्तार गर्नका साथै यस्ता स्थलहरूलाई अन्तराष्ट्रिय धार्मिक केन्द्रका रूपमा विकसित गर्ने, गराउने ।

(ड) पर्यटन प्रर्वद्धनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमा सांकृतिक एवं पर्यटकीय नगर बीच पर्यटन भगिनी सम्बन्ध स्थापित गर्ने ।

(ढ) छिमेकका अन्य स्थानीय तहहरूसँग समन्वय गरी पारस्परिक लाभमा आन्तरिक पर्यटन सम्बन्धी गतिविधिहरूमा अभिबृद्धि गर्ने ।

(ण) पर्यटन जनचेतनाका लागि विभिन्न तहमा पचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(त) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाई पर्यटकहरूका सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।

(थ) पर्यटन सेवा र सुविधाहरूका गुणस्तर बृद्धि गर्नका लागि पर्यटन व्यवसायीहरूलाई आवश्यकीय आचार संहिता बनाई लागू गर्ने ।

(द) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालीम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुऱ्याउने ।

(ध) पर्यटन व्यवसायको विकास गर्नको लागि नेपाल सरकार र प्रदेश सरकार सँग समन्वय गरी आवश्यक सुझाव तथा परार्मश लिने ।

(न) पर्यटन व्यवसायसँग सम्बन्धित निकायहरूले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्ता गुणात्मक सेवा प्रदान नगर्ने निकायहरूलाई प्रचलित कानुनमा तोकिएको मापदण्ड एवं अनुमति बिना कार्य गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(प) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसँग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।

(फ) स्वदेशी पर्यटकहरूलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटन विकासमा सहयोग पुऱ्याउने ।

(ब) समितिको उद्देश्य प्राप्तिका लागि नेपाल सरकारको स्वीकृति लिई पर्यटन क्षेत्रको विकासको लागि अन्तराष्ट्रिय संघ संस्थाहरूसँग सम्झौता गर्ने ।

(भ) नगर क्षेत्रमा तालतलैया निर्माण, संरक्षण र यसको प्रर्वद्धनमा सहयोग गर्ने

(म) समितिले आवश्यकता भएमा उपसमिति गठन गर्न सक्नेछ ।



बर्दिबास नगरपालिका

(य) पर्यटकको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउन समन्वय गर्ने ।

(र) पर्यटकहरुको लागि स्वास्थ्य सुविधा मिलाउन आवश्यक व्यवस्था मिलाउने ।

(ल) पर्यटकहरुको लागि साइकल मार्ग निर्माण गर्ने ।

(व) सांस्कृतिक ग्राम निर्माण गर्ने र उत्कृष्ट ग्रामहरुलाई थप लगानी गर्ने ।

**६. वडा पर्यटन प्रवर्द्धन समिति गठन गर्न सक्ने** : (१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कायक्रमहरू सुव्यवस्थितरूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रवन्ध गर्नका लागि एक वडा पर्यटन प्रवर्द्धन समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति -अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा सदस्य मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य

(ग) सम्बन्धित वडाको संघसस्था मध्येबाट वडा समितिले तोकेको एक जना-सदस्य

(घ) विषय विज्ञ र पर्यटन व्यवसायी मध्येबाट वडा समितिले तोकेको एक महिला सहित तीन जना -सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव -सदस्य-सचिव

**७ वडा पर्यटन प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः**

(क) आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिने,

(ख) घर बास (होम स्टे भिलेज टुरिजम) कार्यक्रमलाई प्रोत्साहन गर्ने,

(ग) एक गाउँ एक उत्पादनको पहिचान र प्रवर्द्धन गर्ने,

(घ) स्थानीय सस्कृतिको जर्गेना र विकास गर्ने,

(ङ) पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्ने,

(च) नगर पर्यटन प्रवर्द्धन समितिले तोकेका अन्य कार्य गर्ने,

**८ बर्दिबास नगरपालिका होम स्टे संचालन समिति** :

(१) बर्दिबास नगरपालिकाले होम स्टेको माध्यमबाट पर्यटन विकास, पवर्द्धन र सम्वर्द्धन गर्नका लागि देहाय बमोजिमको एक होम स्टे सञ्चालन समिति गठन गर्न सक्नेछ ।

(क) प्रमुखले तोकेको व्यक्ति- अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

(ग) स्वास्थ्य महाशाखा प्रमुख- सदस्य

(घ) कृषि महाशाखा प्रमुख- सदस्य

(ङ) वन, वातावरण हेर्ने महाशाखा प्रमुख - सदस्य

(च) तोकिएको अधिकृत कर्मचारी - सदस्य सचिव

(२) होम स्टे सञ्चालन गर्न व्यक्ति वा समुदायले तोकिएका कागजात सहित नगरपालिकामा निवेदन दिएमा उपदफा (१) बमोजिमको समितिले सामुदायिक तथा निजी होम स्टे सञ्चालन गर्न दिएका निवेदनहरुको अध्ययन गरी तोकिएको मापदण्ड पूरा भए नभएको निरीक्षण गर्नेछ ।

(३) उप दफा (१) बमोजिमको समितिले आफ्नो कामको सम्बन्धमा आवश्यकतानुसार विज्ञहरुको सहयोग लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम निरीक्षणबाट तोकिएको मापदण्ड पूरा भएको निवेदनकर्तालाई नगरले तोकिएको राजश्व लिई दर्ता गर्नेछ र तोकिएको ढाँचामा होम स्टे सञ्चालन प्रमाण पत्र प्रदान गर्नेछ ।

## परिच्छेद - ३

## समितिको बैठक र निर्णय

**९. समितिका बैठक र निर्णय** : (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक पर्ने गरी संयोजकले तोके बमोजिम हुनेछ । तर संयोजकले चाहेमा सो भन्दा अगावै पनि समितिको बैठक बोलाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक तिहाई सदस्यहरूले समितिको बैठक बोलाउनको लागि लिखित रूपमा माग गरेमा तीस दिनभित्र समितिका सदस्य-सचिवले संयोजकको अनुमति लिई समितिको बैठक बोलाउन पर्नेछ ।

(३) समितिका सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाका साथमा बैठकमा छलफल हुने विषयहरूका सूची बैठक बस्नेभन्दा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सहसंयोजकले बैठकको अध्यक्षता गर्नेछ । संयोजक र सहसंयोजक दुवैको अनुपस्थितिमा सदस्यहरु मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कुल सदस्य सख्याका ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिका निर्णय समितिका सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

## परिच्छद -४

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

## विविध

१०. समितिको सिफारिस अनिवार्य हुने :

(१) बर्दिबास नगरमा पर्यटन व्यवसायसँग सम्बन्धित कुनै व्यवसाय सञ्चालन गर्न अनुमतिका निमित्त सम्बन्धित निकायमा निवेदन गरेमा त्यस्ता निकायले अनुमति प्रदान गर्नु अघि समितिको सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकृया नपुर्‍याई व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसाय गर्नेलाई रू. ........ सम्म जरिवाना हुनेछ ।

**११. दण्ड सजाय** (१) यस ऐन वमोजिम सिफारिस नलिई कसैले पर्यटन व्यवसाय सञ्चालन गरेमा वा सो सम्बन्धी कारोवार गरेमा, गर्न खोजेमा वा त्यस्तो व्यवसाय नखोली वा कारोवार बन्द गर्न बाध्य पारेमा निजलाई .......... रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा १० (१) उल्लंघन गर्ने व्यक्तिलाई पहिलो पटक कसुर गरेको भए रू........ सम्म र दोश्रो पटक देखि पटकै पिच्छे रू. ....... सम्म जरिवाना गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गरेको निणर्य चित्त नबुझेमा नगरपालिकाको न्यायिक समिति समक्ष ३५ दिन भित्र उजुर गर्न सक्नेछ ।

**१२ वार्षिक प्रतिवेदन :** (१) समितिको संयोजकले समितिका काम कारवाहीका वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा दुई महिनाभित्र नगर कार्यपालिका समक्ष प्रस्तुत गर्नु पर्नेछ ।
**१३. अधिकार प्रत्यायोजन :** (१) समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्नेछ, यसरी अधिकार प्रत्यायोजन गर्दा लिखितरुपमा दिनुपर्नेछ ।

**१४. बैठक भत्ता :** सदस्यहरूले समितिका बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

**१५. समितिको कार्यालयः** नगरपालिकाले तोकेको स्थानलाई समितिले कार्यालयको रुपमा प्रयोग गर्नेछ ।

**१६.कर्मचारी व्यवस्थापनः** नगरपालिकाले तोकेको कर्मचारीले समितिको काममा आवश्यक पर्ने सहयोग गर्ने छन् ।

**१७. प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. नियम बनाउन सक्ने :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि समितिले आवश्यक नियम बनाउन सक्नेछ ।

**१९. यसै ऐन बमोजिम हुने :** बर्दिबास नगरपालिकाभित्र सम्बन्धित विषयमा यस अघि भए गरेका कामकारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

सम्बत् २०७९ सालको

ऐन संख्या....

## बर्दिबास नगरपालिकाको स्थानीय जनस्वास्थ्य ऐन, २०७९

**प्रस्तावनाः**

स्थानीय बासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम बर्दिबास नगरपालिकाको नगरसभाले यो ऐन तर्जुमा गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनलाई 'बर्दिबास नगरपालिकाको स्थानीय जनस्वास्थ्य ऐन, २०७९' भनिनेछ ।

(ख) नगरसभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन " भन्नाले बर्दिबास नगरपालिकाको जनस्वास्थ्य  ऐन २०७९ लाई सम्झनुपर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले बर्दिबास नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य
संस्थालाई सम्झनु पर्छ ।

(ङ) "निजी" भन्नाले सेवाकोसँग सँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्छ ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्छ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रलाई सम्झनु पर्छ ।

बर्दिबास नगरपालिका

## परिच्छेद : २
## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, नगरघर क्लिनिक,आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्र द्वारा सञ्चालित अस्पताल, नर्सिङ होम , पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला,फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५.स्वास्थ्य सेवा ब्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकारः

(१) नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा
ब्यवस्थापन तथा अनुगमन समितिको गठन गरिनेछ । यस समितिको गठन यस प्रकार हुनेछः

(क) नगर उपप्रमुखः - अध्यक्ष
(ख) स्वास्थ्य तथा सरसफाईक्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुईवर्षमा परिवर्तन हुनेगरी कार्यपालिकाले तोकेको १ जना - सदस्य
(ग) आमा समूह वा सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य
(घ) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुनेगरी कार्यपालिकाले तोकेको १ जना सदस्य
(ङ) निजी स्वास्थ्य संस्थाहरु मध्येबाट १ जना - सदस्य
(च) नगरभित्र रहेका सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरुका प्रमुख मध्येबाट १ जना- सदस्य

(छ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख सदस्य सचिव

(२) स्वास्थ्य सेवा ब्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने।
(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकाकालाई आवश्यक राय प्रदान गर्ने।


* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्नेगराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र,आधारभूत स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी व्यवस्थापन समिति ब्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहनेगरी हरेक संस्थाको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छ ।

(क) सम्वन्धित वडाका वडाध्यक्ष - अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये वडा समितिबाट मनोनित महिला- १ जना सदस्य

(ग) स्वास्थ्य संस्था रहेको वडा भित्रका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट-१ जना सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव- सदस्य

(ङ) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका वा स्वास्थ्य क्षेत्रमा कृयाशील अगुवा मध्येबाट-१ जना सदस्य

(च) सम्बन्धित वडा भित्रको व्यापार तथा व्यवसायी मध्येबाट १ जना सदस्य

(छ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख–सदस्य सचिव

२.स्वास्थ्य संस्था ब्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन:

(क) आफ्नो स्वास्थ्य सस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. बैंक खाता संचालनः हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य केन्द्रः नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा

कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी /आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्नेछ :

(क) जनशक्तिः स्वास्थ्य हे.ई.(Health Inspection) समूहबाट छैठौ तह १ जना, हे.ई.(Health Inspection) समूहबाट चौथो/पाचौ तहबाट ३ जना,कम्युनिटी नर्सिङ्ग/पब्लिक हेल्थ नर्स समूहबाट चौथो /पाचौ तहबाट २ जना आवश्यकता अनुसार स्वास्थ्य सहायक कर्मचारीहरु ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण ।

(३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्नचाहेमा १५ शैया सम्मको सञ्चालन अनुमति जनस्वास्थ्य नियमावली,२०७७ को अधिनमा रही नगरपालिकाले दिन सक्नेछ । बर्दिबास नगरक्षेत्र भित्र सञ्चालनमा रहेको वा सञ्चालन हुने सम्पूर्ण निजी अस्पताल,पोली क्लिनिक,डाईग्नोस्टिक सेन्टर, प्रयोगशाला, फार्मेसी, अकुपंचर,आयुर्वेद तथा बैकल्पिक चिकित्सा,होमियोपैथिक लगाएतका कुनै पनि स्वास्थ्य सम्बन्धी संस्था नगरपालिकाको अनुमति बेगर सञ्चालन गर्न पाईने छैन् ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।
(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।
(४) उपदफा (३) कोआधारमा नगर कार्यपालिकालेल तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।
(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनुपर्नेछ ।
(६) उपदफा (५) बमोजिमकोनिवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमति प्रदान गर्न सक्नेछ ।

१०. **निजी अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः** नगरपालिकाको स्वीकृतीमा सञ्चालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।
(१) जनशक्तिः कम्तीमा १ जना एम.डी (स्नात्तकोत्तर) डाक्टर,कम्तिमा २ जना एमविविएस डाक्टर,कम्तिमा १ जना दन्त विशेषज्ञ (BDS), कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा ४ जना पारामेडिक्स,कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी
(२) भवन तथा कोठाः दर्ताचलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ
(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

११. **पोलिक्लिनिक संचालनको अनुमतिः**
(१) नगर पालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनुपर्नेछ ।
(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुनेस्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

१२. **प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगर पालिकाबाट स्वीकृती लिनुपर्नेछ ।
(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र
(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात
(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र
(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार
(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

१३. **फार्मेसी सञ्चालनको अनुमति**

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्नेस्थान, विक्री
वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिससाथ आवेदन पेश गर्नु पर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिन सक्नेछ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोग शाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको
मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगर पालिकामा सिफारिस गर्नसक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सोको आमजनतालाई जानकारी दिइने ।

(३) फार्मेसीकोहकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत
गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१५. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगर पालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनुपर्नेछ ।

## परिच्छेद : ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापनः** नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन्:

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

१७. अभियानकर्ता⁄ सामुदायिक स्वास्थ्य स्वयं सेविका⁄सामुदायिक स्वास्थ्य कार्यकर्ताको ब्यबस्थाः स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगर पालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) अभियानकर्ता⁄ सामुदायिक स्वास्थ्य स्वयं सेविका⁄सामुदायिक स्वास्थ्य कार्यकता नियुक्तिका लागि २१ वर्षपुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम पुरा गरी सम्बन्धित परिषदमा दर्ता गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुनेगरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगर पालिका समक्ष गर्न सक्नेछ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त

गरेको हुनुपर्नेछ । नगर पालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिलेदेखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ५० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरी बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिनेछ ।

(४) अभियानकर्ता⁄स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

१९. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगर कार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भईआएका स्थायी स्वास्थ्यकर्मीहरु

रहनेछन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगर पालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्नसक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतीर्ण १ जना विज्ञ – सदस्य

(ग) नगर पालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२०. कर्मचारी सरुवाः**



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्नेछ। विशेष परिस्थिति बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन्, यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको,स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिनेछ।

**२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नु पर्नेछ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ। सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

**२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ।

(२) कार्य सम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद : ५
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ।



बर्दिबास नगरपालिका

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

**२५. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्नेछ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरेवमोजिम २०% मा नवढाइकन गर्नुपर्नेछ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्नेछ ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनुपर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६.स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) नगर पालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सोअनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२७.सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन**

(१) नगर पालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदूषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सोसम्वन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९

व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७
## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

### २९. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनुपर्नेछ ।
(२) कसैलाई नसर्नेरोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनुपर्नेछ ।
(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनुपर्नेछ ।

### ३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।
(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

### ३१. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनुपर्नेछ ।
(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाइनेछ
(३) सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ ।
(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्नसक्नेछ ।

### ३२. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका

बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।
(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सबै घर परिवारसम्म वितरण गर्नेछन् ।
(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्नेछ ।
(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नु पर्नेछ ।
(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुन प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ८
## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफरिश लिनुपर्नेछ ।
(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।
(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३४. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ ।
३५. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।
३६. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनुपर्नेछ ।
३७. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।
**३८. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन

लाग्नेछ ।

**३९. नियम बनाउने अधिकार:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४०. संक्रमणकालीन व्यवस्था:** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**४१. बाधा अडकाउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगर पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**४२. बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वत: निस्क्रीय हुनेछ ।

सम्वत् २०७९ साल माघ १८ गते बसेको नगरसभा बैठकले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २० र २१ बमोजिम यो विधेयक पारित गरेकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

.................................

प्रल्हाद कुमार क्षेत्री

नगर सभा अध्यक्ष

मिति: २०७९ । ११ । ०३

बर्दिबास नगरपालिका



* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को पहिलो संसोधन २०७९